आवधिक विकास योजना

२०७९/८०–२०८३/८४

“शिक्षा स्वास्थ्य, कृषि र वातावरण मैत्री पूर्वाधार पहिचान सहित जानकी गाउँपालिकाको मुल आधार”



जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

२०७९



जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

शुभकामना मन्तव्य

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संवैधानिक मर्म बमोजिम हाम्रो शासनसत्ता तीन तहको संरचनामा छ । राज्यशक्तिको बाँडफाँड पनि तीन वटै तहबिच एकल तथा साझा अधिकार क्षेत्रको पनि स्पष्ट उल्लेख भए बमोजिम स्थानीय सरकार जनताको दिन दैनिकीसँग नजिकबाट जोडिएको छ र विकास निर्माणका विषयलाई बढी भन्दा बढी जनता केन्द्रित बनाउने दायित्व स्थानीय सरकारमा रहेको छ । त्यस्तै सङ्घ, प्रदेश र स्थानीय सरकारबीचको अन्तरसम्बन्ध, सहकार्य, सहअस्तित्व एवं समन्वयका आधारमा शासन व्यवस्थाको माध्यमबाट दिगो विकास, सुशासन, समृद्धिको लक्ष्य हासिल गर्न स्थानीय सरकारको विशेष भूमिका छ । एक्काईसौं शताब्दीको विकास आयाम तथा सामाजिक रुपान्तरणका लागि समुदायस्तरको "आवाज, सहभागिता र उत्तरदायित्व" लाई मार्गचित्र बनाउनका लागि स्थानीय सरकार नीति, योजना स्रोत परिचालन तथा बजेट निर्माणमा व्यवस्थित, पूर्ण र गतिशील हुनुपर्ने जरुरी छ । विकास नीति, योजना कार्यान्वयन प्रक्रिया, स्रोत तथा बजेट बिच सामन्जस्यता कायम गर्न सकेमात्र सुखी, समृद्ध, स्वस्थ, स्वच्छ, समानतामा टेकेको विकास पद्धति र सेवा प्रणालीले मात्र राष्ट्रिय, प्रदेश र जानकी गाउँपालिकाको दीर्घकालीन विकास सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न सकिनेछ । त्यस्तै सेवा प्रवाह बढी भन्दा बढी जनमुखि बनाउन र सार्वजनिक वित्त व्यवस्थापनमा अनुशासन कायम गर्न पनि योजनाबद्ध विकासको थालनी अपरिहार्य छ। विगतको प्रयास र अनुभवलाई आत्मसात गर्दै जानकी गाउँपालिकाले आफ्नो विकास प्रतिको जिम्मेवारी, सेवा प्रवाहमा प्रतिवद्धता तथा समाज र पर्यावरणीय स्थितिप्रति प्रतिवद्ध भै आगामी पाँच वर्षको अवधि तथ्यमा आधारित विकास योजना बैंकको निर्माण तथा सफल कार्यान्वयनका लागि आ.व.



जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल ।

२०७९/०८० देखि २०८३/०८४ सम्मको आवधिक योजना तर्जुमा गरेको छ । भर्खरै नवनिर्वाचित जनप्रतिनिधिहरुले आफ्नो कार्यकालको प्रारम्भबाटै यो आवधिक योजना कार्यान्वयन गर्ने अवसर प्राप्त गरेका छौं । विकास आयोजनाको सफल कार्यावन्वयन र खर्च संरचना विचको अन्तर सम्बन्धलाई तादाम्यता राखी बार्षिक विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न यो आवधिक योजना दस्तावेजले मार्ग प्रसस्त गर्ने पूर्ण आशा छ । यो आवधिक योजनाले विशेषतः स्थानीय प्राथमिकता, सङ्घ र प्रदेश विकास योजनालाई समेत ध्यान दिदै स्रोतको उपलब्धता प्रविधिको स्तर तथा सरोकार सबैपक्षको अधिकतम सहभागिता, साझेदारी तथा सहयोग परिचालनमा स्पष्ट कार्यदिशा स्थापित गर्न सफल हुनेछ ।

समग्रमा यो आवधिक योजनाले पाँच वर्षमा जानकी गाउँपालिका बासीहरुको आर्थिक, सामाजिक, वन, वातावरण, भौतिक पूर्वाधार निर्माण र गाउँपालिकाको स्रोत परिचालन, सेवा प्रवाह एवं अन्तर सरकार समन्वय र सहकार्यलाई उन्नत अवस्थामा पुऱ्याउने छ । जानकी गाउँपालिकाको सन्तुलित विकास तिब्र गतिमा हुनेछ।

अन्त्यमा, जानकी गाउँपालिकाको सर्वाङ्गीण विकासको निमित्त आवधिक योजना निर्माणमा आर्थिक सहयोग गर्ने प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी, सक्रिय एवं नेतृत्वदायी भूमिका खेल्ने कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, वडा सदस्यहरु, कर्मचारी, विज्ञ, परामर्शदाता एवं संलग्न सबै संघसंस्था तथा महानुभावहरु प्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

गणेश चौधरी

अध्यक्ष

गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

मन्तव्य

जानकी गाउँपालिकाको समग्र तथा सन्तुलित विकास निर्माण र वातावरणीय व्यवस्थापनका लागि आगामि पाँच वर्षको विकास आयोजनाहरुको संगालोको रपमा तर्जुमा भएको यो आवधिक योजना (२०७९/०८०-२०८३/०८४) ले मार्गचित्रको काम गर्नेछ । गाउँपालिकाको सन्तुलित, व्यवस्थित, नियोजित, समावेशी तथा वातावरणमैत्री विकास र सामाजिक रुपान्तरणमा यो आवधिक योजनाले महत्वपूर्ण आधारशिला तयार गर्नेछ भन्ने मेरो पूर्ण विश्वास छ । जानकी गाउँपालिकामा भर्खरै जननिर्वाचित भएर आएका हामी जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज एवं स्थानीय संघसंस्थाहरुलाई गाउँपालिकाको मूल कार्यक्रम एवं बजेट विनियोजन मित्र रही क्रियाशिल, वित्तिय अनुशासन, जनताप्रति उत्तरदायी बनाउने कुरामा निर्देशित गर्नेछ। स्थानीय सरकारले जनताको नजिकको सरकारको भूमिका निर्वाह गर्न आवश्यक पर्ने नीतिगत विकास योजना, स्रोत, जनसहभागिता तथा विकासको प्रतिवद्धतामा सबैको समान अवसर प्रदान गर्दै पिछडिएका, पछि पारेका तथा विपन्न समुदायलाई समेत विकासको मूल प्रवाहमा ल्याउन आवधिक योजना पूर्णतः सफल हुने अपेक्षा गर्दछु।

अन्तमा, जानकी गाउँपालिकाको आवधिक विकास योजना (२०७९/०८०-२०८३/०८४) तर्जुमामा आ-आफ्नो तह र तप्काबाट सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष, कार्यपालिका सदस्यहरु, कर्मचारी, विज्ञ परामर्शदाता संस्था, आर्थिक सहयोग गर्ने प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी, लगायत सबैप्रति आभार प्रकट गर्दछु ।

लालमति देवी कठरिया
उपाध्यक्ष

हार्दिक कृतज्ञता

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाइ जनमुखि सेवा तथा विकास निर्माण प्रति जवाफदेहि र उत्तरदायी भै दीगो तथा वातावरण मैत्री विकास र सामाजिक रुपान्तरणमा कृयाशील हुने स्पष्ट दिशा निर्देश गरेको छ। गाँउपालिका स्तरीय विकास निर्माण तथा जनसेवालाई सन्तुलित, व्यवस्थित एवं नतिजामुखि बनाउन संघीय र प्रदेश सरकारसँग सहकार्यको जगमा स्थानीय तहको स्रोत क्षमता, आवश्यकतालाई समय सिमा भित्र लक्ष्य हाँसिल गर्न आवधिक विकास योजनाको महत्वपूर्ण भूमिका हुने विश्वव्यापी मान्यता अनुरुप जानकी गाँउपालिकाले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम यो आवधिक विकास योजना (२०७९/०८० देखि २०८३/०८४) तर्जुमा गर्ने अवसर क्युव इन्फो कम्पनी प्रा. लि., विशालनगर काठमाण्डौंलाइ दिइ कार्य सम्मादन गर्न पाएकोमा, यस कार्यका लागि आर्थिक सहयोग गर्ने प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटीलाइ क्युव इन्फो कम्पनी प्रा. लि.हार्दिक आभार प्रकट गर्दछ। जानकी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत कर्मचारीहरुले आवधिक योजना तर्जुमा अवधिमा गर्नुभएको सहयोग, सद्भाव तथा सहकार्यका लागि क्युव इन्फो कम्पनी प्रा. लि. हार्दिक कृतज्ञ छ।

आवधिक विकास योजना तर्जुमा कार्यमा संलग्न विज्ञ तथा कर्मचारीहरुको अथक खटाई तथा मेहेनतको उच्च कदर गर्दै क्युव इन्फो कम्पनी प्रा. लि. हार्दिक कृतज्ञता प्रकट गर्दछ।

अन्तमा, निकै मेहेनतका साथ तयार गरिएको जानकी गाउँपालिकाको् यो आवधिक विकास योजना (२०७९/०८० देखि २०८३/०८४)को पूर्ण कार्यान्वयन भै गाउँपालिकावासीको जीवनस्तर माथि उठाउने पहलकदमीमा यसले उपयोगी दस्तावेजको भूमिका पुरा गर्ने छ भन्ने शुभकामना समेत व्यक्त गर्दछ।

क्युव इन्फो कम्पनी प्रा. लि.

विशालनगर काठमाण्डौं

२०७९

परिच्छेद १: परिचय **१**
१.१ पृष्ठभूमि १
१.२ आवधिक योजनाको उद्देश्य २
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया २
परिच्छेद २: जानकी गाउ¤पालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा **६**
२.१ गाउ¤पालिकाको परिचय ६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ६
२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ८
२.१.३ जनसांख्यिक अवस्था १०
२.२ आर्थिक विकास अवस्था १२
२.२.१ कृषि तथा खाद्य सुरक्षा १२
२.२.२ पर्यटन तथा संस्कृति १३
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति १४
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा १७
२.२.५ सहकारी २२
२.३ सामाजिक विकासको अवस्था २५
२.३.१ स्वास्थ्य तथा पोषण २५
२.३.२ शैक्षिक विकास २७
२.३.३ खानेपानी तथा सरसफाइ ३४
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ३६
२.४ पुर्वाधार तथा शहरी विकासको अवस्था ३७
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ३७
२.४.२ सडक, पुल तथा यातायात ३८
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ४१
२.४.४ सुचना, सञ्चार तथा प्रविधि ४३
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ४३
२.५.१ वन तथा जैविक विविधता ४३
२.५.२ भु-संरक्षण तथा जलाधार व्यवस्थापन ४६
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ४७
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ५१

२.६ सुशासन तथा संस्थागत व्यवस्था ५२
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ५२
२.६.२ संगठनात्मक विकास ५३
२.६.३ स्रोत परिचालन ५८
२.६.४ योजना व्यवस्थापन ५९
परिछेद ३: सोच तथा विकासको अवधारणा ६१
३.१ पृष्ठभूमि ६१
३.२ प्रमूख समस्या तथा चुनौती ६१
३.३ प्रमूख सम्भावना तथा अवसर ६४
३.४ निर्देशक सिद्धान्त ६६
३.५ सोच, लक्ष्य तथा उद्देश्य ६६
३.६ परिमाणात्मक लक्ष्य ६८
३.७ रणनीति तथा प्राथमिकता ७३
३.८ लगानी, खर्च बा□डफा□ड ७६
परिच्छेद ४: आर्थिक क्षेत्र ८४
४.१ कृषि तथा पशूपन्छी ८४
४.१.१ पृष्ठभूमि ८४
४.१.२ समस्या तथा चुनौती ८४
४.१.३ संभावना तथा अवसर ८५
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८५
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९७
४.१.६ अनुमान तथा जोखिम पक्ष ९८
४.२ सिंचाई ९८
४.२.१ पृष्ठभूमि ९८
४.२.२ समस्या तथा चुनौती ९९
४.२.३ सम्भावना तथा अवसर ९९
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९९
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०५
४.२.६ अनुमान तथा जोखिम पक्ष १०६
४.३ पर्यटन, संस्कृति तथा सम्पदा १०६
४.३.१ पृष्ठभूमि १०६

४.३.२ समस्या तथा चुनौती १०७
४.३.३ सम्भावना तथा अवसर १०७
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०८
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११६
४.३.६ अनुमान तथा जोखिम पक्ष ११७
४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ११७
४.४.१ पृष्ठभूमि ११७
४.४.२ समस्या तथा चुनौती ११८
४.४.३ संभावना तथा अवसर ११८
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११८
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२५
४.४.६ अनुमान तथा जोखिम पक्ष १२६
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा १२७
४.५.१ पृष्ठभूमि १२७
४.५.२ समस्या तथा चुनौती १२७
४.५.३ संभावना तथा अवसर १२७
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२८
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३२
४.५.६ अनुमान तथा जोखिम पक्ष १३२
परिच्छेद ५: सामाजिक क्षेत्र १४७
५.१ स्वास्थ्य तथा पोषण १४७
५.१.१ पृष्ठभूमि १४७
५.१.२ समस्या तथा चुनौती १४७
५.१.३ संभावना तथा अवसर १४७
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४८
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५७
५.१.६ अनुमान तथा जोखिम पक्ष १५८
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन १५९
५.२.१ पृष्ठभूमि १५९
५.२.२ समस्या तथा चुनौती १५९
५.२.३ संभावना तथा अवसर १५९
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६०

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १६८
५.२.६ अनुमान तथा जोखिम पक्ष १६९
५.३ खानेपानी तथा सरसफाइ १६९
५.३.१ पृष्ठभूमि १६९
५.३.२ समस्या तथा चुनौती १७०
५.३.४ संभावना तथा अवसर १७०
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १७०
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १७७
५.३.६ अनुमान तथा जोखिम पक्ष १७९
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग १७९
५.४.१ पृष्ठभूमि १७९
५.४.२ समस्या तथा चुनौती १७९
५.४.३ संभावना तथा अवसर १८०
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १८०
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १८९
५.४.६ अनुमान तथा जोखिम पक्ष १९१
५.५ यूवा तथा खेलकुद १९२
५.५.१ पृष्ठभूमि १९२
५.५.२ समस्या तथा चुनौती १९२
५.५.३ संभावना तथा अवसर १९२
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १९३
५.५.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका १९९
५.५.६ अनुमान तथा जोखिम पक्ष २००
परिच्छेद ६: पूर्वाधार क्षेत्र २१६
६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण २१६
६.१.१ पृष्ठभूमि २१६
६.१.२ समस्या तथा चुनौती २१६
६.१.३ संभावना तथा अवसर २१६
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २१७
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २२२
६.१.६ अनुमान तथा जोखिम पक्ष २२३
६.२ सडक, पुल तथा यातायात २२३

६.२.१ पृष्ठभूमि २२३
६.२.२ समस्या तथा चुनौती २२४
६.२.३ संभावना तथा अवसर २२४
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २२४
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २४४
६.२.६ अनुमान तथा जोखिम पक्ष २४६
६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा २४६
६.३.१ पृष्ठभूमि २४६
६.३.२ समस्या तथा चुनौती २४६
६.३.३ संभावना तथा अवसर २४७
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २४७
६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २५२
६.३.६ अनुमान तथा जोखिम पक्ष २५२
६.४ सूचना, सञ्चार तथा प्रविधि २५३
६.४.१ पृष्ठभूमि २५३
६.४.२ समस्या तथा चुनौती २५३
६.४.३ संभावना तथा अवसर २५३
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २५४
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २५७
६.४.६ अनुमान तथा जोखिम पक्ष २५९
परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र २६८
७.१ वन तथा जैविक विविधता २६८
७.१.१ पृष्ठभूमि २६८
७.१.२ समस्या तथा चुनौति २६८
७.१.३ संभावना तथा अवसर २६९
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २६९
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २७४
७.१.६ अनुमान तथा जोखिम पक्ष २७४
७.२ भु-संरक्षण तथा जलाधार व्यवस्थापन २७६
७.२.१ पृष्ठभूमि २७६
७.२.२ समस्या तथा चुनौती २७६
७.२.३ संभावना तथा अवसर २७६

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २७७
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २८०
७.२.६ अनुमान तथा जोखिम पक्ष २८०
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन २८१
७.३.१ पृष्ठभूमि २८१
७.३.२ समस्या तथा चुनौती २८१
७.३.३ संभावना तथा अवसर २८१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २८२
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २९१
७.३.६ अनुमान तथा जोखिम पक्ष २९२
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता २९३
७.४.१ पृष्ठभूमि २९३
७.४.२ समस्या तथा चुनौती २९३
७.४.३ संभावना तथा अवसर २९३
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २९४
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ३००
७.४.६ अनुमान तथा जोखिम पक्ष ३००
परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ३११
८.१ संस्थागत विकास तथा सुशासन ३११
८.१.१ पृष्ठभूमि ३११
८.१.२ समस्या तथा चुनौती ३११
८.१.३ संभावना तथा अवसर ३१२
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ३१२
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ३१९
८.१.६ अनुमान तथा जोखिम पक्ष ३२२
परिच्छेद ९: कार्यान्वयन व्यवस्था ३२७
९.१ पृष्ठभूमि ३२७
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ३२७
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ३३२
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ३३६
९.५ स्रोत परिचालन रणनीति ३३७

९.६ आवधिक योजना कार्यान्वयन ३३८
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ३३८
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ३४१
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ३४१
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ३४१
सन्दर्भ सामाग्री ३४४
अनुसूचि १: गाउ□पालिकाको प्रस्तावित दरवन्दी ३४६
अनूसुची २: जानकी गाउ□पालिकाका गौरवका योजना तथा स्याटेलाइट बजार केन्द्रहरू ३४७
अनुसूचि-३:निर्देशक समिति तथा बिषयगत समितिहरुको विवरण ३५०
अनुसूचि-४:आवधिक योजना तर्जूमा कार्याशाला गोष्ठिका वैठका निर्णयहरु ३५३
अनुसूचि-५:आवधिक योजना तर्जूमा कार्याशाला गोष्ठिका झलकहरु ३५४

चित्र सुची **पृष्ठ**

चित्र १: आवधिक योजना तर्जूमा प्रक्रिया ४

चित्र २: जानकी गाउपालिकाको अवस्थिति ७

चित्र ३: वडा कार्यालयहरुको अवस्थिति ८

चित्र ४: वर्तमान भु-उपयोग १०

चित्र ५: शैक्षिक संस्थाको अवस्थिति २९

चित्र ६: सडक संजालको अवस्था ३८

चित्र ७: गाउपालिकामा जलस्रोतको विद्यमान अवस्था ४७

चित्र ८: गाउपालिकाको सांगठनिक स्थिति ५७

चित्र ९: गाउपालिकाको योजना व्यवस्थापन ५९

चित्र १०: खर्चको अनूमान तथा क्षेत्रगत अनूपात विवरण ८२

चित्र ११: पर्यटन, सांस्कृति तथा सम्पदाहरुको अवस्थिति १०७

चित्र १२: गाउपालिकाको सांगठनिक संरचना ३२८

तालिका सूची **पृष्ठ**

तालिका १: गाउपालिकाको वडागत क्षेत्रफल ७

तालिका २: गाउपालिकाको भु-उपयोग ९

तालिका ३: वडागत जनसङ्ख्या विवरण ११

तालिका ४: गाउपालिकाका मुख्य बस्तीहरु ११

तालिका ५: कृषियोग्य जमीनको प्रकार र क्षेत्रफल १२

तालिका ६: कृषि उत्पादनको विवरण १३

तालिका ७: फलफूल तथा नगद बाली उत्पादन १३

तालिका ८: पर्यटन व्यवसाय सम्बन्धी विवरण १४

तालिका ९: उद्योग, व्यापार, व्यवसाय तथा खपत विवरण १४

तालिका १०: उद्यम तथा व्यवसायिक फर्मको वडागत विवरण १५

तालिका ११: आयात निर्यात विवरणको अवस्था १६
तालिका १२: सरदर वार्षिक पारिवारिक आम्दानीको विवरण १७
तालिका १३: पशुपालन कार्यमा संलग्न घरपरिवारसम्बन्धी वडागत विवरण १८
तालिका १४: बैंक तथा वित्तीय संस्थासम्बन्धी विवरण १९
तालिका २१: स्वास्थ्य संस्था तथा सेवाको विवरण २६
तालिका २१: अन्य स्वास्था सेवा सम्बन्धी विवरण २६
तालिका २४: विद्यालयमा तहगत विद्यार्थी भर्ना विवरण २८
तालिका २५: विद्यालयको भौतिक पुर्वाधारको अवस्था ३०
तालिका २६: शिक्षक विवरण ३०
तालिका २७: विद्यार्थी भर्ना दर उपलब्धी तथा विद्यालय बाहिर रहेका विद्यार्थी सङ्ख्या विवरण ३१
तालिका २८: छात्रवृति तथा लक्षित सूविधाको विवरण ३२
तालिका ३०: खानेपानी स्रोतको आधारमा घरपरिवारको विवरण ३४
तालिका ३०: खानेपानी आयोजनाको विवरण ३५
तालिका ३१: लैगिंकताका आधारमा घरपरिवार सङ्ख्या ३६
तालिका ३२: खेलाडी सम्बन्धि विवरण ३६
तालिका ३३: बस्तीको वडागत विवरण ३७
तालिका ३४: सार्वजनिक तथा सामूदायिक भवन ३७
तालिका ३५: पुल पुलेसा सम्बन्धी विवरण ३९
तालिका ३६: खाना पकाउने इन्धन स्रोतको विवरण ४१
तालिका ३७: बत्ती बाल्ने स्रोतको विवरण ४२
तालिका ३८: आधुनिक सुविधामा पहुच्चको विवरण ४२
तालिका ३९: हुलाक, पत्रपत्रिका, दूरसञ्चार र रेडियो स्टेशनसम्बन्धी विवरण ४३
तालिका ४०: सामुदायिक वनको विवरण ४४
तालिका ४१: जैविक विविधताको विवरण ४५
तालिका ४२: जलस्रोत सम्बन्धी विवरण ४६

तालिका ४३: विपदको प्रभाव ४७

तालिका ४४: जोखिमयुक्त घर परिवारको विवरण ४८

तालिका ४५: विपदबाट भएको भौतिक क्षतिको विवरण ५०

तालिका ४७: गाउपालिकाका विषयगत शाखा तथा मानव संसाधन विवरण ५३

तालिका ४८: गाउपालिकाको आय व्ययको स्रोत परिचालन विवरण ५८

तालिका ४९: अचल सम्पत्ति सम्बन्धि विवरण ५८

तालिका ५०: अवसर तथा विकासको मार्ग चित्र सबल पक्ष, निर्बल पक्ष, अवसर तथा चूनौति ६४

तालिका ५१: आवधिक विकास योजनाका परिमाणात्मक लक्ष्य ६८

तालिका ५२: बजेटको स्रोत अनुसार प्रक्षेपण ७८

तालिका ५३: आवधिक योजनाको बहुक्षेत्रगत अनुमानित लगानी (आ.व. २०७८/०७९ को मुल्यमा) ८१

तालिका ५४: उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८५

तालिका ५५: वडास्तरीय आयोजना तथा प्राथमिकिकरण ८८

तालिका ५६: उदेश्य, र०ानीति, कार्यक्रम तथा आयोजना ९९

तालिका ५७: वडागत विकासका आयोजनाहरू १०१

तालिका ५८: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०८

तालिका ५९: वडागत विकासका आयोजनाहरू ११०

तालिका ६०: उद्देश्य रणनीति, कार्यक्रम तथा आयोजना ११८

तालिका ६१: वडागत विकासका आयोजनाहरू १२३

तालिका ६२: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२८

तालिका ६३: वडागत विकासका आयोजनाहरू १३०

तालिका ६४: कार्यक्रम तथा आयोजनाको विवरण खाका १३३

तालिका ६५: कार्यक्रम तथा आयोजनाको सांकेतिकिरण खाका १३७

तालिका ६६: नतिजा खाका १३८

तालिका ६७: उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४८

तालिका ६८: वडागत विकासका आयोजनाहरू १५२
तालिका ६९: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६०
तालिका ७०: वडागत गाउपालिकाका विकास आयोजनाहरू १६४
तालिका ७१: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १७०
तालिका ७२: वडागत विकासका आयोजनाहरू १७४
तालिका ७३: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १८०
तालिका ७४: वडागत विकास आयोजनाहरू १८५
तालिका ७५: उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १९३
तालिका ७६: वडागत विकासका आयोजनाहरू १९५
तालिका ७७: कार्यक्रम तथा आयोजना खाका २०१
तालिका ७८: कार्यक्रम तथा आयोजनाको सांकेतिकरण खाका २०६
तालिका ७९: नतिजा खाका २०८
तालिका ८०: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २१७
तालिका ८०: वडागत विकासका आयोजनाहरू २१९
तालिका ८२: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २२५
तालिका ८३: वडागतका विकास आयोजनाहरू २२८
तालिका ८४: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २४७
तालिका ८५: वडागत विकासका आयोजनाहरू २४८
तालिका ८६: कार्यक्रम तथा आयोजनाको ढाचा तथा कार्यक्रम तथा आयोजनाको सांकेतिकरण २५४
तालिका ८७: वडागत विकासका आयोजनाहरू: २५५
तालिका ८८: कार्यक्रम तथा आयोजना विवरण खाका २६०
तालिका ८९: कार्यक्रम तथा आयोजनाको साकेतिकरण खाका २६२
तालिका ९०: नतिजा खाका २६३
तालिका ९१: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २६९
तालिका ९२: वडागत विकासका आयोजनाहरू २७२

तालिका ९३: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २७७
तालिका ९४: वडागत विकासका आयोजनाहरू २७८
तालिका ९५: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २८२
तालिका ९६: वडागत विकासका आयोजनाहरू २८५
तालिका ९७: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २९४
तालिका ९८: वडागत विकासका आयोजनाहरू २९६
तालिका ९९: कार्यक्रम तथा आयोजना विवरण खाका ३०१
तालिका १००: कार्यक्रम तथा आयोजनाको सांकेतिकरण खाका ३०३
तालिका १०१: नतिजा खाका ३०४
तालिका १०२: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ३१२
तालिका १०३: वडागत विकासका आयोजनाहरू ३१५
तालिका १०४: कार्यक्रम तथा आयोजना विवरण खाका ३२३
तालिका १०५: कार्यक्रम तथा आयोजनाको सांकेतिकरण खाका ३२४
तालिका १०६: नतिजा खाका ३२४
तालिका १०७: गाउपालिका कार्यालयको प्रस्तावित दरबन्दी ३२९
तालिका १०८: मानव संशाधन विकास योजना ३३१
तालिका १०९: क्षेत्रगत कार्यक्रमको अनुमानित बजेट (रु. लाखमा) ३३२
तालिका ११०: गाउपालिकाको सञ्चित कोषबाट हुने सार्वजनिक खर्चको अनुमान तथा क्षेत्रगत अनुपात विवरण आ.व. २०७८/०७९ को मूल्यमा ३३६
तालिका १११: आवधिक योजनाको अनुगमन, मुल्यांकन ढाचा ३३९
तालिका ११२: आवधिक योजनाको अनुगमन र मुल्यांकन ढाचा ३४२
तालिका ११३: अनुगमन तथा मुल्यांकन प्रतिवेदन गर्ने ढाचा ३४२

परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि

योजनाले स्थानीय तहको विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्दछ । त्यसैले स्थानीय आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेशबिचमा अर्न्तसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ । यस्तो योजना स्थानीय तहको विकास र समृद्धिको रूपरेखा मात्र नभएर उक्त क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृतिबिचको तालमेलको रूपरेखा पनि हो । राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हाँसिल गर्न तथा स्थानीय विकासका सरोकारवालाहरूको साझा प्रतिवद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौं राष्ट्रिय योजना तथा स्थानीय तहको योजना तर्जमा दिग्दर्शन २०७८ ले निर्दिष्ट लक्ष्य, उदेश्य तथा प्रतिवद्धता बमोजिम यस आवधिक योजना दस्तावेजले जानकी गाँउपालिकाको आवश्यकता र स्रोत क्षमतालाइ सम्बोधन गर्दै पालिकाबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीक सम्भावना (Spatial Perspective) तथा समस्या पहिचान गरि स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी कार्यक्रम तथा आयोजना बैंकहरुको कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाकासमेत तयार गरेको छ । गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको यस आवधिक योजनाले वित्तीय अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

आवधिक योजना तर्जुमाले स्थानीय तहको क्षमता के छ आवश्यकता के हो, प्रमुख समस्याहरू के के हुन् सीप विकास, प्रविधि तथा स्थानीय समदायको क्षमता केहो आदी पक्षमा गहन विश्लेषण गरी स्थानीय विकास र सर्मृदका सम्भावनालाइ स्थानिक आधार (Spatial Base) मा समृदितर्फ उन्मख हुने मार्गचित्र भएकाले यसलाइ बढि भन्दा बढि यथार्थ (Practical), पूर्ण (Complete), पाको (Perfect), प्रभावकारी (effective) एवं आर्थिकरुपले मितव्ययी (economically efficient); दस्तावेजका रुपमा स्थानीय निकायले प्रयोग गर्नुपर्दछ । नेपाल सरकार र प्रदेश सरकारले पुऱ्याउनु पर्ने सहयोग के के हुन्, सो समेत पहिचान तथा विगतका योजनाको वस्तुस्थितिको समीक्षाबाट गाउँपालिकाको विकाससंग सम्बन्धित सबै पक्ष सरकारी, गैरसरकारी, र निजक्षेत्रसमेतको आवधिक योजना तर्जमा तथा कार्यान्वयनमा सहभागिता, समन्वय तथा स्वामित्वको विकास गर्ने निर्देशिकाको रुपमा ग्रहण गर्नपर्छ । यसबाट साझा दृष्टिकोण, साझा अठोट र समझदारीले स्थलगत विशेषता, र तुलनात्मक लाभ हांसिल गर्न सकिने अनभवबाट प्राप्त ज्ञान (empirical information), त्यसको व्यवस्थित ब्याख्या (systematic reasoning) तथा तथ्यांक, सम्वाद, परामर्श एवं छलफल तथा सहमतिबाट आवधिक योजना तर्जुमा गरि कार्यान्वयन गर्ने नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तयार गरेको दिग्दर्शनले निर्देशित गरेको छ । अवधिक योजनाले

सबै क्षेत्रगत विकासको सन्तलित अवस्था निर्माण गर्दै स्थानीय तहको लागि विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण तथा सङ्कटासन्नटा विश्लेषण क्षमताको विकासमा समेत जोड दिएको छ ।

१.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको आवधिक विकास योजनाले उपलब्ध स्रोत साधनलाई परिचालन गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्ने मार्गचित्र प्रस्तुत गर्दछ । आवधिक योजनाका उद्देश्य निम्न प्रकार रहेका छन् ।

- सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न ,
- सामाजिक तथा आर्थिर्क विकासमा तीव्रता ल्याउन;
- विगतको उपलब्धि र गति समीक्षा गर्दै आगामी दिनको नतिजा आंकलन गर्न;
- नतिजामुखी विकास पद्धतिको अवलम्वन र पवद्धर्न गर्न;
- विकास प्रक्रियामा सरोकारवाला विशेष गरी जोखिममा रहेका वर्गको संलग्नता र जवाफदेही वृद्धि गर्न;
- समाजलाई विकास र समृद्धितर्फ अग्रसर गराउन;
- विपद् जोखिम सवंदनशीलता तथा उत्थानशीलतालाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन;
- समुदायका मनिसहरुको विश्वास अभिवृद्धि गर्न;
- स्थानीय आर्थिर्क विकासको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन; र
- लैङ्गिक उत्तरदायी बजटेको माध्यमबाट सामाजिक रुपान्तरण ल्याउन ।

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया

जानकी गाउँपालिकाको आवधिक विकास योजना (२०७९/८०-२०८३/८४) तर्जुमा गर्दा पन्ध्रौं पञ्च वर्षीय योजना (२०७६/७७-२०८०/८१), स्थानीय तहको वकास योजना तर्जुमा दिग्दर्शन २०७८, स्थानीय शासन सञ्चालन ऐन २०७४ तथा गाउँपालिकाका वार्षिक योजना तथा कार्यक्रमका आधारमा तर्जुमा गरिएको छ। स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेख निर्देशिका बमोजिम सहभागितात्मक (Participatory) पद्धतिबाट, आवधिक योजना तर्जुमा गर्दा सङ्घीयगणतन्त्र नेपालको संविधान २०७२ मा व्यवस्था भएका राज्यका निर्देशक सिद्धान्त, नीति, दीगो विकास लक्ष्य, नेपाल सरकारका प्राथमिकता र प्रतिवद्धतालाई ध्यानमा राखि स्रोत-साधनको व्यवस्था, क्षमता विकास र समन्वय र साझेदारीमा जोड दिँदै पूँजी निर्माणमा विशेष जोड दिएको छ । नीजि क्षेत्रको लगानी तथा संघ, प्रदेश सरकार मार्फत वैदेशिक सहायकता समेतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न आवधिक रणनीति प्रस्तावित गरेको

छ। आवधिक विकास योजनाको अवधि पछि गाउँपालिकाको आर्थिक-सामाजिक रुपान्तरणको दीगो रुपरेखा प्राप्त हुने गरी योजना तर्जुमामा निम्न प्रक्रिया अवलम्बन गरिएको छ ।

(क) आवधिक विकास योजनाको अवधारणा, पद्धति, प्रकृया विधि सहभागिता, गाउँपालिकाको योजना तर्जुमामा नेतृत्वदायी भूमिका एवं तथ्यपरक (Data Base) योजना बैंकबाट गाउँपालिकाले पाउने प्रतिकूल (Output) सम्बन्धी विषयवस्तु समेटेर कार्याशाला गोष्ठी सञ्चालन गरियो । आवधिक विकास योजना तर्जुमा निर्देशक समिति, पाँचवटा विषयगत समिति (आर्थिक, सामाजिक, पूर्वाधार, वनवातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) निर्माण गरियो । गठित निर्देशक समिति तथा विषयगत समितिहरूको कार्यक्षेत्र एवं भूमिका बारे छलफल गरी विषयगत समितिका विकास योजना (लक्ष्य, उद्देश्यसहित) सूचिकरण, प्राथमिकीकरण तथा योजना कार्यान्वयनका लागि आवश्यक स्रोत पहिचान समेत गर्ने गरी विषयगत समितिहरूलाई आवधिक विकास योजना तर्जुमा प्रकृयामा सक्रिय बनाइयो । निर्देशक समिति, विषयगत समिति तथा परामर्शदातासँग समन्वय गर्ने, सूचना संकलन गर्ने र कार्याशाला गोष्ठी, छलफल तथा बैठकसम्बन्धी सहजीकरण एवं समन्वय गर्दै आवधिक विकास योजना तर्जुमा समग्र व्यवस्था गर्न गाउँपालिकाको प्राविधिक शाखा प्रमुखको संयोजकत्वमा आवधिक विकास योजना तर्जुमा समन्वय तथा सहजीकरण समितिको गठन र सोको सहयोगमा सूचना संकलन, प्रशोधन, विश्लेषण तथा अभिलेखिकरण कार्य गरियो ।

(ख) निर्देशक समितिको निर्देशन, समन्वय समितिको सहजीकरणमा वडा स्तरीय भेला आयोजना गरी वडा स्तरीय विकास योजनाहरूको संकलन, प्राथमिकीकरण एवं सम्भाव्यस्रोतको पहिचान गर्ने कार्य वडा बासिहरूको सक्रियतामा गरियो ।

(ग) वडास्तरीय विकास योजनाहरूलाई विषयगत समिति अन्तर्गत छलफल, प्राथमिकीकरण तथा वडा र पालिका स्तरीय विकास योजनाको स्तरीकरण एवं सूचिकरण दोस्रो कार्यशाला गोष्ठीमा गरियो।


(घ) विषयगत समितिले दोस्रो कार्यशाला गोष्ठीमा तय गरेका विषयगत विकास योजनाहरूको अन्तिम रुप तथा प्राथमिकताका आधारमा गाउँपालिकाका सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको विकासको मार्ग चित्र (Road Map) एवं नेपाल सरकारले अघि सारेको "समृद्ध नेपाल, सुखी नेपाली" को परिकल्पना एवं "कसैलाई पछि नछोड्ने" रणनीतिलाई पालिकास्तरमा सरकार पार्न दीर्घकालीन सोच निर्धारण गरियो ।

(ङ) गाउँपालिकाको स्रोत पहिचान तथा सम्भाव्य विकास निर्माणको आधारहरू (Base level) एवं विकास योजनाको स्थानीयकरण (spatialization) गर्नका लागि विभिन्न सवाल (themes) का GIS मार्फत् स्रोत नक्शा (Resource maps) निर्माण गरियो ।

(च) क्षेत्रगत विकास योजनाको विवरण लगफ्रेम (log frame) मा योजनाको लक्ष्य, उद्देश्य, लागत, अवधि, स्रोत, जिम्मेवारी र जोखिम पक्ष उल्लेख गरी आवधिक योजनाको मस्यौदा तयार गरी चौथो कार्यशाला गोष्ठीमा परामर्शदाताद्वारा प्रस्तुत गरी आवश्यक सुझाव संकलन गरी अन्तिम आवधिक विकास योजना दस्तावेज तयार गरियो ।

(छ) तर्जुमा गरिएको आवधिक विकास योजनाको प्रमाणिकरणका लागि निर्देशक समितिको अनुमोदन तथा सिफरिसमा गाउँपालिकाको कार्यपालिका, गाउँपालिका सभा, प्रदेश स्तरीय निकाय तथा सङ्घीयसरकारको सम्बन्धित विभागीय मन्त्रालयको अनुमोदन तथा प्रमाणिकरणपछि कार्यान्वयन हुने गरी यो आवधिक विकास योजना तजुमा गरिएको छ ।

आवधिक विकास योजना तर्जुमा गर्दा अपलाइएका प्रकृयाहरु चित्र १ मा प्रस्तुत गरिएको छ ।



चित्र १: आवधिक योजना तर्जूमा प्रक्रिया

यो आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं राष्ट्रिय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, प्रचलित सङ्घीयर प्रादेशिक नीति तथा कानून, दीगो विकासका लक्ष्य, स्थानीय तहका लागी सङ्घीयतथा प्रदेश तहबाट जारी गरिएका कानून, जानकी गाउँपालिकाको नीतिगत तथा कार्यक्रम सञ्चालन दस्तावेजलाई आधार मानिएको छ । लैङ्गिक समानता, समावेशीकरण, सुशासन, बालमैत्री, वातावरण मैत्री स्थानीय शासन, विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन क्षमता विकासका प्रावधानहरूलाई विशेष ध्यान दिइएको छ । जानकी गाउँपालिकाको पार्श्व चित्र, २०७७, कार्यशाला गोष्ठी, वडास्तरीय भेला, छलफलबाट प्राप्त सूचना, सुझावका आधारमा यो आवधिक योजना तयार गरिएको छ । योजना दसतावेजले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता समेत समावेश गरिएका छन् । यो जानकी गाउँपालिकाको पाँच वर्षे योजना हो । त्यसैले यसले गाउँपालिकाको विकास निर्देशित गर्न रणनीति तथा

कार्यनीति, नतिजा एवं सूचक र प्रमुख कार्यक्रमहरू मात्र समावेश गरिएका छन् । समाविष्ट नतिजा र सूचकहरू असर तह (effect level) का छन् भने केही तहगत छन् । आवधिक योजनाका समग्र लक्ष्य र नतिजालाई योगदान पुग्ने किसिमले गाउँपालिकाले आफ्नो वार्षिक योजना तथा बजेट र विषयगत योजना तयार गरी यो योजना दस्तावेजलाई गाउँपालिकाले वार्षिक योजना तर्जुमा गर्दा प्रमुख आधार मान्नु पर्नेछ ।


परिच्छेद २: जानकी गाउपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

२.१ गाउपालिकाको परिचय

कैलाली जिल्लाको सुदुर पूर्वमा अवस्थित जानकी गाउँपालिका ऐतिहासिक काल देखिनै थारुहरुको बाहुल्यता रहेको बस्ती हो । यस गाउँपालिकामा हाल थारु तथा पहाडी समुदायको मिश्रित खालको बसोबास रहेको छ । थारु समुदायमा राम जानकी प्रति अगाढ श्रद्धा रहनुका साथै राम जानकीप्रति आस्थावानहरुको बाहुल्यताका कारण हालको वडा नं. २ को एक गाउँलाई आधारमानी जानकी गाउँपालिका नामाकरण गरिएको छ । हाल यस गाउँपालिकामा पहिलेका दुर्गौली गा.वि.स., जानकी नगर गा.वि.स., मुनुवा गा.वि.स. र पथरैया गा.वि.स. मिलि यो गाउँपालिकाको ९ वार्डको प्रशासन संरचना निर्माण भएको छ ।

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

जानकी गाउँपालिका सुदूर पश्चिम प्रदेशअन्तर्गत कैलाली जिल्लाको पूर्वी भागमा अवस्थित रहेको छ । गाउँपालिकाको भौगोगिक अवस्थिति २८°३१'१७" देखि ३०°३६'५२" उत्तरी अक्षांश र ८१°२'३१" देखि ८१°१५'४४ पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वी सिमानामा कर्णाली नदी र बर्दिया राष्ट्रिय निकुञ्ज पर्दछ । पश्चिममा जोसीपुर गाउँपालिका, उत्तरमा लम्कीचुहा नगरपालिका र दक्षिणमा टिकापुर नगरपालिका अवस्थित रहेको छ । जानकी गाउँपालिकाको भौगोलिक स्थिति, सीमाना र वडा विभाजन भएको अवस्थिति चित्र १ मा देखाइएको छ ।



चित्र २: जानकी गाउपालिकाको अवस्थिति


जानकी गाउँपालिकाको विद्यमान वडागत संरचना तथा वाडा क्षेत्रफल तालिका १ मा देखाइएको छ ।

तालिका १: गाउपालिकाको वडागत क्षेत्रफल

वडा नं.	**समावेश गाविसका वडा**	क्षेत्रफल (वर्ग कि.मी.)	प्रतिशत
१	दुर्गौली गाविसको वडा नं. १, ३ र ४	८.२९	७.७३
२	जानकीनगर गाविसको वडा नं. १ देखि ९	१४.०३	१३.०८
३	दुर्गौली गाविसको वडा नं. २, ६ र ७	४.७५	४.४३
४	मुनुवा गाविसको वडा नं. १-३ र ६	८.६२	८.०४
५	पथरैया गाविसको वडा नं. १ देखि ३	८.३६	७.७९
६	दुर्गौली गाविसको वडा नं. ५, ८ र ९	१२.९९	१२.११
७	मुनुवा गाविसको वडा नं. ४, ५, ७, ८ र ९	११.५९	१०.८०
८	पथरैया गाविसको वडा नं. ४, ५ र ६	८.१७	७.६२
९	पथरैया गाविसको वडा नं. ७, ८ र ९	३०.४७	२८.४०
जम्मा	**१०७.२७**		**१००.००**

स्रोत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

वडा कार्यालय अवस्थिति चित्र ३ मा देखाइएको छ ।



चित्र ३: वडा कार्यालयहरुको अवस्थिति

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

जानकी गाउँपालिका सुदूर पश्चिम प्रदेशअन्तर्गत कैलाली जिल्लाको पूर्वी भागमा अवस्थित रहेको छ । मिश्रित खालको संस्कृति रहेको यस गाउँपालिकाभित्र जात/जातिगत तथा धार्मिक विविधता रहेको छ । धार्मिक रुपमा हिन्दु धर्मालम्बीको बाहुल्यता रहेको छ । अन्य धर्ममा इस्लाम तथा इसाइ धर्म मान्नेहरु पनि रहेका छन् । चाडपर्वहरुमा कृष्ण जन्माष्टमी (अष्टिम्की), अतवारी, अनत्तर, हरितालिका तिज, विजयादशमी (वडा दशैं), तिहार (डेवारी), क्रिसमस डे, ईद उल फितर, बकर ईद, मोहर्रम, माघे संक्रान्ति (माघी), होली (फागु पूर्णिमा) र चैते दशैं रहेका छन् । मेला जात्राहरुमा माघी मेला, होली मेला, भुवा मेला, पुतला मेला, शिवरात्री मेला र डेउडा साँस्कृतिक मेला मुख्य रहेका छन् । भेषभुसामा थारु समुदायका पुरुषहरुले सदरी, अंगुच्छा, धोटी, कमिज, सुरुवाल, टोपी तथा महिलाहरुले अंगिया, चोलिया, गोनिया, लेहङ्गा, लारा, गतिया लगाउने र पहाडी समुदायका पुरुषहरुले दौरा सुरुवाल, कोट, टोपी तथा महिलाहरुले सारी वा गुन्यु, चोलो र पटुकी लगाउने प्रचलन रहेको छ । मुस्लिम समुदायमा कुर्था सरवाल तथा बुर्का


लगाउने प्रचलन पनि रहेको छ । गाउँपालिकाको भू-उपयोग सम्बन्धि विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: गाउपालिकाको भु-उपयोग

भू-उपयोगका आधारमा जानकी गाउँपालिकाको विवरण			
क.सं.	भू-उपयोग	क्षेत्रफल (वर्ग कि.मि.)	प्रतिशतमा (%)
१	कृषि	६६.००४	६१.६६
२	जङ्गल	१९.२५१	१७.९९
३	बालुवा	८.५९९	८.०३
४	नदी	४.२९८	४.०२
५	झाडी	३.४३९	३.२१
६	बस्ती	३.७८७	३.५४
७	सडक	१.२८१	१.२०
८	नहर	०.२४२	०.२३
९	पोखरी	०.१३७	०.१३
कुल क्षेत्रफल		१०७.०४	१००

श्रोत् : जानकी गाउँपालिका कार्यलय, २०७९

भू-उपयोग स्थाननिक विवरण चित्र ४ मा दिइएको छ ।



चित्र ४: वर्तमान भु-उपयोग

२.१.३ जनसांख्यिक अवस्था

वि.सं. २०७७ को सर्भेक्षणअनुसार गाउँपालिकाको कुल जनसङ्ख्या ६४८१२ र घरपरिवार सङ्ख्या ११५२७ रहेका छ। राष्ट्रिय जनगणना २०६८ तुलनामा हाल १६२७२ जनसङ्ख्या र २४७६ घरपरिवार सङ्ख्या बृदि भएको देखिन्छ । घरपरिवार सर्भेक्षण २०७७ ले कुल घरपरिवार सङ्ख्या ११५२७, जनसङ्ख्या ६४८१२, औषत घरपरिवारको आकार ५.६२ र लैंगिक अनुपात १०२.७५ देखाएको छ। कुल जनसङ्ख्याको ३२८४५ पुरुष, ३१९६५ महिला र वडा नं. ३ मा २ जना तेस्रो लिङ्गी रहेका छन्। वडागत रुपमा सबै भन्दा धेरै जनसङ्ख्या वडा नं.९ मा ११००३ र सबैभन्दा कम जनसङ्ख्या वडा नं. ६ मा ५१९७ जनसङ्ख्या रहेको छ। गाउँपालिकाको वडागत जनसङ्ख्या वितरण तालिका ३ मा प्रस्तुत गरिएको छ।

तालिका ३: वडागत जनसङ्ख्या विवरण

वडा नं.	राष्ट्रिय जनगणना २०६८ अनुसार						घरपरिवार सर्वेक्षण २०७७ अनुसार						
	घरपरिवार सङ्ख्या	जनसङ्ख्या			औषत घरपरिवार आकार	लैंगिक अनुपात	घरपरिवार सङ्ख्या	जनसङ्ख्या				औषत घरपरिवार आकार	लैंगिक अनुपात
		जम्मा	पुरुष	महिला				जम्मा	पुरुष	महिला	अन्य		
१	९३७	४९७४	२३५९	२६१५	५.३१	९०.२१	१२५७	६७८६	३४६१	३३२५	०	५.४	१०४.०९
२	९९२	५९०५	२९५९	२९४६	५.९५	१००.४	१२२३	७१६६	३६५२	३५१४	०	५.८६	१०३.९३
३	९३२	४७६९	२२१०	२५५९	५.१२	८६.३६	११९७	६५६५	३३३५	३२२८	२	५.४८	१०३.३१
४	९५३	५५१०	२६७८	२८३२	५.७८	९४.५६	११४१	६३०४	३१५२	३१५२	०	५.५२	१००.००
५	८०१	४४५९	२१८६	२२७३	५.५७	९६.१७	१०९१	५६०४	२८४८	२७५६	०	५.१४	१०३.३४
६	७५७	३९४०	१७७१	२१६९	५.२	८१.६५	८५७	५१९७	२६५२	२५४५	०	६.०६	१०४.२०
७	१०३७	६०४६	२९२२	३१२४	५.८३	९३.५३	१२६५	७१९१	३६३७	३५५४	०	५.६८	१०२.३४
८	१२२८	६२०३	२८४४	३३५९	५.०५	८४.६७	१६३५	८९९६	४५३६	४४६०	०	५.५	१०१.७०
९	१४१४	६७३४	३०२७	३७०७	४.७६	८१.६६	१८६१	११००३	५५७२	५४३१	०	५.९१	१०२.६०
जम्मा	९०५१	४८५४०	२२९५६	२५५८४	५.४	८९.९२	११५२७	६४८१२	३२८४५	३१९६५	२	५.६२	१०२.७५

स्रोत: राष्ट्रिय जनगणना, २०६८ तथा घरपरिवार सर्भेक्षण, २०७७

जानकी गाउँपालिकाभित्र कुल ८७ वटा बस्तीहरु रहेका छन् । वडागत रूपमा वडा नं. २, ७ र ८ मा सबैभन्दा उच्च सङ्ख्यामा १५ वटा बस्ती रहेका छन् भने सबैभन्दा न्यून सङ्ख्यामा वडा नं. ६ मा ३ वटामा बस्तीहरु रहेको देखिन्छ । बस्तीहरुको नाम, वडा र जनसङ्ख्यासम्बन्धी विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४: गाउपालिकाका मुख्य बस्तीहरु

वडा नं.	बस्तीको सङ्ख्या	बस्तीको नाम
१	१४	दुर्गौली, तोरैयापुर, धर्मापुर, झप्टी, बेलासपुर, तीनघरुवा, मिलपुरवा, टिकलहिया, गुजेरुवा, नवलपुर, पत्थरपुरवा, बेतहनी, डँरुवा, रगरगंज
२	१५	जानकीनगर, पालकोट, कटघर, दक्षिण बढरिया, उत्तर बढरिया, भुरडाँरा, खैरेनी, परागीपुर, फरेण्डा, कालिकापुर, प्रगतिनगर, मिलनपुर, खर्गौली, गौढी, प्रकृतिनगर
३	४	सुवर्णपुर, लायकपुर, भगतपुर, लायकपुर शिविर
४	५	डाँडाटोल, कञ्चनपुर, मुनुवा, बेलपुर, गिर्धरपुर
५	७	पथरैया, अमौरा, अमौरी, नवलपुर, सातविघा, स्कुलपुर, फरेण्डा
६	३	जगतपुर, सुवर्णपुर, धर्मापुर कटान
७	१५	गोलौरी, खल्ला गोलौरी, मकरी, शिवशक्तिटोल, मोतीनगर, ओखरपुर, हिम्मतपुर, लट्कनिया, भुलटोल, सन्तपुर, टिकलीगढ, भुर्सा, फरेला, शंकरपुर, जवलपुर
८	१५	खैरीपुर, बन्देवीपुर, पहाडीपुर, जादुपुर, भोक्सी, जवलपुर, टँगरटुट्ली, मटेरा, पालबजार, जितपुर, बर्का भगरैया, आमपुर भगरैया, घोलपुर भगरैया, पछला भगरैया, मगरटोल
९	९	अमरावती, सुकुम्बासी टोल, बक्लहवा, कटाक्ष, खैरीफाँटा, पूर्व खैरीफाँटा, मुर्तिया, धनवाफाँटा, कुन्ती
जम्मा	८७	

स्रोत: घरपरिवार सर्भेक्षण, २०७७

२.२ आर्थिक विकास अवस्था

२.२.१ कृषि तथा खाद्य सुरक्षा

कुल ११५२७ घरपरिवारमध्ये ७० प्रतिशत घरपरिवार कृषि कार्यमा संलग्न रहेका छन् भने कृषि कार्यमा उपयोग भएको कुल जग्गा मध्य ९६२०१ कट्ठा जग्गा कृषि कार्यमा उपयोग भएको छ । कृषि कार्यमा उपयोग गरिएको जग्गामध्ये आफ्नो परिवारको नामको जग्गा उपभोग गर्ने घरपरिवार सङ्ख्या ३४३८, ऐलानी जग्गा उपयोग गर्ने घरपरिवार सङ्ख्या १५९८, अरुको नाममा रहेको जग्गा उपयोग गर्ने घरपरिवार सङ्ख्या २१३१ र अन्य स्वामित्वको जग्गा उपयोग गर्ने घरपरिवार सङ्ख्या १६२ रहेको छ । कुल खेती गरिएको जमिन मध्ये वडा नं. २ मा सबैभन्दा बढि रहेको छ भने सबैभन्दा कम वडा नं. ६ मा रहेको देखिन्छ (तालिका ५) ।

तालिका ५: कृषियोग्य जमीनको प्रकार र क्षेत्रफल

वडा नम्बर	कृषि कार्यमा उपयोग भएको जग्गाको प्रकार र क्षेत्रफल								कृषि कार्य नगर्ने घरपरिवार
	आफ्ना परिवारका नामको जग्गा उपयोग गर्ने घरपरिवार	क्षेत्रफल (कट्ठा)	ऐलानी जग्गा उपयोग गर्ने घरपरिवार	क्षेत्रफल (कट्ठा)	अरुको नाममा रहेको जग्गा उपयोग गर्ने घरपरिवार	क्षेत्रफल (कट्ठा)	अन्य स्वामित्वको जग्गा उपयोग गर्ने घरपरिवार	क्षेत्रफल (कट्ठा)	
१	४५०	४८६७.३	१५९	२७३.१	१७५	४२८३.४	१९	२९६.०	३७५
२	५६४	७२५५.१	२५८	७५८.३	३७१	१०५१०.८	६	५१.८	२१७
३	१०३	५७३.०	३०	९२.३	९५	२६९१.०	८	११९.०	३४३
४	२२७	३३७१.६	८६	४६०.३	२९९	६८९१.५	४०	६९१.७	३८३
५	३६८	४८८८.३	१६०	५०८.६	२५६	५०८०.५	२	११९.०	४२८
६	२३८	२०२३.७	४०	१३०.५	९७	२३३८.५	२	४०.०	२३७
७	५१६	६७८७.०	२९७	१३६३.९	३१६	८५८३.०	२५	६३७.०	३३२
८	४९४	४३६८.७	३२१	१२१८.०	३१७	६२१४.५	१२	१५५.०	४६१
९	४७८	३८७५.५	२४७	७८६.०	२०५	३१०९.१	४८	७८८.५	६२२
जम्मा	३४३८	३८०१०.१	१५९८	५५९१.०	२१३१	४९७०२.३	१६२	२८९८.०	३३९८

स्रोत: घरपरिवार सर्भेक्षण, २०७७

कृषिजन्य उत्पादनअन्तर्गत गत वर्षको खाद्यान्न, दलहन र तेलहन बालीको उत्पादनको स्थिति हेर्दा अन्नबाली २००१८५ कट्ठा जग्गामा (एउटै जमिनमा तीन किसिमको अन्न उत्पादन पनि हुने गरेको) १९२६९७ क्विन्टल उत्पादन भएको देखिन्छ । दलहन बालीतर्फ ३१९०२.६ कट्ठा क्षेत्रफलमा कुल उत्पादन ५३९८ क्विन्टल र तेलहन बालीतर्फ ४१८९१ कट्ठा जग्गामा ९९४८ क्विन्टल उत्पादन हुने गरेको छ ।

बिक्रि हुने गरेको परिमाण अन्नबाली ७२७५०.८ क्विन्टल, दलहन बाली १०२९ क्विन्टल र तेलहन १०५४ क्विन्टल रहेको छ (तालिका छ) ।

तालिका ६: कृषि उत्पादनको विवरण

वडा नम्बर	अन्नबाली			दलहन बाली			तेलहन बाली		
	क्षेत्रफल (कट्ठा)	उत्पादन (क्विन्टल)	बिक्रि (क्विन्टल)	क्षेत्रफल (कट्ठा)	उत्पादन (क्विन्टल)	बिक्रि (क्विन्टल)	क्षेत्रफल (कट्ठा)	उत्पादन (क्विन्टल)	बिक्रि (क्विन्टल)
१	२२४९८.५	२२२७८	८६३२.८	४६८.४	५६.३	१६.२	४५१२	९७०.८	१३९
२	३९८९५.३	३२२४०	१५५४२.२	१०३१.८५	१३१.६	११.५	३४६६	१०७५	५४.४५
३	१२५५२.१	१०५७१	१८८२.३	२८२६.७	३०४.९	३६	२८७१	५९४.५	२१
४	२५८४९.५	२५८३४	१३१४७.७	९०३.७	३३२.५	२०.१	२३३२	९८७.९	१८१.१
५	१८६८०.२	२०५९७	६३२७.४	७४९	११८.६	११.२७	४३४९	९७२.७	८४
६	८७४७.८३	९६७५.१	१०६३.१६	३७६९.७	६३७	६७.५	३०७४	५९१.८	१४
७	३७२०५.५	३४९६३	१८२०४.७	२४९५.५	१३१.९	४.८	५१८९	१३१९	६६
८	२११४०.१	२४४९८	६४८९.८	९६२०.१	२३२३	६२७.२	९१९९	२६१७	४५८.८
९	१३६१५.६	१२०४१	१४६०.८	१००३७.७	१३६३	२३४.८	६९००	८१८.३	३६.१
जम्मा	२००१८५	१९२६९७	७२७५०.८	३१९०२.६	५३९८	१०२९	४१८९१	९९४८	१०५४

स्रोत: घरपरिवार सर्भेक्षण, २०७७

गाउँपालिकमा उत्पादन हुने फलफुल तथा नगदे वालिको विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ ।

तालिका ७: फलफूल तथा नगद बाली उत्पादन

वडा नं.	तरकारी			फलफुल			नगदे बाली		
	क्षेत्रफल (कट्ठा)	उत्पादन (क्विन्टल)	बिक्रि (क्विन्टल)	क्षेत्रफल (कट्ठा)	उत्पादन (क्विन्टल)	बिक्रि क्विन्टल)	क्षेत्रफल (कट्ठा)	उत्पादन (क्विन्टल)	बिक्रि (क्विन्टल)
१	४७२	८८३.१	३१२.७	१३६.५	१०७३	५९९	१९०.५	४२०.९१	१७९.५५
२	३४९.७	५८७.८	२१४.१	८४.१६	९४९.२	१४३.२	२१३.४२	३८४.८४	४४.६१
३	४१७.८	७५२.९	२२०	१०९.३	१८६५	६५३	१८०.११	३५४.९३	६२
४	४९८.४	५९९.८	७७.११	२९४.९	४९१.१	१२८.७	५०५.०५	६०७.९५	९३.३
५	१७९.४	६२२.१	३०८.९	१२०.४	८९७.९	९६.४३	९०.१५	२४३.१५	१७८.६१
६	२६६.६	४८३.५	१४६.१	४४.५८	११७.६	२६.१	११४.९२	२३०.७५	८.४
७	३३२.७	६४६.६	३७८.८	१६९.९	९७९.३	४७७.५	२८८.४२	७६२.२२	६०२.१४
८	६७६.४	१५७१	९१०.३	४५.०३	७५७	३३५.५	४०८.५२	११०४.७६	२२८.८८
९	४४४.१	७३४.१	२०५.६	१८७	७२१.२	५७.२५	२०३.१४	२८५.९८	१७.६७
जम्मा	३६३७	६८८१	२७७३	११९२	७८५१	२५१७	२१९४.२	४३९५.४९	१४१५.१६

स्रोत: घरपरिवार सर्भेक्षण, २०७७

२.२.२ पर्यटन तथा संस्कृति

गाउँपालिका क्षेत्रभित्र मुख्य पर्यटकीय क्षेत्रका रुपमा वडा नं. ९ मा अवस्थित नेपाल जातीय संग्राहलय रहेको छ । यस पर्यटक क्षेत्रमा वार्षिक रुपमा करिब १००० पर्यटकहरु आउने गरेको देखिन्छ । पर्यटनसम्बन्धी विवरणलाई तालिका ८ मा प्रस्तुत गरिएको छ ।

तालिका ८: पर्यटन व्यवसाय सम्बन्धी विवरण

स्थलको नाम	वडा नम्बर	भौतिक पूर्वाधार			स्वामित्व	विशेष्ता	बार्षिक पर्यटक आगमन सङ्ख्या
		सडकको पहुँच	होटल, लज, रेष्टुराँ सङ्ख्या	नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मी			
नेपाल जातीय संग्रहालय	९	पुगेको	०	६	सार्वजनिक	पर्यटकीय	१०००

स्रोत: सहभागितामूलक छलफल, २०७७

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिका क्षेत्रभित्र ४१ वटा विद्युत मिल, ४ वटा कृषि संकलन केन्द्र र १० वटा उद्योग सञ्चालनमा रहेका छन् । कुटानी तथा पिसानी मिल सबै वडामा भएता पनि कृषि संकलन केन्द्र वडा नं. ३, ४ र ९ मा मात्र र उद्योगहरु वडा नं. १, ३ र ४ मा मात्र रहेको देखिन्छ (तालिका ९) ।

तालिका ९: उद्योग, व्यापार, व्यवसायतथा खपत विवरण

वडा नम्बर	चिस्यान केन्द्र	कुटानी, पिसानी र पेलानी (मिल सङ्ख्या)			संकलन तथा प्रशोधन केन्द्र			बिक्री केन्द्र वा कोसेली घर
		पानी मिल	डिजेल मिल	विद्युत मिल	कृषि	जडिबुटी	उद्योग	
१	०	०	०	५	०	०	७	०
२	०	०	०	५	०	०	०	०
३	०	०	०	३	१	०	२	०
४	०	०	०	६	२	०	१	०
५	०	०	०	५	०	०	०	०
६	०	०	०	४	०	०	०	०
७	०	०	०	४	०	०	०	०
८	०	०	०	५	०	०	०	०
९	०	०	०	४	१	०	०	०

स्रोत: सहभागितामूलक छलफल, २०७७

जानकी गाउँपालिकमाा उद्यम तथा व्यवसायको सङ्ख्या १०४७ रहेको छ । जसमध्ये किराना पसलको सङ्ख्या ३३८, माछा तथा मासु पसलको सङ्ख्या ५९, मर्मत सेवा केन्द्र सङ्ख्या ५७, चिया/खाजा/नास्ता पसल सङ्ख्या ५०, मदिरा पसल सङ्ख्या ६९, सिलाई कटाई तथा बुनाई पसल सङ्ख्या ५०, कुटानी पिसानी तथा पेलानी २८ र सैलुन सङ्ख्या १९ रहेको छ । सबै व्यवसायबाट करीब रु. १ अरव ४ करोड ३० लाख बरावरको वार्षिक कारोवार हुने गरेको छ । वडागत रूपमा हेर्दा सबैभन्दा धेरै सङ्ख्यामा वडा नं. १ मा २२७ वटा व्यवसायिक फर्महरू रहेका छन् भने सबैभन्दा कम सङ्ख्यामा वडा नं. ६ मा ५९ वटा व्यवसायिक फर्महरू रहेको देखिन्छ । व्यवसायिक फर्महरुको नाम, ठेगाना, प्रकार, स्वामित्व, वार्षिक कारोबार तथा दर्ताको अवस्था वडागत विवरण तालिका १० प्रस्तुत गरिएको छ ।

तालिका १०: उद्यम तथा व्यवसायिक फर्मको वडागत विवरण

क्र.स.	व्यवसायको प्रकार	वडा अनुसार व्यापार व्यवसायको सङ्ख्या										वार्षिक कारोबार (रु. हजारमा)
		१	२	३	४	५	६	७	८	९	जम्मा	
१	किराना पसल	३४	३९	३८	४२	४५	३०	३४	३४	४२	३३८	१०४४९५
२	किराना तथा विविध	१९	६	५	३	७	८	११	२१	५	८५	३६०००
३	कपडा तथा फेन्सी	१७	१	१	१	२	०	६	१	१	३०	२४३३०
४	माछा तथा मासु पसल	८	३	११	९	८	७	७	२	४	५९	१२६९०
५	तरकारी तथा फलफूल पसल	८	०	०	०	२	०	०	१	०	११	१८५०
६	दुध चिस्यान तथा विक्री केन्द्र	१	०	०	०	१	०	२	१	१	६	१४००
७	हार्डवयर तथा निर्माण सामाग्री	८	०	०	०	२	०	३	०	०	१३	८०३००
८	औषधी पसल वा क्लिनिक	७	३	२	८	३	३	३	१	३	३३	१७३६५
९	मर्मत सेवा केन्द्र	१०	३	८	९	५	२	११	६	३	५७	११९९०
१०	इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स पसल	५	१	२	५	४	१	२	४	१	२५	४६३९०
११	एग्रोभेट तथा कृषि सामग्री	७	२	०	३	३	१	३	३	०	२२	१८९५५०
१२	चिया, खाजा वा नास्ता पसल	६	३	४	७	६	३	७	५	९	५०	९६००
१३	कस्मेटिक, ब्युटी पार्लर तथा गिफ्ट पसल	२०	३	३	८	६	०	४	१	४	४९	१८९६०
१४	फोटो फेमिङ्ग तथा स्टुडियो	३	०	०	१	०	०	१	०	०	५	११५०
१५	मोबाईल पसल	४	१	०	१	२	२	३	०	३	१६	४८५०
१६	मदिरा पसल	७	१	०	१	१	१	२	२	०	१५	८९५०
१७	मदिरा तथा विविध	११	२	८	१९	८	०	१२	७	२	६९	२४८४०
१८	कटाई सिलाई तथा बुनाई पसल	१३	१	७	५	३	१	१०	४	६	५०	७५३०
१९	सुनचाँदी पसल	१	०	०	०	१	०	०	१	०	३	१४००
२०	पुस्तक पसल	४	०	०	१	०	०	३	२	१	११	५४१५
२१	भाँडा पसल	४	०	१	०	०	०	०	०	०	५	३६००
२२	ग्रील उद्योग	२	०	०	२	२	०	०	३	०	९	७८५०
२३	फर्निचर पसल	१	०	०	०	१	०	०	०	०	२	१४००
२४	कुटानी, पिसानी र पेलानी	३	४	१	५	४	०	३	६	२	२८	२०५००
२५	सैलुन	५	१	१	४	१	०	५	१	१	१९	३०६०
२६	जुत्ता चप्पल पसल	४	०	०	०	०	०	०	०	०	४	२२००
२७	कम्प्युटर पसल	३	०	०	१	०	०	०	०	०	४	८५०

२८	विविध सामग्री खरिद बिक्री	२	०	०	०	०	०	०	०	०	२	१७००
२९	खाद्यान्न सामग्री	५	०	०	३	१	०	३	०	०	१२	२४६३००
३०	अन्य	५	१	१	२	३	०	१	१	१	१५	१४६५८३
जम्मा		२२७	७५	९३	१४०	१२१	५९	१३६	१०७	८९	१०४७	१०४३०९८

आपूर्ति (आयात तथा निर्यात) को अवस्था

यस क्षेत्रबाट निर्यात हुने प्रमुख वस्तुहरूमा खाद्य वस्तु, तरकारी, दलहन, तेलहन, माछा तथा मासुजन्य पशुपन्क्षी रहेको छ। आयात हुने प्रमुख वस्तुमा खाद्यान्न, बालुवा तथा गिट्टी रहेको छ। यस क्षेत्रबाट आयात र निर्यात हुने वस्तुहरूको विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ।

तालिका ११: आयात निर्यात विवरणको अवस्था

निर्यात/आयात हुने प्रमुख वस्तु	इकाई	गापा भित्र आयात परिमाण	गापाबाट निर्यात हुने परिमाण
खाद्यान्न			
धान वा चामल	क्विन्टल	२१४२४.१६	३८८४३.४६
गहुँ वा पिठो	क्विन्टल	३२८५.३८	३१४१८.४५
मकै	क्विन्टल	६६९६.७१	६९१
कोदो	क्विन्टल	७	२०
आलु	क्विन्टल	२२४९.३४	१०१८.५
जौं	क्विन्टल	१	१७२
अन्य	क्विन्टल	२०	१२
तरकारी			
बन्दा, काउली, रायो	क्विन्टल	०	१२८७.१३
बोडी	क्विन्टल	०	३०.०२
गोलभेडा	क्विन्टल	०	४४२.२
काँक्रो, लौका, फर्सी	क्विन्टल	०	७७१.५४
पर्वल, कुन्दुक	क्विन्टल	०	१.२५
करेला, घिरौला, चिचिण्डो	क्विन्टल	०	१५४.४९
अन्य	क्विन्टल	०	७४.६५
फलफुल			
आँप, लिचि	क्विन्टल	०	९६८.८४
केरा, मेवा	क्विन्टल	०	७८२.३
सुन्तला, कागती, अमिलो जात	क्विन्टल	०	४९३.६
अन्य	क्विन्टल	०	१
कटहर	क्विन्टल	०	२५४.९७
नास्पाती	क्विन्टल	०	१५.८५
दलहन			
कालो दाल	क्विन्टल	०	८.५

निर्यात/आयात हुने प्रमुख वस्तु	इकाई	गापा भित्र आयात परिमाण	गापाबाट निर्यात हुने परिमाण
रहर	क्विन्टल	०	६.५
मसुरो	क्विन्टल	०	१००१.६२
चना	क्विन्टल	०	०.२
भट्टमास	क्विन्टल	०	८
अन्य	क्विन्टल	०	०.५
तेलहन			
तोरी वा सर्स्यु	क्विन्टल	०	१०१२.३
आलस वा तिल	क्विन्टल	०	०
सुर्यमुखी	क्विन्टल	०	०
अन्य	क्विन्टल	०	०
नगदेबाली			
अदुवा, बेसार	क्विन्टल	०	७३.२३
प्याज, लसुन	क्विन्टल	०	७७६.७५
च्याउ	क्विन्टल	०	५३.५
उखु	क्विन्टल	०	०
खुर्सानी	क्विन्टल	०	४६८.२६
अन्य	क्विन्टल	०	२०.०१५
पशुजन्य उत्पादन			
माछा	क्विन्टल	०	११०.६६
मह	क्विन्टल	०	१४.६२
दुध र दुधजन्य उत्पादन	लिटर	०	१९४३६.२
मासु र मासुजन्य उत्पादन	केजी	०	५९३३०.९०
अण्डा	क्यारेट	०	१५१३७
जडिबुटी	क्विन्टल	०	०
गिट्टी वा बालुवा	घ.मि.	१५००००	१२००००

स्रोत: सहभागितामूलक छलफल तथा जानकार व्यक्ति अन्तरवार्ता, २०७९

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

वार्षिक पारिवारिक आम्दानीको आधारमा वर्गिकरण गर्दा वर्षिक रु. ५० हजार भन्दा कम आम्दानी हुने घरपरिवार ७.९७ प्रतिशत, रु. ५० हजार देखि १ लाख ५० हजारसम्म आम्दानी हुने घरपरिवार २७.०९ प्रतिशत, रु. १ लाख ५० हजारदेखि रु. २ लाख ५० हजारसम्म आम्दानी हुने घरपरिवार २८.७५ प्रतिशत, रु. २ लाख ५० हजारदेखि रु. ५ लाखसम्म वार्षिक आम्दानी हुने घरपरिवार २५.२८ प्रतिशत र ५ लाखभन्दा बढी आम्दानी हुने घरपरिवार १०.९० प्रतिशत रहेको छ । आम्दानीको परिमाण अनुसारको विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

तालिका १२: सरदर वार्षिक पारिवारिक आम्दानीको विवरण

वडा नं.	पारिवारिक आम्दानी विवरण रकम (रु. हजारमा)					जम्मा (रु.)
	५० हजार भन्दा कम	(५०-१५०) हजार	(१५०-२५०) हजार	(२५०-५००) हजार	५०० हजार भन्दा बढी	
१	९५	३३०	३०३	२४८	२८१	१२५७
२	११६	३०२	३५८	३२०	१२७	१२२३

३	२९४	५५०	२०७	९०	५६	११९७
४	१२२	३२९	३६९	२५२	६९	११४१
५	३१	१९२	४३३	३५४	८१	१०९१
६	२९	२०६	२५५	२०४	१६३	८५७
७	५३	३३४	३८५	३३४	१५९	१२६५
८	४९	३०१	४५८	६०७	२२०	१६३५
९	१३०	५७९	५४६	५०५	१०१	१८६१
जम्मा	९१९	३१२३	३३१४	२९१४	१२५७	११५२७
प्रतिशत	७.९७	२७.०९	२८.७५	२५.२८	१०.९०	१००.००

जानकी गाउँपालिकाको जनसङ्ख्यालाई मुख्य पेशाका आधारमा वर्गिकरण गर्दा कुल ६४८१२ जनसङ्ख्याको २२.०७ प्रतिशत जनसङ्ख्याको मुख्य पेशा कृषि तथा पशुपालन, अध्ययन (विद्यार्थी) १७.९३ प्रतिशत, वैदेशिक रोजगारी १३.२६ प्रतिशत, ज्याला मजदुरी १०.४८ प्रतिशत, गृहिणी ४.५२ प्रतिशत, नोकरी ३.४ प्रतिशत, उद्योग व्यापार २.६८ प्रतिशत, र बेरोजगार जनसङ्ख्या १.८५ प्रतिशत रहेको छ। गाउँपालिकाको कुल ११५२७ घरपरिवार मध्ये पशुपालन व्यावसायमा सम्लगन घरपरिवार सङ्ख्या ८४४८ (७३.२९ प्रतिशत) छ। यहाँ बाखा, गाई, भैंसी, गोरु, घोडा, सुंगुर पालन परम्परादेखि नै प्रचलनमा रहेको छ। वडागत रुपमा हेर्दा पशुपालन गर्ने घरपरिवार मध्ये सबैभन्दा धेरै वडा नं. ७ मा ८३.६४ प्रतिशत रहेको छ। भने सबैभन्दा कम वडा नं. ९ मा ६२.३९ प्रतिशत घरपरिवारले पशुपालन गर्ने गरेको देखिन्छ। पशुपालन कार्यमा संलग्न घरपरिवारसम्बन्धी वडागत विवरण तालिका १३ मा प्रस्तुत गरिएको छ।

तालिका १३: पसूपालन कार्यमा संलग्न घरपरिवारसम्बन्धी वडागत विवरण

वडा नं.	पशुपालन गर्ने घरपरिवार		पशुपालन नगर्ने घरपरिवार		जम्मा घरपरिवार सङ्ख्या
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
१	९०९	७२.३२	३४८	२७.६८	१२९७
२	९७९	८०.०५	२४४	१९.९५	१२२३
३	८१९	६८.४२	३७८	३१.५८	११९७
४	८९६	७८.५३	२४५	२१.४७	११४१
५	८२६	७५.७१	२६५	२४.२९	१०९१
६	६८९	८०.४०	१६८	१९.६०	८५७
७	१०५८	४३.६४	२०७	१६.३६	१२६५
८	१११९	६८.९५	५२४	३२.०५	१६३५
९	११६१	६२.३९	७००	३७.६१	१८६१
जम्मा	८४४८	७९.२९	३०७९	२६.७१	११५२७

बैंक तथा वित्तीय संस्था

यस गाउँपालिका क्षेत्रभित्र एउटा वाणिज्य बैंकको शाखा र १२ वटा लंघु वित्त संस्था सञ्चालनमा रहेका छन्। यस्ता संस्थाहरूमध्ये वाणिज्य बैंकको वार्षिकरुपमा करिब ५ करोडको कारोबार तथा सोही परिमाणमा लगानी हुने गरेको छ भने लंघु वित्तमार्फत वार्षिकरूपमा करिब ६५ करोड भन्दा बढीको कारोबार र ६८ करोड भन्दा बढी लगानी हुने गरेको

देखिन्छ। यी संस्थाहरूबाट मुख्यतया कृषि र व्यापार तथा व्यवसायमा लगानी हुने गरेको छ। बैंक तथा वित्तीय संस्थाको बार्षिक कारोबार तथा लगानी र लगानीको मुख्य क्षेत्र सम्बन्धी विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ।

तालिका १४: बैंक तथा वित्तीय संस्थासम्बन्धी विवरण

क्र.सं.	बैंक तथा लघुवित्त नाम र ठेगाना	वडा नं	बार्षिक कारोबार रकम (रु.हजार)	लगानी रकम (रु. हजारमा)	लगानीको मुख्य क्षेत्र
क.	**वाणिज्य बैंक**				
१	सिभिल बैंक लिमिटेड	१	५००००	५००००	कृषि, शिक्षा, व्यापार, व्यवसाय
ख.	**लघु वित्त संस्था**				
१	एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लि.	१	४९०००	४४६८९.२	कृषि, व्यापार, व्यक्तिगत ऋण
२	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.	१	९३००	३००००	कृषि, व्यापार, व्यक्तिगत ऋण
३	सबैको लघुवित्त वित्तीय संस्था लि.	१	२५००००	६००००	कषि, पशुपालन, मत्स्यपालन, व्यापार
४	नेरुडे लघुवित्त वित्तीय संस्था लि.	१	६७२०१	५५३०७.५	कृषि, पशुपालन तथा व्यापार व्यवसाय
५	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.	१	३९०००	९१५२६.१	कृषि, पशुपालन तथा व्यापार व्यवसाय
६	एनआरएन लघुवित्त वित्तीय संस्था लि.	१	१३९९३०.८	१४२४३०.४	कषि, पशुपालन, व्यापार, व्यवसाय
७	फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लि.	१	६८६७.५	२७९५०	कृषि, व्यापार र निर्माण कार्य
८	एनआरएन लघुवित्त वित्तीय संस्था लि.	४	२५९२८.९	२३७९१.५	कृषि, व्यापार, व्यक्तिगत ऋण
९	युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.	५	१७०४९.१	३९२०६.८	कृषि तथा पशुपालन, व्यापार,
१०	छिमेकी लघुवित्त वित्तीय संस्था लि.	५	१५२८२.८	१४१२२३.४	कृषि
११	मिरमिरे लघुवित्त वित्तीय संस्था लि.	५	५०००	४५००	कृषि, व्यापार, शिक्षा, स्वास्थ्य
१२	एनआरएन लघुवित्त वित्तीय संस्था लि.	८	३००१९.७	२१४४३.७	परियोजना, कृषि तथा पशुपालन, व्यापार
जम्मा			**७०४५७९.८**	**७३२०६८.६**	

गाउँपालिकाको दुध उत्पादन अवस्था तालिका १५ मा प्रस्तुत गरिएको छ।

तालिका १५: वडागत रुपमा गाउपालिकामा दूध उत्पादनको अवस्था

वडा नं.	गाई		भैसी/राँगा		जम्मा	
	सङ्ख्या	दुध/ध्यु उत्पादन (लिटर)	सङ्ख्या	दुध/ध्यु उत्पादन (लिटर)	पशु सङ्ख्या	दुध/ध्यु उत्पादन (लिटर)
१	५१	५१	२३६	१११४	२८७	११६५
२	१५२	१२९	३१३	६३९	४६५	७६८
३	६३	४५	२२३	३२३	२८६	३६८
४	५७	५७	१५०	२४४	२०७	३०१
५	३१	३२५	२२०	१०३६७	२५१	१०६९२
६	३९	२६	१९५	९६	२३४	१२२
७	८८	३५	५०९	३६७३	५९७	३७०८
८	१२२	९९	५३२	६००	६५४	६९९
९	२७४	१७५	४४६	३७२	७२०	५४७
जम्मा	८७७	९४२	२८२४	१७४२८	३७०१	१८३७०

स्रोत: घरपरिवार सर्भेक्षण, २०७७

मासुजन्य पशुपन्छीपालनमा प्रमुख रूपमा खसी बोका, कुखुरा, सुँगुर, टर्की, राँगाको उत्पादन हुने गरेको छ । गाउँपालिकाभित्र उत्पादनको अवस्था हेर्दा कुल बाख्रा वा खसी बोका १३९४८, कुखुरा ५५२४६, भैंसी राँगा २८२४, सुँगुर बंगुर ९५३, टर्की २०७ र अन्य १४४७ वटा पालन गरिएको देखिन्छ । वार्षिक मासु उत्पादनको अवस्था हेर्दा खसी बोकाबाट ३१५१० केजी, कुखुरा हाँसबाट २७०२९ केजी, सुंगुर बंगुरबाट २२९८१ केजी बराबरको पशुपन्छीको मासु वार्षिक रूपमा उत्पादन हुने गरेको छ । गाउँपालिकाभित्र पालन गरिएका घोडाको कुल सङ्ख्या १७ रहेको छ (तालिका १६) ।

तालिका १६ : वडागत मासु उत्पादनको अवस्था

वडा नम्बर	मासुजन्य उत्पादन (केजी)													घोडा
	बाख्रा/खसीबोका		सुँगुर बंगुर		कुखुरा			राँगा तथा भैसी		टर्की		अन्य		
	सङ्ख्या	मासु	सङ्ख्या	मासु	सङ्ख्या	अण्डा (गोटा)	मासु	सङ्ख्या	मासु	सङ्ख्या	मासु	सङ्ख्या	मासु	
१	१२८४	१०४६	१२१	१८९३	४८५७	११७९३	५०१	२३६	०	८	२०	४८०	०	०
२	२२७५	५३४३	३७	८०१	४९६०	२६२६५	५८३६	३१३	०	०	०	५०	०	२
३	११५४	९६६	१११	२२६	५३७४	८९९७	३३६	२२३	०	१२	१७	१२२	०	०
४	१३६१	२८३०	९३	५२८६	६०८२	१२२३६७	६३९४	१५०	०	११२	११८	७८	०	०
५	१२११	२७०७	११७	२६७६	१०१५१	३०५८८	२५१२	२२०	०	६०	५०	२८०	५०	०
६	७६५	८११	१०१	२६९८	२७७३	३७६३२	२४७	१९५	०	१३	२०	१०५	१५	०
७	२२५५	६२०१	१२३	२७२१	७४८३	३८९१४	२२९७	५०९	१२७६	०	०	१८८	०	२
८	१७८४	९३२३	१८३	६३९५	९५९६	१०५६४५	७६१४	५३२	६४६	२	०	१३७	२	१३
गाउँ कार्यपालिकाअन्तर्गत ९ वटा विषयगत शाखासहित, ९ वडा कार्यालय, उपशाखा, इकाई र केन्द्रमा कुल ७६ दरबन्दी रहेकोमा हाल १४३ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । कर्मचारीको दरबन्दी र उपलब्ध जनशक्ति विवरणलाई तालिका ४७ र चित्र ८ मा प्रस्तुत गरिएको छ ।

तालिका ३९: गाउपालिकाका विषयगत शाखा तथा मानव संसाधन विवरण

क्र.सं.	विषयगत शाखा तथा इकाई	दरबन्दी	उपलब्ध जनशक्ति	नाम	पद	सेवाको प्रकार
क	गाउँ कार्यपालिका					
१	प्रशासन, योजा तथा अनुगमन शाखा	१	१	नारायण बहादुर विष्ट	प्रमुख प्रशासकीय अधिकृत	स्थायी
१.१	प्रशासन इकाई	१	१४	राजकुमार चौधरी	कम्प्युटर अपरेटर (पाँचौ)	स्थाथी
				सन्तराम कठरिया	कम्प्युटर अपरेटर (पाँचौ)	स्थायी

				मेवालाल चौधरी (डमौरा)	खरिदार (चौथो)	स्थायी
				गंगाराम उपाध्याय	का.स.	स्थायी
				संगम बडायक	का.स.	करार
				जगदिश चौधरी	का.स.	करार
				समर चौधरी	का.स.	करार
				सन्तोष कुमार थारू	का.स.	करार
				कुसुम चौधरी	का.स.	ज्यालादारी
				रामलाल चौधरी	हे.स.चा.	करार
				चन्द्र प्रसाद डगौरा	हे.स.चा.	करार
				जितेन्द्र डगौरा	हे.स.चा.	करार
				चित्र बहादुर चौधरी	हे.स.चा.	करार
				सन्देश कुमार राई	हे.स.चा.	करार
१.२	राजस्व इकाई	१	१	भरत बहादुर थापा	सहायक पाँचौं (प्रशासन)	अस्थायी
१.३	कानुनी मामिला इकाई	१	३	खेम बहादुर	सहायक पाँचौं (कानुन)	करार
				गंगाराम चौधरी	सहायक पाँचौं (प्रशासन)	करार
				नेत्रप्रसाद जैसी	सहायक चौथो (प्रशासन)	करार
२	पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा (सडक, सिचाई तथा अन्य पूर्वाधार विकास इकाई र भवन तथा मापदण्ड कार्यान्वयन इकाई)	१३	९	योगेन्द्र शाही	ईन्जिनियर (छैठौं)	स्थायी
				लेखानाथ उपाध्याय	सब-ईन्जिनियर (पाँचौ)	स्थाी
				हरिप्रिया जोशी	सब-ईन्जिनियर (पाँचौ)	करार
				अशोक चौधरी	सब-ईन्जिनियर (पाँचौ)	स्थायी
				विक्रम बहादुर बोहरा	अ.स.ई. (चौथो)	स्थायी
				विपिन चौधरी	अ.स.ई. (चौथो)	स्थायी
				पुष्पा अवस्थी	अ.स.ई. (चौथो)	स्थायी
				नम्रता विष्ट	अ.स.ई. (चौथो)	करार
				रामकृष्ण चौधरी	अमिन (चौथो)	स्थायी
३.	मुनुवा स्वास्थ्य चौकी अन्तर्गत कार्यरत	६	१५	हेमराज बुढा	सि.अ.हे.व. अधिकृत (छैठौं)	स्थायी
				बृख विष्ट	ज.स्वा.नि. अधिकृत (छैठौं)	स्थायी
				विश्व माया पोखेल	सि.अ.न.मि. अधिकृत (छैठौं)	स्थायी
				नरेन्द्र चौधरी	हे.अ	स्थायी
				राज कुमार बडायक	अ.हे.व.	स्थायी
				बल बहादुर चौधरी	अ.हे.व.	स्थायी
				ठम राज बिनाडी	अ.हे.व.	स्थायी
				सुरेश कुश्मी	अ.हे.व.	स्थायी
				लक्ष्मण कुमार भण्डारी	अ.हे.व.	स्थायी

				रुपा कठरिया	अ.न.मि.	स्थायी
				राजेश चौधरी	ल्या.अ.	करार
				किरण चौधरी	अ.न.मि.	करार
				सरस्वती शर्मा	अ.न.मि.	करार
				रामभजन चौधरी	का.स	स्थायी
				फुलपती चौधरी	स्विपर	करार
४	पथरैया स्वास्थ्य चौकी	६	११	मिन बहादुर वि.क	सि.अ.हे.व. अधिकृत (छैठौं)	स्थायी
				बद्रिनारायण चौधरी	सि.अ.हे.व. अधिकृत (छैठौं)	स्थायी
				कृष्ण प्रसाद चौधरी	हे.अ.	स्थायी
				रेखा कुमारी बम	अ.हे.व	स्थायी
				रण बहादुर के.सी	अ.हे.व	स्थायी
				ज्योति बडु	अ.न.मि.	स्थायी
				भावना महतरा	अ.न.मि.	स्थायी
				टंकु भण्डारी	अ.न.मि.	करार
				भारती रावल	ल्या.अ.	करार
				जयराज रोकाया	का.स	करार
				लक्ष्मी चौधरी	स्वीपर	करार
५	आधारभूत स्वास्थ्य केन्द्र	-	३	विष्णु थापा	हे.अ	स्थायी
				उर्मिला रावल	अ.न.मि.	करार
				शिला चौधरी	का.स	करार
ग.	वडा कार्यालय					
१	वडा नं. १	१	३	पुरन बहादुर कठरिया थारु	मुखिया	स्थायी
				विरेन्द्र कु.चौधरी कठरिया	का.स.	स्थायी
				सिंजना चौधरी	का.स.	करार
२	वडा नं. २	१	३	रेनुका उपाध्याय	सहायक पाँचौ र वडा सचिव	स्थायी
				परमभक्त ओझा	मुखिया	स्थायी
				नाथुराम चौधरी	का.स.	स्थायी
३	वडा नं. ३	१	३	ईश्वर भट्टराई	सहायक पाँचौ र वडा सचिव	स्थायी
				गणेश बहादुर थापा	सहायक पाँचौ	अस्थायी
				सूर्य बहादुर चौधरी	का.स	करार
४	वडा नं. ४	१	२	गगन सिंह साउद	खरिदार र वडा सचिव	स्थायी
				नर्विर कुमाल	का.स.	स्थायी
५.	वडा नं. ५	१	३	ईश्वर जैसी	सहायक पाँचौ र वडा सचिव	स्थायी
				दुर्गा प्रसाद जोशी	सहायक पाँचौ	करार
				भुवन चौधरी	का.स.	करार
६.	वडा नं.६	१	३	बासुदेव अधिकारी	खरिदार र वडा सचिव	स्थायी

				हरि बहादुर विष्ट	मुखिया	स्थायी
				गोपी टमट्टा	का.स	करार
७.	वडा नं. ७	१	२	संदिप साउँद	सहायक पाँचौ र वडा सचिव	स्थायी
				रामकृष्ण चौधरी	का.स.	करार
८.	वडा नं. ८	१	२	श्यामकिशोर चौधरी	सहायक चौथो र वडा सचिव	स्थायी
				पूर्ण बहादुर विष्ट	सहायक चौथो	करार
९.	वडा नं. ९	१	२	प्रेम बहादुर बुढा	सहायक चौथो	करार
				सोनम कठरिया	का.स	करार
जम्मा		७६	१४३			

क्र.सं.	पद	तह	सेवा	समूह	उपसमूह	स्वीकृत दरबन्दी	अन्य सेवाबाट समायोजन हुने दरबन्दी	बाँकी दरबन्दी	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	८ औं	प्रशासन	सा.प्र.		१			
२	इन्जिनियर	७/८ औं	इन्जि.	सिभिल		१		१	
३	अधिकृत	७/८ औं	शिक्षा	शि.प्र.		१		१	
४	अधिकृत	७/८ औं	प्रशासन	लेखा		१		१	
५	अधिकृत	६ औं	प्रशासन	सा.प्र.		२		२	
६	आन्तरिक लेखापरीक्षक	५ औं	प्रशासन	लेखा		१		१	
७	सहायक	५ औं	प्रशासन	सा.प्र.		४		४	
८	कम्प्यूटर अपरेटर	५ औं	विविध			१		१	
९	लेखा सहायक	५ औं	प्रशासन	लेखा		१		१	
१०	प्रा.स.	५ औं	शिक्षा	शि.प्र.		१		१	
११	हे.अ.	५/६ औं	स्वास्थ्य	हे.ई.		१		१	
१२	सव-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		१		१	
१३	अ.सव.इन्जिनियर	चौथो	इन्जि.	सिभिल		१		१	
१४	स. महिला विकास निरिक्षक	चौथो	विविध			१		१	
१५	खा.पा.स.टे.	चौथो/पाचौं	इन्जि.	सिभिल	स्यानीटरी	१		१	
कार्यालय तर्फ जम्मा						११	०	१८	
वडा कार्यालय (९ वटा)								०	
१	सहायक	५ औं	प्रशासन	सा.प्र.		४		४	
२	सव-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		४	१	३	
३	सहायक	चौथो	प्रशासन	सा.प्र.		२	१	१	
४	अ. सव-इन्जिनियर	चौथो	इन्जि.	सिभिल		५		५	
५	मुखिया	तेस्रो	प्रशासन	सा.प्र.		३	३	०	
वडा कार्यालय तर्फ जम्मा						१८	५	१३	
कुल जम्मा						३७	५	३१	

चित्र ८: गाउपालिकाको सांगठनिक स्थिति

२.६.३ स्रोत परिचालन

गत आर्थिक वर्षको अनुमानित र यथार्थ विवरण तथा चालु आर्थिक वर्षको अनुमानित आय तथा व्ययको विवरण तालिका ४८ मा प्रस्तुत गरिएको छ।

तालिका ४०: गाउपालिकाको आय व्ययको स्रोत परिचालन विवरण

शीर्षक	गत वर्ष (रू. हजारमा)		चालु वर्ष (रू. हजार)
अनुमानित	यथार्थ		अनुमानित
क. आन्तरिक आय र राजश्व	२४११०९	२०१४१।२	२८२३३३।२९
शुरू मौज्दात र गत वर्षको मौज्दात र अन्य	८००००००	११३७७४११	१३०००००००
सम्पति कर	१००।००	०।००	०।००
मालपोत वा भुमिकर	५०००।००	२१५७।००	०००।००
घर वहाल कर	५०।००	११।९	१००।००
वहाल विटौरी कर	५०।००	९४।१५४	१००।००
सवारी साधन कर (साना सवारी)	२०।००	२०।३५	२०।००

स्रोतः लेखा शाखा, जानकी गाउँपालिका कार्यालय, २०७८

गाउँ कार्यपालिका कार्यालयको मातहतमा लोडर, ट्रिपर, जीप, स्कुटर, मोटरसाइकल लगायत जग्गा जमिनको कुल अनुमानित मुल्य रु. २ करोड भन्दा बढी रहेको छ। अचल सम्पत्तिका विवरण तालिका ४९ मा प्रस्तुत गरिएको छ।

तालिका ४१: अचल सम्पत्ति सम्बन्धि विवरण


गाउँपालिकको अचल सम्पत्तिको विवर(अचल सम्पत्तिको नाम	अनुमानित मुल्य (रु.)	कैफियत
जग्गा	१-१२-१०	
वडा नं. १ स्थित जग्गा	०-८-० ऐलानी	
जग्गा	१-१२-१०	
वडा नं. १ को बेलासपुर स्थित जग्गा	०-१०-०	
वडा नं. १ को बेलासपुर स्थित जग्गा र शौचालय	०-५-०	
वडा नं. २ स्थित जग्गा र भवन	०-१५-० ऐलानी, वडा कार्यालय र स्वास्थ्य चौकी	
वडा नं. ४ स्थित जग्गा र भवन	०-६-० र वडा कार्यालय	
वडा नं. ८ स्थित जग्गा	०-२-० र वडा कार्यालय भवन	
साबिक कृषि सेवा केन्द रहेको जग्गा	०-६-० ऐलानी र भवन	
मोटरसाईकल	५६३२३००.००	२७ थान
स्कुटर	२५४३५७.००	१ थान
जीप	९२२०६९५.००	२ थान
ब्याक हो लोडर	३६५०००.००	१ थान
ट्रिपर	६२६५०००.००	२ थान
जम्मा	२५०२२३५२.००	

स्रोतः लेखा शाखा, जानकी गाउँपालिका कार्यालय, २०७८

२.६.४ योजना व्यवस्थापन

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन मार्फत स्थानीय तहहरूलाई प्राप्त विकास निर्माण र सेवा प्रवाह सम्बन्धिका जिम्मेवारी व्यवस्थापन गर्न जानकी गाउँपालिकामा सामान्य प्रशासन शाखा, वित्तीय व्यवस्थापन शाखा, योजना शाखा, पूर्वाधार विकास तथा प्राविधिक शाखा, भूमि व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, कृषि विकास शाखा, पशुसेवा शाखा, स्वास्थ्य शाखा र आन्तरिक लेखा परीक्षण शाखा गरी ११ वटा शाखा रहने व्यवस्था गरिएको छ भने प्रत्येक शाखा मातहत केहि उपशाखा र इकाईहरूको समेत व्यवस्था गरिएको छ । योजना तर्जुमा समिति मार्फत पेश भएका विषयगत तथा क्षेत्रगत योजनाहरू क्रमस गाउँ कार्यपालिका हुँदै गाउँसभा बाट पारित भए पछि कार्यान्वयनमा आउने गरेको अवस्था छ । सवै शाखाहरूलाई निर्धारण गरिएको कार्य विवरणका आधारमा विषयगत शाखा अन्तरगतका योजनाहरू सञ्चालन तथा व्यवस्थपन गर्ने जिम्मेवारी मुख्य गरी सम्बन्धित शाखाको रहेको छ । गाउँ सभा बाट स्वीकृत भएका योजना, आयोजना तथा परियोजनाहरूको वास्तविक लागत तयार पारी बार्षिक खरिद योजना बमोजिम सम्बन्धित शाखा प्रमुखले प्रस्ताव तयार पारी प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनका लागि स्वीकृत भए पछि नियमानुसार कार्यान्वयनमा जाने व्यवस्था रहेको छ ।

गाउँ सभा बाट पारित वा स्वीकृत भएका विषयगत योजनाहरू मध्ये सवै विषयगत भौतिक पूर्वाधारका योजनाको हकमा योजना शाखा र पूर्वाधार विकास तथा प्राविधिक शाखाको जिम्मेवारी रहने व्यवस्था रहेको छ । निर्माण व्यवसायी, उपभोक्ता समति वा परामर्शदाता सँग भएको निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्झौता बमोजिम कार्यान्वयनमा गएका योजनाहरूको गुणस्तर कायम राख्न पालिकाको हकमा उपाध्यक्षको अध्यक्षतामा गठित अनुगमन समिति मार्फत अनुगमन गर्ने तथा वडाको हकमा वडा अध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले अनुगमन गरी यथार्थ विवरणका आधारमा पेश भएको प्रतिवेदनका आधारमा निर्माण प्रगति, गुणस्तर सुधार वा योजना सम्पन्न पछि फरफारक हुने व्यवस्था रहेकोछ । गाँउपालिकाको योजना व्यवस्थापन चित्र ९मा देखाइएको छ ।



चित्र ९: गाउँपालिकाको योजना व्यवस्थापन

जानकी गाउँपालिका स्थापना कालदेखि आफ्नो भू-भागमा बसोबास गर्ने समुदायको सन्तुलित भौतिक पूर्वाधार विकास, सामाजिक सेवा सुविधामा सबैको पहुँच पुर्‍याउने र वातावरणीय क्षेत्रमा बढ्दै गएको विकरालतालाई यथोचित नियोजित सम्बोधन गर्ने किसिमले योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र विकास योजनाको नतीजा तथा कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी विकासको प्राथमिक चरणमा छ। वार्षिक योजना तर्जुमा गरि गाउँपालिका सभा तथा कार्यपालिकाबाट स्वीकृत गरि कार्यान्वयन गर्ने प्रचलन देखिन्छ। तर योजना सूचि र योजनाले समेट्ने सबै क्षेत्रलाइ अनुपातिक रुपमा बजेट र विकास योजनामा समावेश गरेको देखिदैन। कतिपय अवस्थामा तथ्य र सूचनामा आधारित भन्दा भावनात्मक रुपमा र दवावका आधारमा योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रचलन विद्यमान छ। गाउँपालिकाको समग्र, सन्तुलित, समावेशी र वातावरण मैत्री विकास अभियानलाइ गति प्रदान गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ तथा नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षिय योजना (२०७६/०७७ -२०८०/०८१) का विकास योजनाले अंगिकार गरेका दीर्घकालिन लक्ष, सैद्धान्तिक आधार तथा योजना तर्जुमा र कार्यान्वयन प्रकृया अवलम्बन गरि गाउँपालिकाका विकास योजनाहरुको व्यवस्थापन गर्न आवश्यक छ। यस आवधिक योजनाले गाउँपालिकालाई समग्र पूर्ण, परिपक्व, यर्थाथवादी, प्रभावकारी र मितव्ययी विकास योजना तर्जुमा तथा कार्यान्वयनमा ठूलो योगदान दिने अपेक्षा गरिएको छ।

परिच्छेद ३: सोच तथा विकासको अवधारणा

३.१ पृष्ठभूमि

देशले अबलम्बन गरेको दीर्घकालीन विकास रणनीति अनुसार सहभागिता एवं सशक्तिकरणको माध्यमबाट स्थानीय तहलाई सार्वभौम बनाई शासन सत्ता एवं विकास निर्माणको कार्यमा अत्याधिक मात्रामा जनतालाई सक्रिय बनाउने कुरामा जोड दिएकोछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं स्थानीय तहको योजना तर्जमा दिग्दर्शन २०७८ ले बिकास योजनाको निर्माण तथा कार्यावन्यन र विकासको प्रतिफलमा सबैलाइ साझा हकदार बनाउने गरि स्थानीय तहको विकास कार्यलाई स्थानीय संभाव्यता र विशेषताका आधारमा वस्तुपरक एवं यथार्थवादी बनाउन आवधिक योजनाको महत्व औल्याएको छ। तसर्थ आवधिक योजना तर्जुमा गरी कार्यान्वयनबाट दिगो शान्ति सहित समुन्नत आर्थिक सामाजिक विकासको लागि जानकी गाउँपालिका ले विद्यमान चूनौतीलाई आत्मसात गर्दै योजनावद्ध रुपमा अगाडि बढन् उपलब्ध अवसर र सम्भावनाहरुलाइ आर्थिक सामाजिक सम्बृद्धिका लागि रुपान्तरण गर्न दीर्घकाली सोच, लक्ष्य तथा रणनितिको स्पष्ट मार्ग चित्र प्रदान गर्न यस आवधिक योजनाले गाउँपालिका विकासको अवधारणा तथा दीर्घकालीन सोच, लक्ष्य एवं उदेश्य निर्धारण गरेको छ।

३.२ प्रमूख समस्या तथा चुनौती

विकासका प्रमुख समस्याहरु

भू-संरचना, भौगोलीक अनुकूलता तथा हावापानीका कारण प्रसस्त खेतीयोग्य जमिन भएता पनि गाउँपालिका का सबै भागमा सडक नपुग्नु, अधिकांश जनतालाई जीविकोपार्जनको दिगो स्रोतको अभाव रहनु, स्थानीय स्रोत साधनको समुचित उपयोगको लागि क्षमता विकासका अवसरहरुको अभाव जस्ता समस्याहरुले विकास कार्यले गतिलिन सकिरहेको छैन्। समग्र गाउँपालिकाको विकासमा देखिएका चुनौती एवम् समस्याहरुलाई विषयगत क्षेत्रको रुपमा ताल उल्लेख गरिएको छ।

१. कृषि

१. कृषि बाली, फलफल तथा पशुपालनमा व्यवसायीकरण नहुनु,
२. कृषकहरुमा पर्याप्त प्राविधिक सेवा पुग्न नसक्नु,
३. कृषि बजारको विकास हुन नसक्नु,
४. पर्याप्त सिंचाई सुविधाको अभाव,
५. पशु स्वास्थ्य सेवा पर्याप्त नहुनु,
८. कृषि आधुनिकिरणबारे कृषकहरुमा चेतनाको कमी हुनु,
९. व्यावसायिक खेती तथा पशुपालन व्यवसायको प्रवर्द्धनका लागि संस्थागत प्रयास हुन नसक्नु,

२. पर्यटन

१. विभिन्न पर्यटकिय स्थल तथा बैकल्पिक पदमार्गहरुको पहिचान तथा प्रचार प्रसार नहुनु,
२. पर्यटकिय भौतिक पूर्वाधारको विकास नहुनु,
३. निजी क्षेत्रसँग समन्वय गर्न नसक्नु,

स्रोतः संस्थागत सर्भेक्षण, २०७७

३. उद्योग तथा व्यपार

१. स्थानीय कच्चा पदार्थमा आधारित संभाव्य उद्यम, साना तथा मझौंला द्योगहरुको पहिचान नहुनु,
२. स्थानीय व्यक्तिहरुमा उद्यम सम्बन्धी सीपमुलक तालिमको अभाव हुनु,
३. उद्योग प्रवर्द्धनको लागि संस्थागत सेवाको अभाव हुनु,
४. आवश्यक वित्तीय साक्षरता एवम् सेवा सुविधाको कमि हुनु,

४. सामाजिक विकास

(क) शिक्षा

१) चेतनाको कमी हुनु,
२) छरिएर रहेका र पातलो बस्तीले गर्दा विद्यालय संचालनको लागि आवश्यक विद्यार्थी सङ्ख्या नहुनु,
३) अभिभावक तथा विद्यार्थीहररुमा सामुदायिक विद्यालयको शिक्षा सेवाबाट सन्तोष नहुनु,
४) सामुदायिक विद्यालयमा विद्यार्थि अनुपात कम हुनु ,
५) दक्ष र तालिम प्राप्त शिक्षकको कमी हुनु ,
६) प्राविधिम शिक्षाको कमि हुनु ,
७) साक्षरता कार्यक्रम अभियानको रुपमा संचालन हुन नसक्नु ,

(ख) स्वास्थ्य

१. गाउँपालिकास्तरीय अस्पताल नहुनु,
२. स्वास्थ्य/उप-स्वास्थ्य चौकीहरु पर्याप्त नहुनु ,
३. औषधि तथा उपकरणहरु पर्याप्त मात्रामा उपलब्ध नहुनु ,
३. स्वास्थ्य/उप-स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार कमजोर रहनु ,
४. प्रजनन स्वास्थ्य सम्बन्धी विषयमा जन चेतनाको कमी हुनु ,
५. व्यक्तिगत स्वास्थ्य तथा सरसफाई सम्बन्धमा जनचेतनाको कमी हुनु ,

(ग) बालबालिका विकास

१. वाल बालिका बिकास सम्बन्धी निर्देशिका निर्माण भै कार्यान्वयन नहुनु ,
२. वाल समूह, वाल सञ्जाल र वाल क्लब को विकास नहुनु ,
३. विपन्न तथा दलित परिवारका वालवालिकाहरुको पठन पाठनको लागि छात्रवृत्ति लगायत अन्य सेवा सुविधाको उचित व्यवस्था हुन नसक्नु ,
४. वाल श्रम तथा वाल अधिकार बारे जनचेतनाको कमी रहनु ,

(घ) महिला विकास

१. महिलाहरुको लागि आय आर्जनका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन नहुनु ।
२. महिलाको सामाजिक शशक्तिकरणको अवस्था कम्जोर हुनु,
३. महिलाहरुको राजनैतिक सहभागिता न्यून हुनु,।

५. दलित, उत्पिडित तथा पिछडिएको जाति/जनजाति

१. अपाङ्ग, दलित, उत्पिडित तथा पिछडिएको जाति जनजातिको लागि पर्याप्त विशेष कार्यक्रम नहुनु,

६. खानेपानी तथा सरसफाई

१. सुरक्षित खानेपानीको सुविधा नहुनु,

२. खानेपानी मुहानको सरसफाई नहुनु,

३. वस्तीहरुमा सहती ढलको व्यवस्था नहुनु,

७. भौतिक पूर्वाधार

१. गाउँपालिकाको केन्द्रबाट सबै वडाँहरुमा पक्कि सडकको कमि,

२. सबै वडाहरुमा पर्याप्त सिंचाइ सुविधा तथा कार्यालयहरुमा भौतिक पूर्वाधारको कमी,

३. स्थानीय तहमा प्रशासनिक भवन तथा सभाहल नहुनु,

५. साना जलविद्युत् आयोजना सञ्चालनमा निजी क्षेत्रलाइ प्रोत्साहित गर्ने कार्यको कमी ।

८. विपद व्यवस्थापन

१. जलधार, पोखरी तथा तालहरुको संरक्षणको लागि ध्यान नदिइनु,

२. नदी किनारको खेतीयोग्य जग्गा बर्षेनी कटान हुनु,

३. वन अतिक्रमण तथा चोरी कटानी बढि हुनु,

४. जलवायु परिवर्तन अनुकुलन क्षमता तथा विपद् जोखिम व्यवस्थापनमा स्थानीय मानिसको क्षमता विकास नहुनु

९. जडिबुटी तथा वनस्पती

१. पालिकामा उपलब्ध प्राकृतिक स्रोत व्यवस्थापन, संरक्षण तथा उपयोग सम्बन्धी गुरु योजना नहुनु ,

२. उपलब्ध जडिबुटीको पहिचान, प्राथमिकिरण र प्रयोग र बजार व्यवस्थापन् सम्बन्धी अनुसन्धान नहुनु ,

३. जडिबुटीको प्रशोधन, खपतका लागि कार्यक्रम नहुनु ।

३. जडिबुटीको जथाभावी संकलन गर्ने परम्परा रहनु र राजस्व संकलनमा योगदान नदेखिनु,

४. जडिबुटीको संकलनमा आधुनिक सीप र ज्ञानको कमी हुनु ,

५. जटिुबटी पाइने क्षेत्र संरक्षणमा ध्यान नदिइनु ,

१०. वन तथा वातावरण

१. बैज्ञानिक वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण सम्बन्धी प्रभावकारी कार्यक्रम नहुनु,

२. वन पैदावरको विकास, उपयोग र संरक्षण सम्बन्धी कार्यक्रम नहुनु ,

३. वन सम्पदा संरक्षण तथा वृक्षारोपण जस्ता कार्यक्रममा स्थानीय बासिन्दाको सहभागीता नहुनु ,

४. तिब्ररुपमा वन क्षेत्र अतिक्रमण हुनु,

११. वित्तिय तथा संस्थागत स्रोत, क्षमता विकास र व्यवस्थापन

१. गाउँपालिका भित्रको आन्तरिक आयका संभाव्य स्रोतको पहिचान तथा उपयोग र परिचालन पर्याप्त मात्रामा नहुनु ,

२. परियोजना कार्यान्वयनमा पर्याप्त मात्रामा जनसहभागिता नहुनु,

३. नियमित अनुगमन तथा मूल्यांकनको प्रभावकारी संयन्त्र नहुनु ,

४. आर्थिक मितव्ययिता, संस्थागत जिम्मेवारी , सेवागत अनुशासन तथा विकासका काममा पार्दर्शिताको कमी ,

५. कर्मचारीहरुलाई क्षमता विकासका अवसरहरुको अभाव , र

६. विषयगत शाखाहरुबाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्यान्वयनमा समन्वयको कमी ।

७ वित्तीय साक्षरता तथा वित्तीय अनुसाशनको कमि ।

३.३ प्रमूख सम्भावना तथा अवसर

सम्भावना

- अन्नबाली (गहुँ, धान), तोरी, केरा उत्पादनका लागि उपयुक्त हावापानी तथा कृषि भूमि रहेको,
- गाउँपालिकाको अवस्थिति दुईवटा नगरपालिकाको विचमा रहेकाले गाउँपालिकाको बजारीकरण तथा औद्योगिकरणको अवस्था रहेको,
- बहुजातीय समुदायको बसोबास क्षेत्र भएकाले साँस्कृतिक, सामाजिक रुपान्तरणको प्रबल सम्भावना रहेको,
- कूल जनसङ्ख्याको झण्डै ६४ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेकोले ठूलो श्रम शक्तिको उपलब्धता,
- स्थानीय संस्कृति, जैविक आकर्षण तथा कर्णाली कोरिडोरको अवस्थितिले गर्दा पर्या-पर्पटन प्रवर्द्धन गर्ने सम्भावना रहेको र
- छिमेकी मुलुक भारतको सीमा नजिक भएका कारण जडिबुटी, प्रशोधन, तरकारी खेती, दुध उत्पादन तथा केरा खेती पकेट क्षेत्रबाट पालिकाको अर्थतन्त्रमा यथेस्ट योगदान पुग्ने सम्भावना रहेको छ।

अवसर

- सुदूरपश्चिम प्रदेश तथा कैलाली जिल्लाको कृषि उर्बर क्षेत्रमा रहेको,
- जानकी गाउँपालिकाका धेरैजसो वडाहरू कृषि, व्यापार र उद्योगका लागि उपयुक्त अवस्थिति हुन्,
- बजारक्षेत्र विस्तार, साना उद्यम तथा व्यापारको द्रुतगतिमा विकास हुने अवस्था रहेको,
- पर्या-पर्यटन प्रवर्द्धन गर्ने उपयुक्त अवस्था रहेको,
- लम्कीचुहा-टिकापुर सडकले गाउँपालिकाको धेरै वडाहरू छुने र ढुँडेभ्कारी सडक गाउँपालिकाको क्षेत्रफल वारपार हुने भएकोले टिकापुर पार्क हेर्न आउने पर्यटकलाई आकर्षण गर्ने भौतिक सुविधा, खानाका परिकार, सांस्कृतिक क्रियाकलाप, जात्रा, आदिको विकास गरी आय आर्जन वृद्धि गर्ने अवस्था रहेको
- सुदूर-पश्चिम प्रदेशकै एक मुख्य आर्थिक केन्द्रको रूपमा स्थापना गरी देशभरी नै प्रचार-प्रसार गर्न सकिने

समग्रमा जानकी गाउँपालिकाको वस्तुस्थिति विश्लेषणबाट सम्भावना, दिगो विकासका लक्ष्य हाँसिल गरी गाउँबासीको जिवनस्तर सम्मुनत बनाउने अवसर तथा विकासको मार्ग चित्र (Road Map) मा निम्न लिखित सबल पक्ष, निर्बल पक्ष, अवसर तथा चुनौतिहरुको (SWOT) चित्रण गरिएको छ।

तालिका ४२: अवसर तथा विकासको मार्ग चित्र सबल पक्ष, निर्बल पक्ष, अवसर तथा चूनौति

सबल पक्ष	सुधार गर्नुपर्ने पक्ष
• अन्नबाली (गहुँ, धान), तोरी, केरा उत्पादनका लागि उपयुक्त हावापानी तथा पर्याप्त कृषि भूमि रहेको • गाउँपालिकाको अवस्थिति दुईवटा न.पाको विषयमा रहेकाले गा.पा. को बजारीकरण तथा औद्योगिकरणको अवस्था रहेको	• कृषि प्रणालीलाई सुधार गरी आधुनिक सुविधा मौलिक प्रयासको माध्यमबाट कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने • वर्षौभरी सिंचाइ तथा सडक सञ्जालको व्यवस्था गर्नुपर्ने • भौगोलिक/प्राकृतिक स्रोतको सही प्रयोग एवं वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने।

• बहुजातीय समुदायको बसोबास क्षेत्र भएकाले साँस्कृतिक, सामाजिक रुपान्तरणको प्रबल सम्भावना रहेको • कूलजनसङ्ख्याको झण्डै ६४ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेको • स्थानीय संस्कृति, जैविक आकर्षण तथा कर्णालीको कोरिडोरको अवस्थितिले गर्दा पर्पा-पर्पटन प्रवर्द्धन गर्ने सम्भावना रहेको • छिमेकी मुलुक भारतको सीमा नजिक भएका कारण जडिबुटी, प्रशोधन, तरकारी खेती, दुध उत्पादन तथा केरा खेती पकेट क्षेत्रबाट पालिकाको अर्थतन्त्रमा यथेस्ट योगदान पुग्ने अवस्था ।	• भू-उपयोग वर्गिकरण (Zoning) का आधारमा गाउँपालिकाको भू-उपयोग अवस्थालाई सुदृणीकरण गर्नुपर्ने • कृषि खेती तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्नुपर्ने । • छाडा तथा स्थानान्तरण हुने पशुचौपायहरूको उचित व्यवस्थापन गर्ने • पालिकाको वन, वातावरण व्यवस्थापनमा सुधार गर्नुपर्ने । • शिक्षा स्वास्थ्य तथा सामाजिक सुरक्षा जस्ता आम पालिका बासीको पहुँच सुनिश्चित गर्ने । • भू-उपयोग वर्गिकरणका आधारमा औद्योगिक भूमि क्षेत्रमा उद्योग स्थापनाका पूर्वाधार निर्माण गर्ने । • बजार क्षेत्र विस्तार तथा व्यवस्थित गर्ने । • सडक क्षेत्राधिकार, भवन निर्माण आचारसंहिताको पूर्ण पालना गरी सडक सञ्जाल निर्माण, बस्ती विकास तथा जग्गा विकास गर्ने • वातावरणीय प्रभाव मूल्याङ्कनको विकास योजना कार्यान्वयनमा समूचित ध्यान दिने । • स्थानीय अनुकूल कार्ययोजना तथा विपद् जोखिम व्यवस्थापनलाई एकिकृत गरी वार्षिक योजनामा समावेश गर्ने । • कृषि विमा तथा पशु विमा कार्य प्रवर्द्धन गर्ने • गाउँपालिकाको विद्युतीय सूचना प्रणाली, विद्युतीय सेवा तथा सूचना अध्यावधिलाई सुदृण गर्ने • गाउँपालिकाको सेवाप्रवाहमा सुधार ल्याउन कार्यरत जनशक्तिको क्षमता विकास तथा विषयगत दक्ष कर्मचारीको व्यवस्था गर्ने ।
	•
अवसर	• **चुनौति**
• सुदूरपश्चिम प्रदेश तथा कैलाली जिल्लाको कृषि उर्बर क्षेत्रमा रहेको । • जानकी गाउँपालिकाका धेरैजसो वडाहरू कृषि, व्यापार र उद्योगका लागि उपयुक्त अवस्थिति हुन् । • बजारक्षेत्र विस्तार, साना उद्यम तथा व्यापारको द्रुतगतिमा विकास हुने अवस्था रहेको • पर्या-पर्यटन प्रवर्द्धन गर्ने उपयुक्त अवस्थिति भएको • लम्कीचुहा-टिकापुर सडकले गाउँपालिकाको धेरै वडाहरू छुने र ढुँडेझारी सडक गा.पा. को क्षेत्र	• कृषि, पशुपालन सम्बन्धी आवश्यक सीप र प्रविधिको विकास नहुनु • गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत, साँस्कृतिक सम्पदा एवं मौलिक ज्ञान सीपको उचित प्रयोग नहुनु • वन सम्पदाको संरक्षण तथा पाइने जडिबुटीको संरक्षण उपयोग तथा प्रशोधन संस्थागत रूपमा नहुनु • भू-उपयोग ऐन २०७९ बमोजिम भू-क्षेत्र तथा क्षेत्राधिकार निर्धारण नहुनु । • युवा रोजगारी तथा स्थानीय उत्पादनमा कम जोड दिनु

भै वारपार हुने भएकोले टिकापुर पार्क हेर्न आउने पर्यटकलाई आकर्षण गर्ने भौतिक खानाका परिकार, सांस्कृतिक क्रियाकलाप, जात्रा, आदिको विकास गरी आय आर्जन वृद्धि गर्ने अवस्था • सुदूर-पश्चिम प्रदेशकै एक मुख्य आर्थिक केन्द्रको रूपमा स्थापना गरी देशभरी नै प्रचार-प्रसार गर्न सकिने ।	• जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास र सहज सार्वजनिक सेवाको सुनिश्चितता नहुनु • गाउँपालिकाको आन्तरिक स्रोत परिचालन • स्थानीय बासिन्दाको जनचेतनाको स्तर अभिवृद्धि गरी सहभागितात्मक विकासको प्रयास नहुनु ।

३.४ निर्देशक सिद्धान्त

१ कृषि, उद्योग, व्यपार तथा पर्यटन क्षेत्रलाइ गाउँपालिका को आर्थिक विकासको अग्रिम क्षेत्र (Lead sector)को रुपमा विकास गरिने छ ।
२ प्राकृतिक स्रोत सम्पदाको संरक्षण र उपलब्ध साधनको समुचित विकासको अवधारणालाई मूल आधार बनाइनेछ ।
३ स्थानीय संस्कृति, मानवीय तथा प्राकृतिक स्रोत साधनको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।
४ सामाजिक रुपमा पिछडिएका जनजातिलाई विकासको मूलधारमा समाहित गरिनेछ ।
५ कार्यक्रम तर्जुमा र सञ्चालनमा लैङ्गिक समानतलाई केन्द्रविन्दुको रुपमा लिइनेछ ।
साामाजिक न्याय र मानव अधिकारको सुनिश्चितता गरिनेछ ।
६ कार्यक्रम सञ्चालनमा सामाजिक परिचालन तथा जनसहभागितालाई जोड दिइनेछ ।
७ विकास निर्माण कार्यहरुमा सरकारी, निजी क्षेत्र, सहकरी संघ/संस्था र नागरिक समाजको सहकार्यमा जोड दिइनेछ ।
८ सामाजिक न्याय र मानव अधिकारको सुनिश्चितता प्रति सचेत रहनेछ ।
९ हस्तान्तरण सिद्धान्तलाई मूल आधारमानी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१० स्थानीय विकासका कार्यहरुलाई प्रभावकारी, कम खर्चिलो र पारदर्शी बनाई गाउँपालिकाबासीलाई सुशासनको प्रत्याभूति दिइनेछ ।

३.५ सोच, लक्ष्य तथा उद्देश्य

दीघकालीन सोच

“शिक्षा, स्वास्थ्य, कृषि र वातावरण मैत्री पूर्वाधारः पहिचान सहित जानकी गाउँपालिका विकासको मुल आधार”

२.३ समष्टिगत लक्ष्य

“आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रको सन्तुलित विकास भै पालिका बासिको समग्र जीवनस्तरमा दीगो एवं गुणस्तरीय सुधार भएको हुनेछ” ।

गाउँपालिकाले सञ्चालन गर्ने विकासात्मक कृयाकलापको गुणातमक तथा परिमाणात्मक रुपमा निर्धारित निम्न लक्ष्य अनुसारको प्रगति हांसिल भै जानकी गाउँपालिकाको आर्थिक, सामाजिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन सुशासनमा अभिबृदि गरि गाउँपालिका बासकिो जीवनस्तरमा सुधार आएको हुने छ। विशिष्टिकृत लक्ष्य निम्नानुसार रहेका छन् ।

१. तुलनात्मक लाभका कृषि, पर्यटन, उद्योग तथा व्यापार प्रवर्द्धन गर्ने;

२. कृषि, पशुपक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने;

३. प्रारम्भिक बालविकास, गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा खानेपानी सुविधा, सामाजिक सुरक्षामा सहज पहुँच र उपभोग सुनिश्चित गर्ने;

४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा संञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने;

५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, जलवायु उत्थानशील र दिगो बनाउने; र

६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने ।

२.४ उदेश्य

- अन्नबाली,फलफुल, तरकारीखेती र पशुजन्य वस्तुहरुको उत्पादनमा बृदि तथा ब्यावशायीकरण गरी खाध सुरक्षा एवं आयआर्जनमा बृदि गर्ने,
- स्थानीय संस्कृतीको पहिचान एवं प्रवर्धन र पर्यटकीय आर्कषणका पक्षहरुको बिकास गरी पर्यटन ब्यवशायलाइ प्रर्बर्धन गर्ने,
- आधुनिक सीप, वित्तीय साक्षरता एवं सेवाको बिकास गरी स्थानीय स्रोतमा आधारित उद्यम, ब्यवशाय,ब्यपार तथा पर्यटन सम्बन्धी सुविधा सर्बसुलभ बनाउने,
- जडिबुटी पहिचान, प्राथमिकिकरण संरक्षण तथा प्रशोधनको बिकास गरी आय आर्जनमा बृद्धि गर्ने,
- वन तथा जैबिक विविधताको संरक्षण गरी समुदाय स्तरमा बातावरण मैत्री बिकास कार्यहरु संचालन गर्ने,
- विपद जोखिम ब्यवस्थापन तथा जलवायु अनुकुलन क्षमता विकास गरि समदाय विचको जल, जमिन र जंगलसंगको सम्बन्धलाइ सुदृण एवं बिस्तार गर्ने,
- होमस्टेको बिस्तार गरी पर्यटन ब्यवसायबाट आयआजर्नमा बृदि गर्ने,
- ग्रामिण तथा कृषि सडकको स्तरउन्नती गरी यातायातको सुबिधालाइ बृदि गर्ने,
- कृषि क्षेत्रको उत्पादकत्व अभिबृदि गर्न खेतबारीमा सिंचाइ सुविधा बर्षभरि नै पुरयाउने,
- पुशपालन ब्यवशायलाइ ब्यवस्थित, उत्पादक र रोजगारीमुलक बनाउने,
- शिक्षा, स्वास्थ्य, खानेपानी, ढलनिकास, र बजार बिकासको अवस्थामा सुधार गर्ने,
- उधोग बाणिज्य तथा भौतिक पुर्वाधार बिकास एवं लघुजलबिधुत बिकासमा निजी क्षेत्रको सहभागिता अभिबृद्धि गर्ने,
- स्थानीय कला संस्कृति परम्परा एवं सम्पदाको संरक्षण गर्ने,
- पालिकामा उपलब्ध स्रोतसाधन परिचालनमा स्थानीय निकायहरुको क्षमता बिकास गरी बिकास निर्माणमा संस्थागत ब्यवस्थापनको प्रत्याभुतिदिने,

- महिला बालबालीका उपेक्षित उत्पीडित समुदायहरुको मुल प्रबाहीकरणका कार्यक्रमहरु संचालन गर्ने,
- दीगोवस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्वमा अभिबृदि गर्ने,
- सार्वजनिक सेवामा सुदृढिकरण गर्ने,
- दीगो विकासका लक्ष्यको आन्तरिकरण गर्ने, र
- नियमित अनुगमन तथा मुल्याङकन पद्धतिको विकास गर्ने,

३.६ परिमाणात्मक लक्ष्य

यस आवधिक विकास योजनाका परिमाणात्मक लक्ष्य तालिका ५१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४३: आवधिक विकास योजनाका परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	इकाई	आ.व. २०७८/०७९ को यथार्थ	आ.व. २०८३/०८४ को लक्ष्य	पुस्टयाईँका आधार
क.	**आर्थिक विकास क्षेत्र**				
१.	कृषि बिमा	प्रतिशत	-	२५	कृषिशाखा
२.	पशुपंक्षी बिमा	प्रतिशत	-	१५	पशुसेवा शाखा
३.	बाख्रा फार्म	सङ्ख्या	४४	६०	पशुसेवा शाखा
४.	कृषि तथा पशुपंक्षी फार्म	सङ्ख्या	२३	४०	
५.	कोल्ड स्टोर (निर्माणाधिन)	सङ्ख्या	-	३	
६.	कृषि हाटबजार	सङ्ख्या	१	५	
७.	बैंकको शाखा (क र ख वर्ग)	सङ्ख्या	१	७	
८.	लघुवित्त संस्थाको शाखा	सङ्ख्या	१२	१८	
९.	बचत तथा ऋण सहकारी संस्था	सङ्ख्या	६	१२	
१०.	कृषि सहकारी संस्था	सङ्ख्या	३२	४५	
११.	ग्रामिण विद्युत सहकारी	सङ्ख्या	२४	२८	
१२.	बहु उद्देश्यीय सहकारी संस्था	सङ्ख्या	३	६	
१३.	महिला सहकारी संस्था	सङ्ख्या	१२	१५	
१४.	सहकारी संस्थाको निक्षेप संकलन	रू. हजारमा	२०००	३५००	
१५.	सहकारी संस्थाको ऋण परिचालन	रू. हजारमा	५००	१०००	
१६.	सहकारीमा आवद्ध कर्मचारी	सङ्ख्या	१००	१५०	

१७.	सहकारी सुपथ मूल्यका पसल स्थापना	सङ्ख्या	०	५	
१८.	भूमिहिन घरपरिवार	सङख्या	२१७४	१२००	
१९	आन्तरिक राजस्व	रू.हजारमा	१५०००	३०००००	
२०.	आन्तरिक तथा बाह्य पर्यटक आगमन	सङ्ख्या	१०००	२०००	
२१.	होमस्टे (सामुदायिक र निजि)	सङ्ख्या	१	५	
२२.	पर्यटन पदमार्ग	सङ्ख्या	२	५	
२३.	औद्योगिक ग्रामको स्थापना	सङ्ख्या	०	१	
२४.	वेरोजगारी दर	प्रतिशत	१२	७	
२५.	आर्थिक थपले सक्रिय जनसङ्ख्या	प्रतिशत	६३.३६	६५	
२६.	निरपक्ष गरीवीको रेखामुनि रहेको जनसङ्ख्या	प्रतिशत	९.२५	५.५६	
ख.	**सामाजिक विकास क्षेत्र**				
२७.	नमुना विद्यालय क्रमागत (प्रदेश र केन्द्र)	सङ्ख्या	१	५	शिक्षा शाखा
२८.	प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालय	सङख्या	-	९	शिक्षा शाखा
२९.	बालमैत्री पूर्वाधार भएका विद्यालय	सङख्या	३३	४५	शिक्षा शाखा
३०.	पुरुष साक्षरता दर ६ वर्ष देखी माथीको	प्रतिशत	९५	१००	शिक्षा शाखा
३१.	महिला साक्षरता दर ६ वर्ष देखी माथीको	प्रतिशत	९५	९८	शिक्षा शाखा
३२.	कम्प्युटर ल्याव स्थापना भएको विद्यालय	सङ्ख्या	४	२५	शिक्षा शाखा
३३.	विज्ञान प्रयोगशाला स्थापना भएका विद्यालय (६ -१२)	सङख्या	८	१६	शिक्षा शाखा
३४.	स्नातक तह अध्ययन गराउने क्याम्पस	सङ्ख्या	-	१	शिक्षा शाखा
३५.	नमुना बालविकास केन्द्र	सङ्ख्या	१		शिक्षा शाखा
३६.	इ- हाजिरी भएका विद्यालय	सङ्ख्या	३३	४८	शिक्षा शाखा
३७.	सिसि क्यामरा जडान भएका विद्यालय	सङ्ख्या	१	३०	शिक्षा शाखा
३८.	कोभिडको भ्याक्सिन लगाउने जनसङ्ख्या	संङख्या	४८१४८	शतप्रतिशत	स्वास्थ्य शाखा

३९.	सुत्केरी भत्ता लिने	प्रतिशत	१००	१००	
४०.	दक्ष प्रसुतिकर्मीबाट जन्मने बच्चा	प्रतिशत	२१%	६०	
४१.	संस्थागत प्रसुति	प्रतिशत	६२%	९०	
४२.	परम्परागत उपचारमा संङ्लग्न जनशक्तिलाई क्षमता विकास तालिम	सङ्ख्या	-	२०	
४३.	खोपकेन्द्र	सङ्ख्या	२२	३०	
४४.	आयुर्वेद औषधालय	सङ्ख्या	-	१	
४५.	गाउँपालिकको जम्मा जनसङ्ख्या	जना	६४८१२	६७८९०	
४६.	घरधुरी	सङ्ख्या	११५२७	१२०७३	
४७.	जनघनत्व (जना प्रति वर्ग. कि. मि.)	जना	१८४.१७	६३४.४२	
४८.	प्रति परिवार औषत सदस्य सङ्ख्या	जना	५.६२	५.००	
४९.	वार्षिक औषत जनसङ्ख्या वृद्धिदर	प्रतिशत	-०.९५	०.९५	
५०.	५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता	प्रतिशत	८१.५४	९८	
५१.	गैससका कार्यक्रम गाउँपालिकाको योजना प्रणालीमा आबद्धता	सङ्ख्या	-	४०	
ग.	**भौतिक पूर्वाधार विकास क्षेत्र**				
५२.	३० मिनेट सम्मको दुरिमा यातायात पहुँच भएको परिवार	प्रतिशत	६०	८५	
५३.	कालोपत्रे सडक	कि. मि.	२५	६०	
५४.	ग्राभेल सडक	कि. मि.	२००	४००	
५५.	कृषि सडक	कि. मि.	१६	४०	
५६.	कच्ची सडक स्तरोन्नती	कि. मि.	२०	३२	
५७.	पक्की पुल	सङ्ख्या	१०	३०	
५८.	झोलुङ्गे पुल	सङख्या	१	३	
५९.	काठको पुल	सङख्या	३	१	
६०.	कल्भर्ट	सङ्ख्या	४८	६८	
६१.	सवै मौसममा सडक सगँ आबद्ध वडा	सङ्ख्या	६	९	

६२.	वडालाई स्मार्ट वडाका रूपमा विकास गर्ने	सङ्ख्या	-	५	
६३.	ट्राफिक पोष्ट स्थापना	सङख्या	-	३	
६४.	ट्राफिक संङकेत	सङख्या	-	८	
६५.	जेब्रा क्रसिङ्ग	सङख्या	-	३२	
६६.	बसपार्क निर्माण	सङ्ख्या	-	१	
६७.	प्रयाप्त खानेपानी सुविधा पुगेको घरधुरी	प्रतिशत	९९	१००	
६८.	नीजि धाराबाट खानेपानी पुगेको घरधुरी	प्रतिशत	२.३६	२५	
६९.	विद्युत्मा पहुँच प्राप्त घरधुरी	प्रतिशत	९९.७३	१००	
७०.	गोबरग्यास जडित् घरधुरी	सङख्या	११.९९	१५	
७१.	खर, झिंगटी/स्लेट को छाना भएको घरधुरी	प्रतिशत	३.२८	१।५	
७२.	आरसिसि भएका व्यक्तिगत घरधुरी	प्रतिशत	१०.२९	५.६०	
७३.	वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन	हेक्टर	९७४७.७५	११५००	
७४.	नियमित मर्मत तथा पुर्नस्थापना सिँचाइ योजना	सङ्ख्या	१०	२५	
घ.	**वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र**				
७५.	सामुदायिक वन	संङ्ख्या	२०	२५	
७६.	वनले ढाकेको क्षेत्रफल	हेक्टर	४३१८.१६ हेक्टर	४५००	
७७.	जलाधारको संरक्षण	सङख्या	-	१५	
७८.	जोखिममा परेका बस्ती स्थान्तरण	सङख्या	-	१००	
७९.	विपद् जोखिम नक्सांङ्कन	सङ्ख्या	९	४५	
८०.	विपद वाट भएको वार्षिक क्षति	रुपैयाँमा	५६४६५०००	३५७८२०००	
८१.	विपद् वाट मृत्युभएको जनसङ्ख्या	सङ्ख्या	१७	०	
८२.	विपद् वाट प्रभावित परिवार	सङ्ख्या	१९८२	४००	

	सङ्ख्या				
८३.	प्रकोप वाट पूर्वाधारमा भएको क्षति	रुपैयाँमा	१३३७८०००	३४५२००	
८४.	पहिरो रोकथाम तथा नियन्त्रण	सङ्ख्या	-	-	
ङ.	**संस्थागत तथा सुशासन विकास क्षेत्र**		-	-	
८५.	गाउँसभामा महिलाको प्रतिनिधित्व	प्रतिशत	२२.४७	३३	
८६.	वडा अध्यक्षमा निर्वाचित महिला सदस्य	सङ्ख्या	-	४	
८७.	गाउँसभामा दलित महिलाको प्रतिनिधित्व	सङख्या	११	१८	
८८.	रेडियो प्रयोग गर्ने घरधुरी	प्रतिशत	-	५	
८९.	टेलिभिजन प्रयोग गर्ने घरधुरी	प्रतिशत	४२.६४	७५	
९०.	मोवाइलमा पहुँच पुगेको जनसङख्या	प्रतिशत	९३.१८	१००	
९१.	इन्टरनेट प्रयोगकर्ता	प्रतिशत	१५	६०	
९२.	सूचना माग गर्ने	सङ्ख्या	५०	५००	
९३.	सार्वजनिक सुनुवाई गर्ने वडा	सङ्ख्या	९	१८	
९४.	इ-विडिङ्ग मार्फत आयोजनाको सार्वजनिक खरिद	प्रतिशत	१५	१००	
९५.	योजनाको अनुगमन तथा मूल्याङ्कन	प्रतिशत	९५	१००	
९६.	अध्ययन, अनुसन्धान तथा परामर्श सेवा	सङ्ख्या	७	३०	
९७.	बजार अनुगमन	पटक	१	४	
च.	**अन्तरसम्बन्धित विकास क्षेत्र**				
९८.	प्रहरी चौकी स्थापना र भवन निर्माण	सङ्ख्या	२	३	

९९.	मानव अधिकार उलङ्घनका घटना	सङख्या	-	०	
१००	राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नागरिक	प्रतिशत	२५	७५	
१०१.	दर्ता भएका लैङ्गिक हिंसा लगायत अपराध अनुसन्धानको अनुपात	सङख्या	१२:१००	१८: १००	
१०२.	गाउँपालिकाको कूल खर्चमा बेरूजुको अनुपात	प्रतिशत	३.०३८	०	
१०३.	साना होटल तथा रेष्टुरेन्ट	सङ्ख्या	१	९	
१०४.	थोक तथा खुद्रा व्यापार	सङ्ख्या	१०४७	१५००	

३.७ रणनीति तथा प्राथमिकता

विकासका प्रमुख रणनीतिहरु

१. गाउँपालिकाको अग्रिमक्षेत्र (Lead Sector), कृर्षि,उद्योग, व्यपार, जडिबुटी, जलविद्युत, पर्यटन क्षेत्रको प्रवर्द्धन,

२. स्थानीय स्रोत, सीप, र प्रविधि (State- of- art-and -technology) मा आधारित विकास,

३. सामाजिक परिवर्तन, वातावरणीय संरक्षण तथा जीविकोपार्जनमा सुधार ,

४. जनसहभागिता तथा रोजगारमुलक विकास पद्धति,

५. दीगो, समावेशी तथा अन्तर विषयक सवालहरुको एकिकृत विकास,

६. जलवायु परिवर्तन अनुकूलन क्षमाता विकास तथा विपद जोखिम व्यवस्थापन क्षमता विकास,

७. स्थानीय परम्परा, सांस्कृतिक मान्यता तथा सम्पदाको संरक्षण एवं संवर्द्धन, ।

८. नियमित अनुगमन तथा मूल्यांकन पद्धति ।

विकास योजनाका प्राथमिकता

यस आवधिक योजनामा समावेश क्षेत्रगत प्राथमिकता र सम्बद्य प्रमुख कार्यक्रमहरू एवं आयोजनाको रूपमा गाउँपालिकाले वार्षिक विकास योजनामा समावेश गर्नुपर्ने प्राथमिककिरण गरिएका विकास योजनाहरु निम्नानसार छन ।

१. आर्थिक क्षेत्र-कृषि व्यवसायिकरण, उद्यम तथा व्यापार, उत्पादनमुलक रोजगार, पर्या-पर्यटन

- उत्तर-दक्षिण सिमा अवस्थित छिमेकी नगरपालिकाहरूका उद्योगी, व्यापारी, व्यवसायीहरूलाई आकर्षित गर्ने निजी क्षेत्र लगानी मैत्री वातावरण निर्माण ।
- कृषिमा आधारित उद्यम विकास कार्यक्रम
- कृषि व्यवसायीकरण, बजारीकरणकालागि प्रदेशका मुख्य बजार केन्द्रसँग व्यपारिक सम्बन्ध प्रवर्द्धन गर्ने कार्यक्रम
- दुग्ध उत्पादन, प्रशोधन तथा उपयोग सम्बन्धी कार्यक्रम
- कृषि र गैर कृषि उत्पादनमा निजी क्षेत्रलाई प्रात्साहन .....
- पशुपालन व्यवसायलाई व्यवस्थित गर्ने कार्यक्रम
- पर्या-पर्यटन, धार्मिक साँस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रम
- स्थानीय वनजन्य र कृषिजन्य उत्पादनमा स्थानीय सीप प्रविधिमा आधारित स्वरोजगार कार्यक्रम ।

२. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा

- शैक्षिक संस्था तथा शैक्षिक जनशक्ति व्यवस्थापन कार्यक्रम
- शिक्षाको गुणस्तर सुधार, पूर्वाधार निर्माण, सामुदायिक विद्यालयको स्तरउन्नति कार्यक्रम
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन
- स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधार निर्माण (१५ सैयाको अस्पताल वाड नं. ६ को धर्मापुर कटान कालिका मा वि.को क्षेत्रमा निर्माण कार्यक्रम),
- स्वास्थ्य सेवाका जनशक्तिको गुणात्मक एवं परिमाणात्मक विकास कार्यक्रम,
- टोल क्लिनिक सेवा (mobile) सेवा विस्तार कार्यक्रम
- सिकल सेल एनिमिया रोग लगायत विभिन्न स्वास्थ्य समस्या पहिचान तथा निदान सम्बन्धी अनुसन्धान अध्ययन अनुसन्धान कार्यक्रम
- स्वास्थ्य क्षेत्रमा पर्याप्त जनशक्ति व्यवस्थापनका लागि स्थानीय विद्याथीलाई चिकित्सा शास्त्र (Medicine science) को स्नातक एवं स्नातकोत्तर तहको अध्ययन गर्न प्रोत्साहन कार्यक्रम
- कृषि विमा, पशुविमा तथा स्वास्थय विमा प्रवर्धन
- गुणस्तरीय खानेपानी सुविधामा सबैको पहुँच
- जेष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय क्षमता विकास कार्यक्रम
- जनजाती पहिचान, भाषाभाषि उत्थान एवंम सांस्कृतिक परम्पराको प्रवर्द्धन कार्यक्रम
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम

३. भौतिक पूर्वाधार विकास

- गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सडक यातायात सुविधाको पहुँचका लागि सडक स्तरोन्नति तथा विस्तार कार्यक्रम
- गाउँपालिकाको प्रशासनिक भवन, वडा कार्यालय भवन वडा नं. ५,६,७ मा, गाउँपालिका स्तरीय अस्पताल भवन निर्माण
- दीगो एकिकृत बस्ती विकासको अवधारणालाई अवलम्बन गरी गाउँपालिकाको सबै वडाहरूमा सुरक्षित, आधुनिक सुविधायुक्त तथा वातावरण मैत्री वस्ती विकास योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- आधुनिक सुविधायुक्त सभाहल निर्माण कार्यक्रम
- गाउँपालिका स्तरीय चक्रपथ निर्माण कार्यक्रम
- गाउँपालिकाको सबै वडाहरूमा खेलकुद मैदान निर्माण
- गाउँपालिकाका विभिन्न वडाहरूमा, पार्क, योगशाला, बाल उद्यान निर्माण
- सिंचाइ सुविधा विस्तार कार्यक्रम
- पुलपुलेसा, कल्भर्ट निर्माण, मर्मत तथा सुधार
- जग्गा विकास कार्यक्रम

४. वन वातावरण तथा विपद जोखिम ब्यवस्थापन

- वन संरक्षण तथा वन्यजन्य उत्पादनको संकलन, प्रशोधन तथा उपयोग सम्बन्धी कार्यक्रम
- गाउँपालिका भित्रका सबै सामुदायिक वन उपभोक्ता समूहको नियमित नियमन, सञ्चालन तथा नियन्त्रण एवं संस्थागत विकास प्रकृियाका लागि गाउँपालिकाको वार्षिक कार्यक्रममा समायोजन गरी सञ्चालन गर्ने कार्यक्रम
- वन क्षेत्र, वन्यजन्तु, वन उत्पादन एवंम वन क्षेत्रमा पूर्वाधार निर्माण पूर्व प्रारम्भिक वातावरणीय परिक्षण (IEE) वा आवश्यकतामा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) कार्यान्वयन गर्ने कार्यक्रम
- जलवायु परिवर्तन अनुकूलन क्षमता एवं विपद् जोखिम व्यवस्थापन क्षमता विकास कार्यक्रम
- सडक किनारा तथा नदी/खोला किनारा भागमा हरियाली निर्माण गर्ने कार्यक्रम

५. संस्थागत विकास, सुशासन र सेवा प्रवाह

- गाउँपालिकाले प्रदान गर्ने सेवालाई प्रभावकारी तथा जनमैत्री बनाउन कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम,

- गाउँपालिकाको सेवा तथा खरिद विक्री प्रकृयालाई विद्युतीय माध्यमबाट सञ्चालन,
- गाउँपालिकाको सम्पूर्ण तथ्य तथ्याङ्क तथा जानकारीको अध्यावधिक (update) गर्न विद्युतीय प्रणली चुस्त दुरुस्त राख्ने,
- सूचना प्रविधि, भू-उपयोग क्षेत्र, संस्थागत विवरणको विद्युतीय तथ्याङ्क आधार Digital-data base) निर्माण प्रयोग सम्बन्धी तालिम प्रशिक्षणको व्यवस्था गर्ने,
- विद्युतीय शासनको विकास,
- विकास प्रशासन र सार्वजनिक सेवा प्रवाहमा अभिवृद्धि,
- सीप तथा क्षमता विकास र रोजगारी सिजना
- जनसहभागिता र सामाजिक जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि कार्यक्रम,
- स्रोत पहिचान, परिचालन र गाउँपालिकाको संस्थागत विकास कार्यक्रम,
- गाउँपालिकाको राजस्व अभिवृद्धि, सुशासन तथा वातावरण मैत्री विकासको सुनिश्चितता प्रदान गर्ने कार्यक्रम,
- गाउँपालिकाको स्थानीय पहिचान र सामाजिक पूर्वाधार विकास कार्यक्रम
- स्थानीय, कानून, नीति निर्देशिका, कार्यविधि, स्रोत सामाग्री तर्जुमा, परिमार्जन
- अभिलेखिकरण, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा सुधार ।

३.८ लगानी, खर्च बाङ्डफाङ्ड

गाउँपालिकाको आर्थिक सम्वृद्धि हाँसिल गर्न पालिकामा प्राप्त हुने सबै स्रोत, सहायता, सहयोग र सद्भावलाई संगठित एवंम सुदृढीकरण गर्ने कार्यनीति लिएको छ । सरकारी, सहकारी सामुदायिक, निजी र गैह्व सरकारी क्षेत्र तथा विकास साझेदारको एकिकृत एवं समन्वयात्मक भूमिकालाई गाउँपालिकाको मुख्य वित्तीय स्रोत मानिएको छ । जानकी गाउँपालिकाको यस आवधिक विकास योजिनाको दीर्घकालीन सोच अनुसारका समष्टिगत लक्ष्य, उद्देश्य तथा क्षेत्रगत नतिजामूलक सूचक हाँसिल का लागि अग्रिम क्षेत्र (Lead sector) सहितको कार्यक्रम पहिचान तिनीहरूको प्राथमिकीकरण गरी सो कार्यक्रमहरूको कार्यान्वयनको लागि आवश्यक स्रोतहरूमा व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन गरिने छ ।

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार यस पालिकालाई सङ्घ र प्रदेशबाट निम्नानुसारका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ ।

- सङ्घीय सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजस्व बाँडफाँड बाप्त प्राप्त हुने रकम

- प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम,
- सङ्घीय तथा प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अन्तर्गत यस गाउँपालिकालाई प्राप्त हुने कार्यक्रम बजेट जस्तै सामाजिक सुरक्षा रकम, प्रधानमन्त्री रोजगार कार्यक्रम रकम आदि
- वैदेशिक अनुदानतर्फ अन्तर्राष्ट्रिय विकास सहायता नीति २०७६ बमोजिम सङ्घीय अर्थमन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

आन्तरिक आय

यस गाउँपालिकाको आन्तरिक स्रोत परिचालनबाट के-कति रकम प्राप्त हुन्छ भन्ने कुरा गाउँपालिकाले विगतका वर्षमा असुल गर्दै आएको आन्तरिक स्रोतलाई प्रक्षेपण गर्दा औषत आर्थिक वृद्धिदर र राजस्व वृद्धिको सम्भावना तथा गाउँपालिकाले गर्न सक्ने थप प्रयासलाई आधार मानी यो आवधिक योजना अविधीमा जानकी गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालनको अनुमान तालिका ५२ मा दिएको छ ।

तालिका ४४: बजेटको स्रोत अनुसार प्रक्षेपण

क्र.सं.	बजेटको स्रोतहरु	गत वर्षको यथार्थ (रु. लाखमा)	चालु आ.ब. को अनुमान (रु.लाखमा)	आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण (रु लाखमा)					५ वर्षको जम्मा
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व.	पाचौं आ.व.	
१	**आन्तरिक आय**								
	क. कर राजस्व	२२९.५	६९	१५५	१६०	१७५	१८०	१९०	८६०
	ख. गैर कर राजस्व	३०२	१४६	१६२	१७०	१७५	१८५	२००	८९२
२	**राजस्व बाँडफाँट**								
	क. नेपाल सरकार	१२९५	१४५१	१५५२	१७५०	१८००	१९००	२०००	९००२
	ख. प्रदेश सरकार	२५	२६	३१	३३	३५	४०	४४	१८२
३	**रोयल्टी बाँडफाँट**								
	क. वन रोयल्टी			२	२.५	३	३	३	१३.५
	ख. खानी रोयल्टी								
	ग. विद्युत् रोयल्टी								
	घ. पर्वतारोहण रोयल्टी								
	ङ. पानी तथा अन्य रोयल्टी								
४	**नेपाल सरकारबाट प्राप्त हुने अनुदान**								
	क. वित्तीय समानीकरण अनुदान	१४०४	१५०१	१५८६	१६००	१६५०	१७००	१८००	८३३६
	ख. सशर्त अनुदान	२६२३	२५००	२४३०	२५००	२६००	२७००	२८००	१३०३०
	ग. समपुरक अनुदान	१६०	२६३	१८०	२००	२५०	२८०	३००	५९८०
	घ. विशेष अनुदान		२४९	१२०	१५०	२००	२५०	३००	१०२०
५	**प्रदेश सरकारबाट पाप्त हुने अनुदान**								
	क. वित्तीय समानीकरण अनुदान	७५	१०९	११५	१२०	१२५	१३०	१३५	६२५
	ख. सशर्त अनुदान	८३	८६		८५	९०	९५	१००	३७०
	ग. समपुरक अनुदान	११९	८१	४०	५०	६०	६५	७०	२०५
	घ. विशेष अनुदान	५५	३०	६५	७०	७५	८०	८५	३७०
६	**अन्य अनुदान (सामाजिक सुरक्षा..)**	१५००	१८००	१९००	२००००	२४००	२८००	३०००	१२१००

क्र.सं.	बजेटको स्रोतहरु	गत वर्षको यथार्थ (रु. लाखमा)	चालु आ.ब. को अनुमान (रु.लाखमा)	आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण (रु लाखमा)					५ वर्षको जम्मा
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व.	पाचौं आ.व.	
७	जनसहभागिता			४	६	७	१०	१२	३९
८	निजी लगानी			५०	६५	७५	८०	८०	३५०
९	अन्तर स्थानीय तह साझेदारी रकम			१२	१२	१४	१५	१५	६८
१०	गैसस र सामुदायिक क्षेत्रको लगानी			१०	२०	२५	२८	३०	११३
११	आन्तरिक ऋण परिचालन			४०	५०	७०	८०	१००	३४०
	कुल जम्मा	७८७०.५	८३११	८४५४	९०५१.५०	९८२९	१०६२१	११२६४	५३८९५.५०

अन्य आय

गाउँपालिकाको बजेट संरचना बाहिर संघद्वार प्रत्यायोजित कार्यक्रम अन्तरगत सामाजिक सुरक्षाका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रावहित हुने रकम, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने रकम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम सञ्चालनको लागि यस गा.पा. क्षेत्रमा लगानी हुने रकम, प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम तथा सङ्घीयएवं प्रदेश सरकारबाट अन्य विभिन्न विषय क्षेत्रमा परियोजना सञ्चालनको लागि कार्यक्रम सहित प्राप्त हुने रकम आदि । यसका अतिरिक्त गाउँपालिकामा

(i) अन्य स्थानीत तहबाट यस गा.पा. मा राजस्व बाँडफाँड वा अन्य कार्यक्रम सञ्चालन गर्न प्राप्त हुने रकम,

(ii) संघ तथा प्रदेशबाट गाउँपालिकामा सोझै लगानी हुने रकम र

(iii) सहकारी, औद्योगिक प्रतिष्ठान, सामुदायिक वन, नदीजन्य पदार्थ विक्री वितरणबाट प्राप्त हुने रकम र नीजि क्षेत्रबाट यस गा.पा.मा हुने लगानी रकम आवधिक विकरण योजनाका सम्भाव्य वित्तीय स्रोत हुन् ।

वित्तीय लगानी

गाउँपालिकाको आवधिक योजनाको वित्तीय प्रक्षेपण गर्दा आ.व. ०७८/०७९ लाई आधार वर्ष मानी उक्त आर्थिक वर्षको आय-व्ययको अनुमानित अङ्क प्रविष्ट गर्नका लागि निम्न आधार लिएको छ ।

- आ.व २०७७/०७८ को यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.व २०७८/०७९ को स्वीकृत कार्यक्रम तथा बजेट
- २०७९ सम्म गाउँपालिकाले खर्च गरेको रकम र असुल गरेको आन्तरिक राजस्वको रकम,
- आ.व २०७८/०७९ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत गाउँपालिकाको बजेटमा समावेश भई विषयगत निकायहरूबाट गाउँपालिकाको क्षेत्रमा सिधै खर्च हुन विनियोजित रकमको प्रगति विवरण,
- आ.व. २०७८/०७९ मा सङ्घीयतथा प्रदेश सरकारबाट गाउँपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरूको वित्तीय विवरण र आगामी वर्षहरूमा सञ्चालन हुनसक्ने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरू र
- आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत गाउँपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैह्व सरकारी क्षेत्र र जन सहभागिताबाट गाउँपालिकासंगको सहकाईमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण

- आ.व. २०७८/०७९ लाई आधारवर्षको रूपमा लिई आ.व. २०७९/८० को आय-व्यय प्रक्षेपण गर्दा संघ र प्रदेशबाट उपलब्ध हुने गरी विभिन्न अनुदान रकम, राजस्व बाँडफाँड (मू.अ.कर, अन्त शुल्क र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड) रकमलाई समावेश गरिएको छ।
- आ.व. २०७९/०८० को आयव्यय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ अनुसार स्थानीय राजस्व परामर्श समिति, दफा ६६ अनुसारको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र दफा ६७ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरूलाई समेत प्रक्षेपणको आधार मानिएको छ।

माथि उल्लेखित जानकी गाउँपालिकाको आवधिक विकास योजना (२०७९/८०-२०८३/०८४) को समग्र आर्थिक, सामाजिक पूर्वाधार, संस्थागत विकास तथा वातावरणीय व्यवस्थापन अन्तर्गतका कार्यक्रम सञ्चालनका लागि कूल रु ५३८९५.५० करोड वित्तीय लगानी हुने अनुमान गरिएको छ। सार्वजनिक क्षेत्र अन्तर्गत ५२९८५.५० करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु ९१० करोड निजी, सहकारी तथा गैह्र सरकारी संघसंस्थाबाट हुने अनुमान गरिएको छ । गाउँपालिकास्तरीय छलफल, वहस तथा उपलब्ध विवरणका आधारमा आवधिक योजना अवधिमा सार्वजनिक, सहकारी, निजी र गैह्र सरकारी (राष्ट्रिय र अन्तर्राष्ट्रिय) क्षेत्रबाट परिचालन हुने कूल रु ९१०. करोड लगानी विवरण तालिका ५३ मा प्रस्तुत गरिएको छ।

तालिका ४५: आवधिक योजनाको बहुक्षेत्रगत अनुमानित लगानी (आ.व. २०७८/०७९ को मुल्यमा)

क्र.सं.	वित्तीय स्रोत	रकम (रु करोडमा)	प्रतिशत
१	सार्वजनिक क्षेत्र	५२९८५.५०	९८.३१
२	सहकारी क्षेत्र जनसहभागिता अन्तर सरकारी साफेदारी	१०७	०.१९
३	निजी क्षेत्र	३५०	०.६४
४	सामुदायिक तथा गैर सरकारी (राष्ट्रिय र अन्तराष्ट्रिय गै.स.स)	११३	०.२०
५	आन्तरीक ऋण परिचालन	३४०	६३.००
	जम्मा	५३८९५.५०	१००

स्रोत: जानकी गाउँपालिका लेखा शाखा, २०७९


खर्चको वर्गिकरण एवं बाँडफाँड

गाउँपालिकाको सञ्चित कोषबाट आवधिक योजना अवधिमा कूल रु ५२९८५.५० करोड. खर्च हुने अनुमान गरिएको छ । खर्च हुने कूल रकम मध्ये राजस्व बाँडफाँड, वित्तीय हस्तान्तरण र प्रत्यायोजित कार्यक्रम बापत सङ्घबाट रु.

४९४६८००००... लाख ९१.७८%) र प्रदेशबाट रु १५७०००००० करोडख (२.९१%), तथा आन्तरिक स्रोतबाट रु.१७५२००००० लाख (३.२५%), आन्तरिक ऋणबाट रु ३४०००००० लाख(०.६३%) प्रक्षेपण गरिएको छ । आवधिक योजना अवधिमा सार्वजनिक क्षेत्रबाट हुने लगानी रु. ५२९८५५०००० लाख (९८.३१%) तथा निजी, सहकारी र गैर सरकारी क्षेत्रको लगानी रु.९१०००००० लाख (१.६९%) समेत कूल रु ५३८९५५०००००० लाख लगानी हुने अनुमान गरिएको छ ।

वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड सार्वजनिक क्षेत्रबाट गाउँपालिकाको आवधिक योजनामा हुने प्रक्षेपित खर्च आवधिक योजना अवधिमा सार्वजनिक क्षेत्रबाट कूल रु. ५२९८५.५० करोड खर्च हुने प्रक्षेपण मध्य चालु खर्च ३० प्रतिशत र पूँजिगत खर्च ७० प्रतिशत हुने अनुमान गरिएको छ । आ.व. २०७४/०७५ देखि आ.व. २०७८/२०७९ सम्मको सङ्घीयर प्रदेश सरकारबाट प्राप्त भएको अनुदानमा औषत वृद्धि प्रतिशतलाई आधार मानी अन्तर सरकारी वित्तिय हस्तान्तरण अनुमान गरिएकाले योजना अवधिमा यो रकम अझ बढी अनुपातमा वित्तीय हस्तान्तरण हुने देखिन्छ । आधार वर्ष २०७८।०७९ मा गाउँपालिकाले स्वीकृत क्षेत्रगत बाँडफाँडको अनुपातलाई आधार मानी आवधिक योजना अवधिमा गाउँपालिकाको सञ्चित कोषबाट हुने प्रक्षेपित कूल खर्चलाई क्षेत्रगत बाँडफाँड गर्दा आर्थिक क्षेत्रमा २४ प्रतिशत, सामीजक क्षेत्रमा २३ प्रतिशत, वनवातावरण तथा विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा १५प्रतिशत, पूर्वाधार विकासको क्षेत्रमा २५ प्रतिशत र सुशासन, संस्थागत विकास र सेवा प्रवाह क्षेत्रमा १३ प्रतिशत रकम छुट्याइएको छ ।

उल्लेखित खर्चको अनुपातलाई आधार मान्दा सार्वजनिक क्षेत्रबाट आवधिक योजना अन्तर्गत पूर्वाधार विकास क्षेत्रमा ९४३१.९६ करोड ,आर्थिक क्षेत्रमा रु.९०५४.६८. करोड, सामाजिक क्षेत्रमा रु.८६७७.४० करोड, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा रु ५६५९.१७ करोड र सुशासन, संस्थागत विकास र सेवा प्रवाहको क्षेत्रमा रु ४९०४.६२. करोड खर्च हुने अनुमानको विवरण चित्र १० मा प्रस्तुत गरिएको छ ।



चित्र १०: खर्चको अनुमान तथा क्षेत्रगत अनुपात विवरण

जानकी गाउँपालिकाको यस आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तरसरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ। गाउँपालिकामा आन्तरिक राजस्व स्रोतबाट परिचालन गर्न सकिने रकम तथा क्षेत्र क्रमिकरूपमा वृद्धि हुने र सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरूको वृद्धि हुने भएकाले गाउँपालिकाको आवश्यकता अनुसार वार्षिक बजेट बढ्दै जाने देखिएको छ। आधार वर्ष मानिएको आ.व. २०७८/०७९ मा आन्तरिक स्रोतको अनुपात ३.२५ प्रतिशत छ। संघ र प्रदेशबाट प्राप्त हुने रकमको निर्भरता ९४.६९ प्रतिशत छ। आगामी वर्षहरूमा पनि संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुनेछ।

परिच्छेद ४: आर्थिक क्षेत्र

४.१ कृषि तथा पशूपन्छी

४.१.१ पृष्ठभूमि

जानकी गाउँपालिकाको मुख्य आर्थिक क्षेत्र कृषि हो । यहाँका झण्डै ६५ प्रतिशत भन्दा बढि जनसङ्ख्या कृषि क्षेत्रमा आवद्ध छ । त्यसैले गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने मूल आधार कृषि र कृषिसँग सम्बन्धित पेशा नै हुन् । त्यसैले गाउँपालिकाको दीगो, समावेशी आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिने कृषि क्षेत्रको बैज्ञानिक ढङ्गले सुधार तथा रूपान्तरण गर्ने संघन प्रयासलाई यस आवधिक योजनामा उच्च प्राथमिकता दिई कृषिक्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य रहेको छ । आम गाउँपालिका बासीको खाध्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्न कृषि अन्तर्गतको बाली उत्पादन, फलफूल खेती, तरकारी खेती, पशुपालन तथा मत्स्य पालन संबद्ध उद्यमक्षेत्र समेतलाई योजनावद्ध रूपमा विकास गरी गाउँपालिकाको समग्र विकासलाई मार्गचित्र गर्ने पक्षको रूपमा लिन आवश्यक छ । कृषि तथा पशुपालन व्यवसायलाई परम्परागत अनउत्पादक एवम जीविकोनिर्वाहको साधनबाट रुपान्तरण गरी व्यवसायीकरण, आधुनिकीकरण, विविधिकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउने कुरामा यो आवधिक योजना केन्द्रित तथा परिलक्षित छ । कृषि तथा पशुपंक्षी उपक्षेत्रगत निर्धारित लक्ष्य, उद्देश्य योजना अवधीमा हाँसिल भएमा खाद्यसुरक्षा तथा पोषण सुनिश्चितता हुने, दिगो कृषि व्यवसायको प्रवर्द्धन हुने र यस क्षेत्रको आधुनिकीकरण एवम व्यावसायिककिरणबाट थप रोजगारी सिर्जना गर्नेछ । आय-आर्जन तथा निर्यात प्रवर्द्धन हुनेछ ।

४.१.२ समस्या तथा चुनौती

कृषि तथा पशुपंक्षिको उत्पादकत्व वृद्धि गर्ने आवश्यक साधन स्रोतको अपर्याप्तता, आवश्यक भौतिक पूर्वाधार जस्तै कृषि सडक, सिँचाइ बजार शेर बजार, गोदाम घर, संकलन केन्द्र र नियमित बिजुली सेवा मुख्य समस्या देखिएका छन् । त्यस्तै पशुपंक्षी तर्फ छाडा पशु यस क्षेत्रका मुख्य समस्या हुन । नस्ल सुधारको अभाव, पालिका बाँसीमा पशु घरमै राखेर, घाँस जंगलबाट काटेर खुवाउने (cut-carry-feeding system) को कमि, पशुजन्य उत्पादन मासु, दुग्ध परिकारको उचित खपतको समस्या छ । विशेषत यस गाउँपालिकामा अनुसन्धानबाट कृषि र पशुपन्छीसँग सम्बन्धित प्रविधिको पर्याप्त प्रयोग नहुनु, वैज्ञानिक जनशक्तिको पनि पर्याप्त व्यवस्थापन नहुनु, कृषिक्षेत्र मौलिक अभ्यास तथा प्रयोगलाई अनुसन्धानात्मक कार्यबाट प्रवद्धन गर्न नसक्नु आदि कारणले कृषि क्षेत्र व्यवसायिकरण विविधिकरण र आधुनिकीकरण हुनुमा अवरोध सिर्जना भएको छ ।

यस गाउँपालिकामा अधिकांश कृषक साना र मझौला स्तरका, लालपूर्जा बिना भोग चलन (ऐलनी) गरेका कारण तिनको दक्षता अभिवृद्धि गरी व्यवसायिकरण एवं यस क्षेत्रमा जलवायु परिवर्तन अनूकुलन कृषिको अभ्यास गर्दै, सुख्खा, डुबान, शितलहर जस्ता प्रकोपसँग जुध्ने क्षमता विकास गर्न चुनौतिपूर्ण छ भने ठूलो मात्रा छाडा छोडिएका पशुहरूको व्यवस्थापन तथा व्यवसायिक पशुपालनतर्फ किसानलाई आकर्षित गर्न पनि चुनौति रहेको छ । उत्तर-दक्षिणमा अवस्थित दुई नगरपालिकाको शहरीकरणका कारण यहाँको गुजरामुखी कृषिलाई रुपान्तरण गरी प्रतिस्पर्धात्मक एवं व्यवसायिक बनाउँदै औद्योगिकरणसँग आवद्ध गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

४.१.३ संभावना तथा अवसर

गाउँपालिकाको कृषि क्षेत्रलाई व्यावसायिकरण गर्दै औद्योगिक विकाससँग आवद्ध गर्न सक्ने भौगोलिक अनुकूलन, अवस्थिति, उत्तर-दक्षिण तथा पश्चिमतिर बढ्दै गएको सडक सञ्जाल, विदेश गएर फर्किएर केही युवाहरूमा कृषि व्यावसाययलाई उत्पादनशील बनाउने कुरामा आकर्षित हुँदै जानु, कृषि उत्पादनसँग उद्यम विकासलाई जोड्ने प्रयास हुनु, जैविक खेती र कृषि वनप्रति उद्यमी र किसानको आकर्षण बढ्नु, उत्पादित वस्तुको खपत तथा बजारीकरणमा गाउँपालिका भित्र विस्तार हुँदै गरेका व्यपारिक तथा औद्योगिक क्रियाकलापलाई उपयोग गर्न सक्ने अवसर र सम्भावना रहेका छन् । केरा पकेट क्षेत्र विकास, कृर्षि तथा पशुपंक्षी विमा कार्यक्रम, पशुजन्य उत्पादनको भाग आपूर्तिभन्दा बढी हुनु, प्राङ्गरिक कृषि तथा खाद्य स्वच्छता सम्बन्धी बढ्दै गएको जनचेतना, पर्या-पर्यटन व्यावसाययमार्फत स्थानीय उत्पादनको महत्व वृद्धि गर्न सक्ने थप अवसर रहेका छन् ।

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य: गाउँपालिकाको आर्थिक क्षेत्रमा समयानुकूल सुधार गरि रोजगारी, गाह्रस्थ उत्पादन, प्रतिव्यक्ति आय बृदि गरि गाउँपालिका बासिको जीवनस्तरमा सुधार ल्याउने ।

तालिका ४६: उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

क्र.स.	उदेश्य	रणनिति	कार्यक्रम तथा आयोजना
१	कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृदि गर्ने	आधुनिक सुविधायुक्त व्यवसायिक कृषि र पशुपालनको विकास गरि खाद्यान्न, पशुजन्य उत्पादन र उत्पादकत्व बृदि गरि खाद्यसरक्षा एवं वातावरणमैत्रि कृषि प्रणालीको विकास गर्ने।	• कृषि तथा पशुपालन व्यवसायलाइ आधनिम सुविधायुक्त बनाउने, • ब्यवसायिक कृषि तथा पशुपालन विकास गर्ने निति तर्जमा गरि कार्यान्वयन गर्ने, • भू-उपयोग बर्गिकरण योजना तर्जमा गरि कृषि उत्पादनमा विविधिकरण गर्ने, • प्राविधिक संमावनाका आधारमा कृषि तथा पशुपालन पकेट क्षेत्र विकास गर्ने, • कृषि तथा पशुजन्य उत्पादनको बजारिकरण गर्ने, • सहकारी खेतीको सम्भावना अध्ययन गरि कार्यान्वयन गर्ने, • एक वडा एक उत्पादन कार्यक्रम लागू गर्ने, • कृषि तथा पशु बिमा विस्तार गर्ने, • कृषक तथा पशुपालन समूह विस्तार गर्ने,

गाउँपालिकाको कुल क्षेत्रफल मध्ये १७.३२ प्रतिशत ओगटेको वन क्षेत्र महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु, जैविका विविधता, चरनक्षेत्र, झाडी समेट्ने यो क्षेत्र गाउँपालिकाको कृषि, पशुपालन, स्वच्छ वातावरण, जलाधार एवं जलासाय व्यवस्थापन, पर्या-पर्यटन, वन उद्यम तथा जडिबुटीसँग जोडिएको छ । वनक्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम, प्राङ्गरिक कृषि, र पर्यटन गाउँपालिकाको आर्थिक विकास तथा समृद्धिका आधार हुन् । त्यस्तै स्वच्छ वातावरण, हरियाली, जैविका विविधता, प्राकृतिक सौन्दर्यले समुन्नत जलासय, प्राकृतिक सौत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता, पहुँच र लाभको न्यायोचित वितरण गाउँपालिकाबासीको विकासको मुख्य सूचक हुन् । करिब २० को सङ्ख्यामा सञ्चालन भएका सामुदायिक वन उपभोक्ता समुहको व्यवस्थापनमा रहेको अधिकांस वन, वुट्यान, झाडी षेत्र गाउँपालिकाको प्रत्यक्ष नियमनमा सञ्चालन भै उपलब्ध स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान, अभिलेखिकरण तथा गुण पहिचान गरी तुलनात्मक लाभ लिन सक्ने प्रबल सम्भावना छ । उष्ण तथा उपोष्ण प्रदेशीय हावापानीको मिश्रण अवस्था, कर्णाली नदीको तल्लो बेसिनको जैविक स्रोतको वासस्थान तीनवटा सिमसार क्षेत्र, निजी खेतबारीमा अभ्यासरत कृषि वन आदीको कारण गाउँपालिका जैविका विविधतामा धनी छ र उपयुक्त प्रकृतिमा जैविका विविधता संरक्षण गरी गाउँपालिकाले प्राकृतिक स्रोत जल, जमिन र जंगल बीचको सांकेतिक (Symbolic) सम्बन्धलाई व्यवस्थित गरी सन्तुलित विकास र सुरक्षित स्रोत सुरक्षित एवं स्वच्छ वातावरणबाट प्रत्यक्ष-परोक्ष लाभ लिन सक्ने सम्भावना रहेका छन् । यस आवधिक योजनाले वनसम्पदा जैविक विविधताको उचित संरक्षण व्यवस्थापन तथा परिचालनबाट गाउँपालिकाको आर्थिक विकास र समृद्धि हासिल गर्ने कुरामा जोड दिएको छ ।

७.१.२ समस्या तथा चुनौति

गाउँपालिकाको वनक्षेत्र तथा वन स्रोतबाट उल्लेख्य रूपमा आर्थिक लाभ तथा स्वच्छ वातावरणमा योगदान पुग्ने गरी स्रोत पहिचान, संरक्षण, व्यावसायियक व्यवस्थापन र उपयोग हुन नसक्नु, सामुदायिक वन उपभोक्त समूहबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा पुऱ्याएको योगदान गाउँपालिकाको लेखा प्रणलीा समावेश नहुनु, पूर्वाधार विकास तथा स्रोत उपयोगमा पर्यावरणीय प्रणाली योजनावद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण वन्यजन्तु चोरी शिकार, अवैद्य व्यापार, वन्यजन्तु, घरपालुवा पशु र मानवबिचको द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न नसक्नु, वन सम्पादनको संरक्षण, व्यवसायिक उपयोग तथा गाउँपालिकाको नियमन बमोजिम सामुदायिक वन उपभोक्ता समूह परिचालन नहुनु यस क्षेत्रका प्रमाव समस्या हुन् ।

उपलब्ध वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको पूर्ण क्षमतामा संरक्षण, व्यवस्थापन र उपयोग गर्नु, वन जैविक विविधता, नदी क्षेत्र संरक्षण, जलासय क्षेत्रको व्यवस्थापनमा, गाउँपालिका, वन समूह र निजी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु, उपलब्ध जडिबुटीको संरक्षण, प्रशोधन र बजारीकरण गर्नु, पर्यावरणीय प्रणाली र भौतिक पूर्वाधार निर्माणमा सन्तुलन कायम गर्न निर्देश गर्ने प्रारम्भिक वातावरण परिक्षण तथा वातावरण

प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्न, प्राकृतिक सम्पदा र स्रोतको पहुँच र लाभ बाँडफाँड गर्न आवश्यक कानून, निमय निर्माण गरी कार्यान्वयन गर्नु, वन, वातावरण र जैविक विविधता क्षेत्रको सेवा विस्तार तथा लाभको समन्यायिक बाँडफाँड गर्नु प्रमुख चुनौति रहेका छन् ।

७.१.३ संभावना तथा अवसर

गाउँपालिकाको प्राकृतिक स्रोत, वन, जलस्रोत, जलासय, जैविकि विविधिता गाउँपालिका बाँसीको जीविकोपार्जनसँग प्रत्यक्ष रुपमा जोडिएको हुँदा भू-उपयोग वर्गिकरणको मापदण्ड सहित यी स्रोतहरूको दिगो व्यवस्थापन मार्फत आयआर्जन रोजगारी वृद्धि गर्ने सम्भावना रहेको छ । गाउँपालिका तथा स्थानीय समुदायको क्रियाशिलतामा वनसम्पदा, संरक्षण र व्यवस्थापनमा स्रोत साधन सहज उपलब्धता हुने र स्रोत माथि समुदायको अपनत्व विकास हुने, समावेशी सहभागिता हुने, वनमा आधारित उद्यम, व्यावसाययको विकास हुने, जलवायु परिवर्तनको असर अनुकुलन तथा समयानुकूलन, वन विकास मार्फत कार्वन संरक्षण र सञ्चितिबाट अन्तराष्ट्रिय भुक्तानीमा पहुँच पुऱ्याउन सक्ने अवसर रहेको छ। सामुदायिक वन तथा कृषि वनमा पर्यटन विकास र गाउँपालिकामा पाइने वन्यजन्तुको राष्ट्रिय अभिलेखीकरण हुने, बहुमूल्य जडिबुटीको अभिलेखिकरण, संकलन प्रशोधन र बजारीकरणबाट आयआर्जन गर्न सक्ने सम्भावना रहेको छ ।

योजनावद्ध रुपमा वातावरण व्यवस्थापन तथा आर्थिक विकासको दर वृद्धि गर्न वन स्रोतको उचित परिचालन गरी गाउँपालिकाले हरित अर्थतन्त्र, सन्तुलित विकास र स्वच्छ पर्यावरण निर्माण गर्ने अवसर छ ।

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य : पालिका क्षेत्र भित्र उपलब्ध बन तथा जैविक विभिदताको संरक्षण र विकास गर्न सहभागितामूलक व्यवस्थापन मार्फत वातवरणीय सन्तुलन, बनजन्य उद्यम तथा पर्यटनको विकास गरि गरि जीवनस्तरमा गुणात्मक सुधार ल्याउने

तालिका ८३: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

क.सं	उद्देश्य	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	गाउँपालिका क्षेत्रको बन तथा जैविक विविधताको संरक्ष, सम्वर्द्धन र विकासका साथमा उत्पादन, उत्पादकत्व र वातावरण सुद्रिढिकरणमा अभिवृद्धि गर्ने	यस पालिका क्षेत्रका सवै प्रकृतिका वनजङ्गलको संरक्षण, सम्वर्द्धन, विकस र व्यवस्थापन गरी बहुउपयोगि बनाउँदै स्थानीयबासीको जीवनस्तर उठाउने बन तथा जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्ने वातावरण सिर्जना गन	• हरियाली प्रवर्द्धन तथा बातावरण संरक्षण र विकास गुरु योजना तयार गर्ने • वन को महत्व र वातावरणमैत्री व्यवहार, आचरण र जविनशैलीको बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने • गाउँपालिका क्षेत्रभित्रको बन क्षेत्रको दीगो व्यवस्थापनका लागि गाउँपालिका भित्रका सबै सामदागिक बन उपभोक्ता समहलाइ गाउँपालिकाको नियमन भित्रल्याइ नियमित अनगमन गर्ने • वडा नं. ९ मा सञ्चालनमा रहेका करिब १८ वटा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन र आवश्यकताका आधारमा बृक्षारोपण र घेराबारा समेत गर्ने • बृक्षारोपण हुन सक्ने तथा गर्न सकिने सम्भाव्य क्षेत्र र स्थानको विवरण तयार पारी सम्बन्धित स्थानमा अनिवार्य वृक्षारोपण गर्ने तथा आयमुलक तथा

			आयआर्जनमा आधारित बृक्षारोपणको कार्यलाई विशेष प्राथमिकता दिने ● सार्वजनिक ऐलानी, पर्ती जग्गा, खालि स्थान, नदि किनारा छेउ, राजमार्ग तथा सडक किनाराको दुवै तर्फ सेड ब्याक छाडेर बृक्षारोपण गर्ने ● सम्भाव्य सबै वडामा नर्सरी स्थापना गरी आवश्यक विरुवाको व्यवस्थापन गर्ने ● दिगो वन व्यवस्थापन अवलम्वन गर्ने तथा खाली तथा नाङ्गो रहेका सरकारी, पर्ति तथा निजी जग्गामा वृक्षारोपण गर्ने गराउने ● निजी वन लगाउने लाई प्रोत्साहित गर्ने साथै अवस्था हेरि सहुलियत प्रदान गर्ने ● बिभिन्न जङ्गली जनावर तथा पशुपंक्षी नियन्त्रण, संरक्षण तथा व्यवस्थापन गरी पर्यटन गन्तव्यको रुपमा समेत विकास गर्ने ● सिमसार तथा पोखरीको वरिपरी बृक्षारोपण सहित संरक्षण सम्वर्धन तथा प्रबर्द्धनमा जोड दिने ● लोपोन्मुख र सङ्कटाग्रस्त बनस्पती र बन्यजन्तुको संरक्षण र विकास गर्ने ● वनमा आधारित उधम संचालनमा जोड दिने साथै सम्भाव्य स्थानमा वन पैदावर प्रशोधन उद्योगको स्थापना गरी हरित रोजगारमा वृद्धी गर्ने ● सडक छेउ किनाराका विरुवाहरूकालागि नियमित सिँचाई र कटिङ तथा ट्रिमिङको व्यवस्था मिलाउने ● रूख तथा बोट बिरुवा बाट झर्ने पात पतिङ्गरको प्रयोग गरी कम्पोष्ट मल निर्माण कारखानको विकास गर्ने ● वनजङ्गललाई डढेलो बाट जोगाउन अग्नि सुरक्षाको व्यवस्था गर्ने साथै वडा वडामा पोखरी पोखरी निमार्ण तथा पाइप खरिद गरी भएको पानीलाइ संञ्चीत गरी पाइप बाट आगलागी, ढडेलो नियन्त्रण गर्ने
२	बन तथा जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्ने वातावरण सिर्जना गन	विद्यामान वन क्षत्रेमा रहको वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको अध्ययन अनुसन्धान गरी जनतेतना अभिबृद्धि गर्ने	● सम्बन्धित विश्वविद्यालय, अध्ययन संस्थान, स्थानीय विद्यालय साथै सम्बन्धित सरोकारवाला संघ संस्था सँग साझेदारीमा विद्यामान वन क्षत्रेमा रहको वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको अध्ययन अनुसन्धान गर्ने ● पालिका स्तरको विद्यालय पाठ्यक्रममा स्थानीय वन, वन्यजन्तु तथा जैविक विभिदतालाई समावेश गर्ने
३	वन, वनपैदावर र जैविक विभिदतामा हुने गरेको	वन क्षेत्रको दिगो व्यवस्थापनकालागि सङ्घीयतथा प्रदेश	● वातावरण संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन सँग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, कानून तथा कार्यविधि निर्माण गर्ने

	अतिक्रमण र चोरी निकासी नियन्त्रण र निरुत्साहित गरी सार्थक सदुपयोगकको वातावरण तयार गर्ने	सरकार सँग समन्वय गरी आवश्यक कानून निर्माण र कार्यान्वयनमा सहयोग गर्ने	• पालिका क्षेत्र भित्रका सामुदायिक वन लगायत समुदायमा आधारित तथा सरकारद्वार व्यवस्थित बन समेतमा उद्यम विकास गर्ने साथै निजी वन बाट उत्पादित वन पैदावारको सङ्कलन, ओसार(पसार, प्रशोधन, विक्रिवितरण र बजारीकरणलाई सरलीकरण गर्न, संस्थागत तथा व्यक्तिगत रुपमा हुने चोरी निकासी, वन डढेलो नियन्त्रण गर्न, मिचाहा प्रबृतिका बोट विरुवा वा प्रजातिको नियन्त्र र व्यवस्थापन गर्न, स्रोत साधन माथिको पहुँच र लाभको बाँडफाँडलाई न्यायोचित बनाउन, सरोकारवाला निकायको आचरण र व्यवहारमा सुधार गरी पारदर्शीता कायम गर्न साथै अनुगमन र नियमनका कार्यमा तीनै तहका सरकारको स्पष्ट जिम्मेवारीको व्यवस्थपन गर्ने गरी कानून निर्माण गर्न सङ्घीयतथा प्रदेश सरकर सँग समन्वय र साझेदारी गर्ने
४	भौतिक पर्वाभार विकासका कार्यक्रम पर्यावरणीय प्रणालीको प्रतिकल नहने गरि ातावरण परिक्षण तथा वातावरण प्रभाव मल्यांकन लाइ सशक्त रुपमा कायौन्वयन गर्ने र बन तथ जैबिम विविधता क्षेत्र बाट प्राप्त लाभको न्यायोचित वितरण गर्न सहयोग गर्ने	भौतिक पूर्वाधार निर्माण विकासकालागि वनक्षेत्रको उपयोग गर्दा एकीकृत प्रणालीका माध्यम बाट यसको संरक्षण र विकासमा एकीकृत सोच बनाउने साथै स्थानीय स्तरका भौतिक पूर्वाधार निर्माण विकास गर्दा हरियाली प्रवर्द्धनलाई विशेष प्राथमिकताका साथ अघि बढाउने	• संघीय, प्रादेशिक साथै स्थानीय स्तरको भौतिक संरचना निर्माणकालागि बन क्षेत्रको उपयोग गर्दा वा वनक्षेत्र भएर जाने पूर्वाधारको हकमा वातावरण तथा पर्यावरणमा गम्भिर क्षति नपुग्ने गरी निस्चित क्षेत्रको व्यवस्थापन हुने तर्फ आवश्यक व्यवस्था गर्न वातावरण प्रभाव मूल्याङ्नलाई प्रभावकारी र व्यवहारिक बनाउने साथै • उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत गाउँपालिका आफैंले गर्ने विकास निर्माण सँग सम्बन्धित कार्यमा सम्भाव्य सबै सडकको दुवै किनारामा वृक्षारोपण गर्ने कार्यलाई डिजाईन तथा लागत इस्टिमेटमा आवद्ध गरी कार्यान्वयनमा ल्याउने • घना वस्तीमा तर साँघुरो क्षेत्रफलमा बनेका सबै घरमा कम्तिमा २(२ वटा विरुवा अनिवार्य रोप्ने कार्यलाई गाउँपालिका तथा वडा कार्यालय बाट प्रवाह हुने सेवा सुविधा संग अवद्ध गर्ने

वडागत गाउँपालिकाका विकास आयोजनाहरू निम्न अनुसार राखिएका छन्:

तालिका ८४: वडागत विकासका आयोजनाहरू

विषय क्षेत्र	इकाई		अनुमानित लागत (रु. हजार)	स्थानगत विवरण/टोल/वडा	सम्पन्न गर्ने निकाय			प्राथमिकीकरण		
१. वार्ड नं. १					आफै	प्रदेश	संघ			
४.१ वन तथा जैविक विविधता										
४.१.१ वन व्यवस्थापन कार्यक्रम	समूह	-								
४.१.२ वन डढेलो नियन्त्रण कार्यक्रम	समूह	-								
११.३ वृक्षरोपण	कि.मि.	-								
११.४ वन क्षेत्रमा तारबार	कि.मि.	-								
२. वार्ड नं.२										
४.१ वन तथा जैविक विविधता										
४.१.१ वन व्यवस्थापन कार्यक्रम	समूह	-	—	-						
४.१.२ वन डढेलो नियन्त्रण कार्यक्रम	समूह	-	—	-						
४.१.३ वृक्षरोपण	कि.मि.	-	—	-						
४.१.४ वन क्षेत्रमा तारबार	कि.मि.	-	—	-						
३. वार्ड नं. ३										
४.१ वन तथा जैविक विविधता										
४.१.१ वन व्यवस्थापन कार्यक्रम	समूह									
४.१.२ वन डढेलो नियन्त्रण कार्यक्रम	समूह	टोटल								
४.१.३ वृक्षारोपण	कि.मि.	८०० हेक्टर	१ करोड	लायकपुर, सुवर्णपुर कैलासेश्वर			√			
४.१.४ वन क्षेत्रमा तारबार	कि.मि.									
कैलाशेश्वर सामुदायिक वनमा सबदाह गृह बली		१		रानिकुला						
४ वार्ड नं.४										
४.१ वन तथा जैविक विविधता										
४.१.१ वन व्यवस्थापन कार्यक्रम	समूह	×								
४.१.२ वन डढेलो नियन्त्रण कार्यक्रम	समूह	×								
४.१.३ वृक्षरोपण	कि.मि.	२ वटा २५ कठ्ठा	२० लाख	मुनुवा, कञ्चनपुर	√	√			√	
४.१.४ वन क्षेत्रमा तारबार	कि.मि.	×								
५. वार्ड नं.५										
४.१ वन तथा जैविक विविधता										
४.१.१ वन व्यवस्थापन कार्यक्रम	समूह									
४.१.२ वन डढेलो नियन्त्रण कार्यक्रम	समूह	४२२ हेक्टर जनकल्याण	५० लाख	अमौरी, लम्कीथुहा		√	√	√		

विषय क्षेत्र		इकाई		अनुमानित लागत (रु. हजार)	स्थानगत विवरण/टोल/वडा	सम्पन्न गर्ने निकाय		प्राथमिकीकरण			
			र ११ हेक्टर शिवपार्वती								
४.१.३	वृक्षरोपण	कि.मि.									
४.१.४	वन क्षेत्रमा तारबार	कि.मि.									
६.	**वार्ड नं.६**										
४.१	**वन तथा जैविक विविधता**										
४.१.१	वन व्यवस्थापन कार्यक्रम	समूह	टोटल वन		जगतपुर,		√	√	√		
४.१.२	वन डढेलो नियन्त्रण कार्यक्रम	समूह									
४.१.३	वृक्षरोपण	कि.मि.	८०० हेक्टर	१ करोड	कैलाशेश्वर, सुवर्ण, जगतपुर						
४.१.४	वन क्षेत्रमा तारबार	कि.मि.									
७.	**वार्ड नं.७**										
४.१	**वन तथा जैविक विविधता**										
४.१.१	वन व्यवस्थापन कार्यक्रम	समूह	-	—							
४.१.२	वन डढेलो नियन्त्रण कार्यक्रम	समूह	-	—							
४.१.३	वृक्षरोपण	कि.मि.	-	—							
४.१.४	वन क्षेत्रमा तारबार, तटबन्धन	कि.मि.	५ विगा	३० लाख	जबलपुर			√	√		
८.	**वार्ड नं. ८**										
४.१	**वन तथा जैविक विविधता**										
४.१.१	वन व्यवस्थापन कार्यक्रम	समूह									
४.१.२	वन डढेलो नियन्त्रण कार्यक्रम (ऐसुपे सा.उ)	समूह	२०५ हेक्टर		पालबजार		√				
४.१.३	वृक्षरोपण	कि.मि.									
४.१.४	वन क्षेत्रमा तारबार	कि.मि.									
९.	**वार्ड नं. ९**										
४.१	**वन तथा जैविक विविधता**										
४.१.१	वन व्यवस्थापन कार्यक्रम	समूह		१ करोड	९ वटा सामुदायिक		√	√	√		
४.१.२	वन डढेलो नियन्त्रण कार्यक्रम	समूह			९ वटा सामुदायिक						
४.१.३	वृक्षरोपण	कि.मि.			९ वटा सामुदायिक						
४.१.४	वन क्षेत्रमा तारबार	कि.मि.			९ वटा सामुदायिक						

७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

क. अपेक्षित उपलब्धि

जानकी गाउँपालिका क्षेत्र भित्र सरकारी, सामुदायीक, तथा निजी क्षेत्रका वनको संरक्षण, सम्बर्द्धन र विकास हुनु भै बृक्षारोपणको माध्यम बाट गाउँपालिका क्षेत्र थप हरियाली तथा हराभरा भई वातावरण संरक्षण र सम्बर्द्धनमा उल्लेख्य योगदान पुगेको हुनेछ **र** वनजन्य उद्यम र पर्यापर्यटनको विकास बाट स्थानीयबासीको जीवनस्तर र पालिकाको आन्तरिक आयमा गुणात्मक योगदान पुगेको हुनेछ ।

ख. नतिजा/सूचक

१ आ.व. २०७९/८० भित्र हरियाली प्रवर्द्धन तथा बातावरण संरक्षण र विकास सँग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम तथा कार्यविधि साथै गुरु योजना तयार भएको हुनेछ साथै संघय, प्रादेशिक र स्थानीय कानून विच सामान्जस्यता विकास भएको हुनेछ ।

२ गाउँपालिका क्षेत्रका प्रत्येक घर परिवारले आ(आफ्नो घर आगनमा कम्तिमा २ (२ वटा विरुवा (अनिवार्य लागौका हुनेछन्

३ सङ्घीयतथा प्रदेश सरकारको समेत सहयोग र साझेदारीमा आ.व. २०८१/८२ भित्र गाउँपालिका क्षेत्र भित्रका प्राथमिकता नं. p1 मा परेका वनजङ्गलको पूर्ण संरक्षण भएको हुनेछ र सबै सामुदायीक बन उपभोक्ता समह गाउँपालिकाको नियमनमा सञ्चालन भएका तथा वनको क्षेत्रको कुल मात्रामा न्यूनतम १५ प्रतिसत बृद्धि भएको हुनेछ

४ सरकारी तथा सामुदायिक वनलाई डढेलो वा आगलागि बाट जोगाउन अन्य आधुनिक प्रविधि र यन्त्र उपकरणको व्यवस्था नहुँदा सम्म बिभिन्न स्थानमा पक्की पोखरी निर्माण र पाईपको व्यवस्था गरिएको हुनेछ

५ सरकारी, सामुदायिक तथा निजी वनमा पशुआहारका लागि उपयुक्त बिरुवाहरूको बृक्षारोपण गरी डाले घाँसको विकास गरिनेछ भने बर्तमानका झाडि र बुट्यान खाली रहेका क्षेत्रहरू पशु चरनको रुपमाा विकास गरिएको हुनेछ साथै पात पतिङ्गर बाट कम्पोष्ट मल वनाउने कार्यको विकास भएको हुनेछ

६ वनजङ्गलको संरक्षण र सम्बर्द्धनका साथै वनयजन्तुको समेत संरक्षण गरी गाउँपालिका क्षेत्र भित्र को बनलाई पर्यटन गन्तब्यवको रुपमा समेत बिकसित गरिएको हुनेछ

७ आ.व. २०८०/८१ भित्र सार्वजनिक तथा सामुदायीक स्थल, खोला किनारा, नहरको दायाँबायँ, विद्यालय, सडक पेटी किनारा, सडक आइल्याण्ड लगायतका सम्भाव्य सबै स्थान र क्षेत्रमा बृक्षारोपण भई जानकी गाउँपालिका हरित गाउँपालिकाको रुपमा स्थापित र बिकसित भएको हुनेछ

८ हरित गाउँपालिकाको विकास बाट बायुमण्डलमा रहेका तथा रहने कार्वन तथा क्लोरोफ्लोरो कार्वनको मात्रा साथै बायुमण्डलीय तापक्रम लाई कमी पार्न गणनायोग्य सहयोग पुगेको हुनेछ

९ वन तथा वनपैदावारमा आधारित उद्यम व्यवशाय सञ्चालन भै कम्तिमा २५० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका हुनेछन् ।

७.१.६ अनुमान तथा जोखिम पक्ष

यो आवधिक योजनाको अन्त्यसम्ममा गाउँपालिकाभित्र भएका सबै सामुदायिक वन उपभोक्ता समूह गाउँ पालिकाको नियमनमा सञ्चालन भएका हुनेछन् र सामुदायिक वनको आय आर्जन तथा कार्यक्रम गाउँपालिका लेखा प्रणालीमा अभिलेखीकरण गएको हुनेछ । उपलब्ध जडिबुटीको पहिचान, प्रशोधन तथा बजारीकरण भएको हुनेछ । वन डँढेलो, नियन्त्रण भएको हुनेछ । चोरी शिकार तथा गैर कानूनी वन पैदावर संकलन तथा ओसारपसार, वन अतिक्रमण नियन्त्रण

भै वन संरक्षणमा सुधार भै जैविक विविधता, जलाधार तथा जलासय क्षेत्र सिमसार क्षेत्र, नदी किनारी क्षेत्र व्यवस्थित भएको हुनेछ ।

वनमा आधारित हरित उद्यम तथा कार्वन सञ्चितिकरण अन्तर्राष्ट्रिय भुक्तानीमा पहुँच पुगेको, जल, जमिन र जंगलको एकिकृत पारिस्थितिक प्रणालीको स्वास्थ्य स्थिति सिर्जना भएको र कर्णाली नदीको एकीकृत जलासाय व्यवस्थापन, कार्य प्रारम्भ भएको हुनेछ । वन्यजन्तु, घरपालुवा पशु तथा मानव बिचको द्वन्द्व समुदायको सक्रियतामा समाधान भएको हुनेछ । वन, वातावारण तथा पूर्वाधार निर्माणमा पर्यावरणीय प्रणाली बिच समन्वय गरी निर्माण कार्य गर्ने प्रचलन गाउँपालिकाले स्थापित गरेको हुनेछ । यो आवधिक योजनाको अन्त्यमा वन सम्पदाबाट गाउँपालिकाको राजस्व संकलनमा ठूलो योगदान पुगेको हुनेछ । काठ, दाउरा खपतमा कमि आएको हुनेछ । सार्वजनिक क्षेत्र, नदी किनारा, सडक किनारामा हरियाली कायम भएको हुनेछ । कृषि वन कार्यक्रम, पर्या-पर्यटन र उद्यम विकासमा निर्दिस्ट स्रोतको उपलब्धता, संघ, प्रदेश र गाउँपालिकाको सहकार्य समुदायको सक्रिय र सकारात्मक सहभागिता, प्राकृतिक प्रकोपको जोखिम असर तथा वनक्षेत्र सुधार एवं सुदृढीकरणमा आवश्यक वनमैत्री स्थानीय नियम कानूनको व्यवस्था भएन भने प्रस्तावित योजनाका लक्षित सूचक हाँसिल नहुने जोखिम छन् ।

७.२ भु–संरक्षण तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

आन्तरिकृत गरिएका दिगो विकास लक्ष्य गाउँका स्तरमा हाँसिल गर्न भू-साधन (Land resources) तथा जल स्रोत (Water resources) को दीगो, वैज्ञानिक र नागरिक विज्ञान (Citizen science) को एकिकृत पद्धतिबाट दीगो व्यवस्थापन गर्न जरुरी छ। गाउँपालिकाको झन्डै ८० प्रतिशत जनसङ्ख्या भू-साधन तथा जलसाधनसँग निर्भर भएकाले वैज्ञानिक भू-साधन व्यवस्थापन उपयोग तथा परिचालन गर्न यो योजनाले विशेष जोड दिएको छ। कर्णाली नदी जलाधार क्षेत्रको तल्लो वेसिनको जलभण्डार (सतहगत र भूमिगत) को एकिकृत एवं संयोजनात्मक उपयोग गर्न केन्द्रित हुन सके गाउँ पालिकाको आर्थिक समृद्धिमा ठूलो योगदान पुग्ने प्रबल सम्भावना छ। अवैज्ञानिक कृषि प्रणाली, रासायनिकरण तथा कृत्रिम बीउ बालीको प्रयोगबाट भू-साधन वा माटोको उर्वरतालाई न्यूनिकरण गरी प्राङ्गारिक खेती प्रणाली एवं रैथाने बीउ, विजनको प्रयोगमा समुदायलाई प्रोत्साहित गर्ने कार्यक्रमबाट गाउँपालिकाको भू-साधनको संरक्षण, उत्पादकत्व वृद्धि र उपलब्ध जलस्रोत (सतहगत-नदी, ताल, सिमसार र भूमिगत) को मात्रा तथा गुण दुवैमा अभिवृद्धि गर्ने काम गर्न आवश्यक छ। यसका लागि भू-उपयोग ऐन बमोजिम भू-वर्गीकरण गरी भू-उपयोग नक्साको कडाइका साथ प्रयोग गर्न जरुरी देखिन्छ।

७.२.२ समस्या तथा चुनौती

भू-उपयोग ऐन अनुसार भू-वर्गिकरण गरि भू-साधन व्यवस्थापन तथा भू-प्रशासन प्रणालीलाई प्रभावकारी बनाउनु, भू-तथा जलस्रोत सम्बन्धी सम्पूर्ण तथ्य तथ्याङ्क डिजिटाइज गरी एकीकृत सूचना प्रणाली लागु गर्न, जल तथा भू-साधनमा जलवायु परिवर्तनका कारण परेको प्रतिकूल असरलाई न्यूनिकरण गर्न जलवायु परिवर्तन प्रतिकूल असरबाट पानीको उपलब्धता कम हुनु, बाढी, डुवान, नदी कटानबाछ माटोको मात्रा र गुण दुबै ह्रास हुनु, अधिक रासायनिक कारण एवं खाद र किटनासक औषधिको प्रयोगबाट माटोको उर्वरता ह्रास हुँदै जानु, वर्षेनि कर्णली नदीको बाढी र डुवानबाट भू-साधन क्षय हुनु र पानीका स्रोतमा ह्रास आउनु प्रमुख समस्या रहेका छन् । त्यस्तै भू-साधन संरक्षण तथा व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार बमोजिम वैज्ञानिक व्यवस्थापनमा गाउँपालिकाको जनशक्तिको अभाव, भूमि प्रशासनको आधुनिकीकरण एवं भू-सूचना प्रणाली (विद्युतीय) को कार्यान्वयन गर्नु आधुनिक प्रविधि गरी भू-साधन व्यवस्थापनलाई दीगो बनाउनु र जलाशय संरक्षण, जलस्रोतको एकिकृत प्रयोग गर्ने परिपाटीको विकास गर्नु यस क्षेत्रका मुख्य चुनौति हुन्।

७.२.३ संभावना तथा अवसर

भू-संरक्षण तथा भू-व्यवस्थापन गाउँपालिका लगायत प्रदेश र सङ्घीयसरकारको साझा अधिकार क्षेत्र हुनु, भू-साधनको दीगो परिचालनका लागि भू-उपयोग ऐन २०७९ बमोजिम गाउँपालिकाले भू-वर्गिकरण सहित भू-उपयोग योजना बनाउने कानूनी प्रावधान हुनु, वैज्ञानिक भू-व्यवस्था सम्बन्धी जनचेतना वृद्धि हुँदै जानु, भू-साधन सम्बन्धी अनलाईन सेवा कार्यान्वयनमा आउनु उपलब्ध जलस्रोतको समुचित बहुआयमिक र समन्वयात्मक उपयोग सहित एकिकृत जलाधार व्यवस्थापन गर्ने परिपाटी शुरु हुनु, जलवायु परिवर्तनको असलाई न्यूनिकरण गर्न जलवायु परिवर्तन अनुकूलन तथा समयानुकुलन प्रकृयाबाट जलस्रोतको उपयोग तथा जलउत्पन्न प्रकोप एवं क्षेति तथा जलाधार क्षेत्र क्षतिकरणलाई रोकथाम तथा नदी किनाराको संरक्षण गर्नु र जलाधार तथा जलासय क्षेत्र अन्तर निकाय एवं अन्तरसरकारी समन्वयको माध्यमबाट व्यवस्थापन गर्नु यस क्षेत्रका अवसर हुन्।

कर्णाली नदीको तल्लो तर वेसनिको जलाधार एवं जलासय क्षेत्र एवं भू-साधनको वैज्ञानिक व्यवस्थापन, उपयोग तथा परिचालन गरी उपलब्ध प्राकृतिक स्रोत (जलजमिन र जंगल) को समुचित विकास गर्ने सम्भावना छ ।

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य : गउँपालिका भित्रको जल, जमिन र जंगल विचको Symbolic सहसम्बन्धलाइ निरन्तरता दिन भ साधन, जलसाधन र बन साधानको उचित संरक्षण तथा व्यवस्थापन गरि गाउँपालिकाको आय आर्जनमा गणनायोग्य योगदान पुऱ्याउने ।

तालिका ८५: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

क्र.सं	उद्देश्य	रणनीति	क्रयाकलाप (कार्यक्रम तथा आयोजना)
१.	भू-संरक्षण तथा जलाधार एवं जलासय व्यवस्थापनको माध्यम बाट उर्वर भूमिको क्षति न्यूनिकरण गन	भू-संरक्षण तथा जलाधार व्यवस्थापनलाई दिगो बनाउनुको साथै डुवान साथै बाढिपहिरो जन्य जोखिमको दिगो एवं भरपर्दो व्यवस्थापनकालागि संरचनागत तथा गैर संरचनागत प्रविधिको उपयोग गर्ने	• जोखिमयुक्त क्षेत्रको लगत सङ्कलन गर्ने • आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गर्ने • भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी एकीकृत गुर योजना निर्माण गर्ने • गाउँपालिका स्तरीय जलाधार संरक्षण तथा व्यवस्थापन समितिको निर्माण गर्ने • गाउँपालिका क्षेत्र भित्रका खोलानालामा प्राथमिकता प्राप्त स्थानमा प्राथमिकताका आधारमा आवश्यक तटवन्ध निर्माण गर्ने • खोला किनाराका आवश्यक स्थनमा वृक्षारोपण गर्ने
२.	जलउत्पन्न प्रकोपबाट पालिका क्षेत्रमा भईरहेको तथा सम्भावित आर्थिक तथा सामाजिक क्षति न्यूनिकरण गर्ने	भूसंरक्षण र जलाधार व्यवस्थापनकालागि जनचेतना अभिवृद्धि गर्नुको साथै स्थानीय साझेदारीको विकास र व्यवस्थापन गर्ने	• भू-क्षय र जलाधारको व्यवस्थापन साथै खोलानालाको अनाधिकृत दोहन बाट निम्तन सक्ने जोखिमका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने • सहायोगि र साझेदारहरूको पहिचान गरी सहभागि गराउने साथै जलाधार संरक्षण र व्यवस्थापनकालागि सङ्घीयतथा प्रदेश सरकार सँग समन्वय गर्ने • विद्यमान जलासयलाई पालिकाको प्रमख प्राकृतिक स्रोतका रुपमा स्थापित गर्न सवै सरोकारवालाको साझेदारी स्थापित गर्ने

वडागत गाउँपालिकाका विकास आयोजनाहरू निम्न अनुसार राखिएका छन्:

तालिका ८६: वडागत विकासका आयोजनाहरू

विषय क्षेत्र	इकाई	अनुमानित लागत (रु. हजार)	स्थानगत विवरण/टोल/वडा	सम्पन्नगर्ने निकाय			प्राथमिकीकरण		
१. वडा नं.१				आफै	प्रदेश	संघ	१	२	३
४.२ भूसंरक्षण तथाजलाधार व्यवस्थापन									
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर	–							
४.२.२ पहिरो नियन्त्रण कार्यक्रम	स्थान	-							
४.२.२ पानी मुहान संरक्षण	स्थान	-							
४.२.३ खहरे खोला नियन्त्रण	स्थान								
कुलरिया खोला	दुगौली		३० लाख	तटबन्धन	√	√		√		
बिजुलिया खोला	दुगौली								
२ वडा नं.२									
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर	–	–	-					
४.२.२ पहिरो नियन्त्रण कार्यक्रम									
४.२.२ पानी मुहान संरक्षण									
४.२.३ खहरे खोला नियन्त्रण (बाढी नियन्त्रण)									
कालिकापुर गौरी, जानकी नगर तटबन्धन		१५ कि.मि.	५ करोड	वडाभित्रका टोल	√	√	√			
३. वडा नं.३									
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर								
४.२.२ पहिरो नियन्त्रण कार्यक्रम	स्थान								
४.२.२	स्थान								
४.२.३	स्थान								
४. वार्ड नं.४									
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर	×	×	×					
४.२.२ पहिरो नियन्त्रण कार्यक्रम	स्थान	×	×	×					
४.२.२ पानी मुहान संरक्षण	स्थान	×	×	×					

विषय क्षेत्र	इकाई		अनुमानित लागत (रु. हजार)	स्थानगत विवरण/टोल/वडा	सम्पन्नगर्ने निकाय			प्राथमिकीकरण		
४.२.३ खहरे खोला नियन्त्रण	स्थान	×	×	×						
५. वडा नं.५										
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर									
४.२.२										
४.२.२										
४.२.३										
६. वार्ड नं.६										
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर									
४.२.२										
४.२.२										
४.२.३										
७. वार्ड नं.७										
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर	–	–	-						
४.२.२ पहिरो नियन्त्रण कार्यक्रम	स्थान	-								
४.२.२ पानी मुहान संरक्षण	स्थान	-								
४.२.३ खहरे खोला नियन्त्रण (बाढी)	स्थान	-								
४.२.४ जबलपुर, परेला सडकपुर मकरी		५ कि.मि.	५० लाख	जबलपुर			√	√		
८. वार्ड नं.८										
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर									
४.२.२ पहिरो नियन्त्रण कार्यक्रम	स्थान									
४.२.२ पानी मुहान संरक्षण	स्थान									
४.२.३ खहरे खोला नियन्त्रण	स्थान									
९. वार्ड नं.९										
४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम	हेक्टर	५०० H	५० लाख	शिवसति पूर्व खैरीफाटा कटास, अमरावति		√	√	√		
४.२.२ पहिरो नियन्त्रण										

विषय क्षेत्र	इकाई		अनुमानित लागत (रु. हजार)	स्थानगत विवरण/टोल/वडा	सम्पन्नगर्ने निकाय			प्राथमिकीकरण		
कार्यक्रम										
४.२.२ पानी मुहान संरक्षण										
४.२.३ खहरे खोला नियन्त्रण										

७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

क. अपेक्षित उपलब्धि

आवधिक योजना अवधि भित्र पालिका भित्रका जोखिमयुक्त जलाधार क्षेत्रमा आवश्यक तटबन्ध र बृक्षारोपण समेतको कार्य भई वर्तमान भू(क्षयको तथा नदी कटान दर ६० प्रतिसतले घटेको हुने र बाढी डबानबाट मानव तथा मावनवस्तीमा हुने क्षति ८५ प्रतिशतले घटेको हुनेछ ।

ख. नतिजा/सूचक

१. सम्भावित भूक्षय हुन सक्ने जोखिम युक्त स्थानको पहिचान गरी विवरण अध्यावधिक भएको हुनेछ
२. आ.व. २०८०/८१ भित्र भूसंरक्षण तथा जलाधार संरक्षण कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कायान्वयनमा आएको हुनेछ
३. आ.व. २०८१/८२ भित्र भूसंरक्षण तथा जलाधार व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ
४. आ.व. २०८३/८४ सम्ममा सम्भावित बाढीको तथा डबान प्रकोप हन सक्ने मुख्य स्थानीय खोला किनारी भागमा बृक्षारोपण सहित सङ्घीयतथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमाा अति आवश्यक स्थानमा तटवनध निर्माण गरिएको हुनेछ ।
५. बाढीका र डबानका कारण हुने जोखिमय न्यूनिकरण तथा व्यवस्थापनको हिसावले जानकी गाउँपालिका क्षेत्रका गाउँबासीले सुरक्षाको प्रत्याभुति पाएका हुनेछन ।

७.२.६ अनुमान तथा जोखिम पक्ष

यस योजना अवधिमा भू-साधन सम्बन्धी नक्सा तथा स्रेस्ता डिजिटलाइज भै अनलाइन प्रणालीबाट सहज सेवा उपलब्ध भएको हुनेछ । गुणस्तरीय भौगोलिक सूचना पूर्वाधारको विकास भै सहज र प्रभावकारी ढङ्गले भू-व्यवस्थापन, भू-संरक्षण तथा भू-उपयोग व्यवस्थित भएको हुनेछ । भू-क्षय नियन्त्रण, नदीकटान नियन्त्रण तथा जलाधार क्षेत्र संरक्षणमा कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा आएको हुनेछ । त्यस्तै एकीकृत जलस्रोत विकास नीति तर्जुमा भै जलस्रोतको संयोजनात्मक उपयोग भएको, कर्णाली नदीवेसिन क्षेत्र लगायत पालिका भित्रका नदीखोलाहरूको किनारी भाग हरियाली एवं तटबन्धन भएको हुनेछ । बाढी, डुवान तथा कटान क्षेत्रको पहिचान गरी जोखिम क्षेत्रको डिजिटलाइज नक्सा तयार गरि जोखिम विपद् व्यवस्थापन कार्य भएको हुनेछ । भू-संरक्षण तथा जलाधार (जलासय) क्षेत्रको दीगो व्यवस्थापनमा, अन्तरसरकारी समन्वय एवं निजी-सार्वजनिक सहकारी क्षेत्रको साझेदारीमा कार्यक्रम सञ्चालन भएका हुनेछन् ।

भू-संरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्र तीनै तहको साझा अधिकार क्षेत्रको विषय भएकाले तिनै तहको प्रभावकारी समन्वय, आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको सुनिश्चितता, जनसहभागिता एवं जलवायु परिवर्तन जन्य प्रकोप एवं संकटासन्ताको अवस्था यो क्षेत्रको प्रस्तावित कार्ययोजना लक्ष्यमा पुग्ने कुरामा अड्चन सिर्जना गर्ने जोखिम पक्ष हुन् ।

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

वातावरण तथा फोहोर व्यवस्थापन मानव स्वास्थ्य र सुख समृद्धिसँग प्रत्यक्ष जोडिने विषय भएकाले यस योजना अवधिमा गाउँपालिका बासीलाई स्वच्छ र स्वस्थ वातावरणमा जीवनयापन गर्ने अवसर सिर्जना गर्न जोड दिएको छ । गाउँपालिकाभित्र भू-उपयोग वर्गिकरण अनुसार एवं भू-क्षमता अनुसार भौतिक पूर्वाधार निर्माण, र सञ्चालन गर्न साझा यातायात सञ्जाल, वातावरणमैत्री उद्यम, व्यावसायय, व्यापार तथा अवास, अस्पताल, सार्वजनिक क्षेत्र, पार्क, उद्यान, वाटिका टारिट लेन आदिको व्यवस्थापन गर्न आवश्यक छ। उद्योग तथा व्यापारिक क्रियाकलाप वृद्धि सँगै बढ्दो चुम्बकीय एवं विद्युतीय उपकरण विषादी र रासायनिक पदार्थको विसर्जन तथा व्यवस्थापन गर्न जरुरी छ । बढ्दो औद्योगिकरण, व्यापारिकरण र रासायनिकीकरण असर न्यूनिकरण गरी वायु, जल तथा जमिन प्रदुषणबाट गाउँपालिकाका सम्बन्धित क्षेत्रलाई सुरक्षित बनाउन विशेष ध्यान दिन आवश्यक छ। त्यस्तै समुदाय तहमा वातावरण क्षमता हाँसिल गर्न जलवायु अनुकुलन गाउँ बनाउन, वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि फोहोरमैला व्यवस्थापन, नदी सडक किनारामा हरियाली प्रवर्द्धन गर्न आवश्यक छ ।

७.३.२ समस्या तथा चुनौती

वतावरण व्यवस्थापन एक जटिल, बहुक्षेत्रीय र बहुआयमिक विषय भएकाले व्यक्ति, समुदाय, संस्था तथा सरकारी संयन्त्रको सहकार्य नहुनु, वातावरण र विकासको एकिकृत योजनाबद्ध कार्यक्रम सञ्चालन नहुनु, अव्यवस्थित उद्योग व्यवसाय र बस्ती, पूर्वाधार विकास र वातावरण बिच पर्यावरणीय प्रणाली अनुसार समन्वयन र सन्तुलन नहुनु, उद्योग, स्वास्थ्य क्षेत्रबाट निस्कासन हुने रासायनिक पदार्थ, विद्युतीय उपकरण लगायत रासार्यनिक मल र विषादी को वृद्धि, चाप, ध्वनी, जल जमिनमा प्रदुषण बढ्दै जानु, र वातावरण व्यवस्थापनमा सरोकारवाल सबै पक्षसँग समन्वय र सहकार्य नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

स्थानीय तहमा वातावरण स्वच्छ राखी स्वास्थ्य जीवनयापन गर्ने नैसर्गिक अधिकारको प्रत्याभूत हुने नीति, कानून निर्माण र कार्यान्वयन नहुनु, वातावरणीय स्वच्छता सम्बन्धी सबै निकाय ताथा वर्गसँग समन्वय र सहकार्य नहुनु, यातायात, औद्योगिक क्षेत्र, व्यापारी प्रतिष्ठान, स्वास्थ्य क्षेत्र र कृषि क्षेत्रमा हुने मानवीय व्यवहार र क्रियाकलापबाट हुने जल, जमिन, वाफ प्रदुषण नियन्त्रण गर्नु, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा न्यूनिकरण, फोहोरमैला व्यवस्थापन, वातावरण र विकासबिच सन्तुलन कायम गर्नु, वातावरण संरक्षण सम्बन्धी आम नागरिकको दायित्व बोध, अध्याय-अनुसन्धान साझेदारी एवं सहकार्य जुटाउन मुख्य चुनौति रहेका छन् ।

७.३.३ संभावना तथा अवसर

स्वच्छ तथा स्वास्थ्य वातावरण व्यवस्थापन गरी हरित अर्थतन्त्र, सफा बस्ती र उर्जा, एवं पर्यावरणीय सन्तुलन सहितको नमुना हरित गाउँपालिका बनाउन सक्ने मुख्य अवसर हो । वातावरण संरक्षण, जलवायु अनुकुलन, जोखिम व्यवस्थापन क्षमता विकास गर्ने कार्ययोजना तथा कार्यढाँचा तर्जुमा गरी कार्यान्वयन गर्नु, जनचेतना वृद्धि हुँदै जानु, राष्ट्रिय अन्तर्राष्ट्रिय चासो रहनु, वातावरणसँग सम्बन्धी सन्धी, महासन्धी तथा संझौताको नेपाल पक्ष राष्ट्र हुनु, जैविक विविधता प्राकृतिक स्रोत एवं सन्तुलित पर्यावरण आर्थिक विकासको मेरुदण्ड भएको अनभूत हुनु, सरकार, प्राज्ञिक क्षेत्र, समुदाय सबैको वातावरण व्यवस्थापनमा आ-आफ्नो सहयोग योगदान हुने परिस्थिति बन्दै जानु यस क्षेत्रमा मुख्य अवसर हुन् ।

भौगोलिक अनकूलता, सरकारी समुदायको सक्रियता तथा विश्वव्यापी अभियानलाइ आत्मसात गरी गाउँपालिकाले वातावरण व्यवस्थापनमा नमूना कार्य गरी स्वच्छ वातावरण, समृद्ध जीवन को प्रत्याभूति दिने सम्भावना रहेको छ ।

७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य : गाउँपालिका क्षेत्र भित्र स्वच्छ, स्वस्थ हरियाली वातावरणको सिजना तथा फोहोरमैलाको उचित व्यवस्थापनको सुनिस्चिता गर्ने ।

तालिका ८७: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क.सं	उद्देश्य	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१.	वातावरण संरक्षण,जलवाय उत्थानशीलता विकास र प्रदुषण नियन्त्रणकालागि अवाश्यक स्थानीय ऐन कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउन	वतावरणमैत्री विकास र बसोबास, स्रोत व्यवस्थापन, जलवाय उत्थानशीलता क्षमत विकास तथा फोहोरमैला व्यवस्थापनका लागि नविन प्रविधिको प्रयोग सहित निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने	• वातावरण संरक्षण, जलवाय उत्थानशीलता विकास तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि एवं नीति निर्माण गर्ने • जलवाय परिवर्तन जन्य प्रको ल्यनिकरण तथा जलवाय अनुकुलन क्षमता विकासलाइ मलप्रवाहिकरण गर्ने गरुयोजना तर्जमा गरि गाउँपालिकालाइ जोखिम रहित बनाउने • गाउँपालिका क्षेत्र भित्र दैनिक रुपमा उत्पादन हुने फोहोर र तीनको प्रकृतिको तथ्याङ्क अध्यावधिक गर्ने • वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण गुरु योजना तयार गर्ने • फोहोरमैला प्रशोधन केन्द्रकालागि आवश्यक जग्गा जमिनको व्यवस्थपन, स्थापना, सञ्चालन तथा व्यवस्थापनकालागि निजी क्षेत्र तथा सामुदायिक संघ संस्थाहरू संग समन्वय र साझेदारी गर्ने • फोहोरमैलाको प्रकृतिका आधारमा प्रशोधनकालागि आवशयक मेसिन तथा उपकरणको व्यवस्थापन गर्ने साथै फोहोरमैला प्रशोधन गरी सम्भाव्य वस्तुको उत्पादन गरी बजारिकरण गने • सडक किनारा, सार्वजनिक स्थल, खाली रहेका जग्गा जमिन, नदी/खोला किनार, पोखरी, पार्क, तलाउ, सिमसार क्षेत्रमा हरियाली कायम गनृे तथा फोहोर फाल्न प्रतिवन्ध लगाउने • स्थानीय खोला नालामा हुने गरेको फोहोरको नियन्त्रण गरी खोलामा बग्ने पानीलाई उपयोग योग्य वनाउने • फोहोरमैला व्यवस्थापन तथा यसको उपादेयता सम्वन्धी जनचेतनामुलक तालिम, गोष्ठी तथा प्रशिक्षण सेमिनारहरू सञ्चालन गर्ने

			• सवै घरपरिवार, तथा सार्वजनिक स्थल लगायत व्यवसायिक र व्यापारिक प्रतिष्ठानमा फोहोरमैला लाई प्रकृति अनुसार कुहिने नकुहिने र पुनचक्र हुने नहुने गरी अलग अलग राख्ने तथा छुट्याउने व्यवस्था मिलाउने • फोहोरमैला प्रशोधनको कार्य सञ्चालन नहुँदा सम्म गाउँपालिकाका सम्भाव्य सवै वडाहरूमा (विशेषत मुख्य बजार केन्द्र) सामुदायिक कम्पोष्ट पलान्टको स्थापना र विकास गर्ने साथै कृषि उत्पादनमा कम्पोष्ट मलको प्रयोगलाई अनिवार्य गर्ने • बजार क्षेत्र बाहेकका स्थानमा सहयोगि सस्था सँगको साझेदारी तथा समन्वयमा घरघरमा कम्पोष्ट तथा खाल्डे कम्पोष्ट प्रविधिको प्रयोग गर्ने साथै फोहोरको उत्पादनमानै कमि ल्याउने • उपयुक्त स्थानमा ल्याण्डफिल साईड वा डम्पिङ साईडको व्यवस्था गर्ने • गाउँपालिका क्षेत्रमा रहेका मुख्य बजार क्षेत्रमा समय तालिकाका आधारमा सवै घरधुरी, व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान बाट फोहोरमैला सङ्कलन, सुरक्षित ढुवानी र विसर्जन गर्ने साथै सडक सफाई लाई नियमित र व्यवस्थित गर्ने • सफाई कामदारको व्यवस्थापन गर्ने • आफुले उत्पादन गरेको फोहोरमैलाको व्यवस्थापन आफै गर्नु पर्ने व्यवस्था मिलाउने • फोहोरमैला उत्पादनका आधारमा सफाई शुल्कको व्यवस्था गरी तोकिएको क्षेत्र र स्थान बाहेकका ठाउँमा जथाभावी फोहोरमैला फाल्नेलाई आवश्यक दण्डजरिवानाको व्यवस्था गर्ने • फोहोरमैलाको सुरक्षित ढुवानीकालागि मुख्य बजार केन्द्रलाई लक्षित गरी प्रत्येक वडामा कम्तिमा १(१ वटा उपयुक्त फोहोरमैला ढुवानीका साधन खरिद गरि सञ्चालनमा ल्याउने • ५ के.जी भन्दा माथिको खाद्यान्नको प्याकिङमा अनिवार्य जुट तथा कपडाको थैलीको प्रयोग गर्नुपर्ने साथै २० माइक्रोन भन्दा कमका प्लाष्टिका झोला तथा थैलाको प्रयोगमा पूर्ण प्रतिवनध लगाउँने • प्रत्येक घरपरिवार, विद्यालय र सार्वजनिक तथा पर्यटन स्थल, वसपार्कहरूमा फोहोरमैला व्यवस्थापनका लागि विशेष अभियान सञ्चालन गर्ने • अस्पताल तथा स्वास्थ्य चौकी वा केन्द्र जन्य फोहोरमैलाको उपयुक्त र सुरक्षित व्यवस्थापनकालागि

			इन्सिनरेटरको प्रयोगमा अन्य स्थानीय तह वा स्वास्थ्य संस्थाहरू संग समन्वय र साझेदारी गर्ने ● ढल तथा नाला निर्माण गर्दा अनिवार्य ढक्कनको व्यवस्था गर्ने साथै खुल्ला ढल तथा नालालाई अनिवार्य ढक्कन लगाउने तथा सुरक्षित र वातावरण मैत्री वनाउने ● औधोगिक भवन तथा सामुदायिक र संस्थागत भवनको नक्सा पास गर्दा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण कार्यविधिमा भएको व्यवस्था बमोजिम मात्र जाँच पास गर्ने ● पुर्ण सरसफाई र वातावरण मैत्री टोल तथा वडा को थप व्यवस्थापन गरी समग्र गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिकाको रुपमा स्थापित गर्ने ● सवै वडाका मुख्य केन्द्रमा एक एक वटा सुविधा सहितका पशु बधस्थलको निमार्ण, सञ्चालन तथा व्यवस्थापन गने ● प्लाष्टिकको विकल्पमा दुना टपरी तथा माटाका भाडा प्रयोगमा जोड दिने ।
२	प्रदुषण नियन्त्रण सहितको पालिका स्तरीय वातावरण व्यवस्थापनकालागि स्थानीय स्तरका सवै सरोकारवालाको प्रतिनिधित्व रहने गरी प्रभावकारी संरचना निर्माण गर्ने	राष्ट्रिय मापदण्डका आधारमा जल, वायु, ध्वनी, विकिरणजन्य तथा घातक फोहोरमैला नियन्त्रण गरी प्रदुषणको रोकथाम गर्ने	● गाउँपालिकाको मुख्य बजार केन्द्रमा वायु प्रदुषण मापन यन्त्रको जडान गर्ने र नियमिति परिक्षणको व्यवस्थाप मिलाउने ● खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षणको व्यवस्था गर्ने ● यातायातका साधनवाट हुने वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्ने साथै नियमित प्रदुषण निरिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा वातावरण सुरक्षित स्टिकर अनिवार्य गर्ने ● गाउँपालिकाका सवै वडामा गरिव तथा बिपन्न बर्ग तथा समुदायका परिवारलाई विशेष सहुलियत प्रदान गरी सुधारिएको चुलो बितरण गर्ने तथा वायो ग्यास प्लाण्ट निमार्णमा जोड दिने ● विद्यालय तथा शिक्षालयको वरिपरि, सार्वजनिक स्थान, अस्पताल, मन्दिर, गुम्बा लगायतका स्थान तथा स्थल साथै भोज भतेर र विवाह र उत्सवमा अन्य सर्वसाधारण, छिमेकी तथा बालबालिकालाई असर गर्ने गरी प्रेसर हर्न, माईक साथै गाउँपालिका क्षेत्र भित्र डिजे बाजाको प्रयोगमा प्रतिवन्ध लगाउने ● गाउँपालिका क्षेत्र भित्र आपतकालिन अवस्थामा बाहेक साईरन बजाउन प्रतिवन्ध लगाउने ● प्रदुषण रहित इलेक्ट्रिक यातायातका साधनहरूको प्रयोगमा गाउँपालिकाको अधिकार क्षेत्र भित्र रहि विशेष सहुलियत प्रदान गर्ने

			• गाउँपालिका क्षेत्र भित्र रहेका उद्योगका चिम्निका कारण उत्पन्न भएको वा हुने वातावरणीय प्रभावलाई नियन्त्रण गर्ने साथै सम्बन्धित पक्षलाई व्यवस्थापनमा अग्रसर गराउने • उद्योगहरूले प्रयोग गर्ने चिम्नीको न्यूनतम उचाइ सम्वन्धी नियम तयार गरी कार्यान्वयनमा ल्याउने • उद्योगहरूमा स्वच्छतर उत्पादन तथा वातावरण व्यवस्थापन प्रणालि कार्यान्वयनमा ल्याउन • वडा वडामा पृथ्वी दिवस, पानी दिवस, वातावरण दिवस तथा सरसफाई दिवस मनाउने • वातावरण संरक्षण तथा व्यवस्थापनका विषयमा सरोकारवालाको क्षमता विकास गर्ने • गाउँपालिकाले निर्धारण गरेको क्षेत्र, स्थान र समय सिमा बाहेकका जथाभावि फोहोर गर्ने वा फाल्नेलाई कारवाहि गर्ने साथै यस प्रकारको सूचना दिनेको हकमा गोपनियता कायम गरी पुरस्कारको व्यवस्था गर्ने
३.	पालिका क्षेत्र भित्रका सवै प्रकृति र स्वरुपका भौतिक पूर्वाधार निर्माण विकास र प्राकृतिक वातावरणवीच सन्तुलन कायम गर्ने	पूर्वाधार निर्माण र वातावरणबीच सन्तुलन कायम गर्न पालिका क्षेत्र भित्र वातावरण प्रभाव मूल्याङ्कनलाई पूर्वाधार निर्माणको अभिन्न अङ्ग बनाउने	• सवै प्रकारका भौतिक संरचना निर्माण अघि वातावरण प्रभाव मूल्याङ्कन अनिवार्य गर्ने • हरियाली प्रवर्द्धनकालागि बृक्षारोपण गर्ने तथा पुष्प बाटिका निर्माण व्यवस्थपन गर्ने • सामुदायिक वन क्षेत्र बाट कुने एक रुख तथा विरुवा काटेमा वा हटाएमा त्यसको सट्टामा थप दुइ वटा रुख तथा विरुवा रोप्नै पर्ने बाद्यकारी व्यवस्था गर्ने • सम्बन्धित सरोकारवालाको क्षमता विकास गर्ने • अनुगमन तथा मूल्याङ्कन विधि र प्रकृयालाई प्रभावकारी बनाउने • रासायनिक मल, विषादीको न्युनीकरण गर्दै जैविक/ प्राङ्गारिक मलको प्रयोगमा जोड दिने ।

वडागत गाउँपालिकाका विकास आयोजनाहरू निम्न अनुसार राखिएका छन्:

तालिका ८८: वडागत विकासका आयोजनाहरू

विषय क्षेत्र		इकाई	अनुमानित लागत (रु. हजार)	स्थानगत विवरण/टोल/वडा	सम्पन्नगर्ने निकाय			प्राथमिकीकरण		
१. वडा नं.१					**आफै**	**प्रदेश**	**संघ**	१	२	३
४.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (	घरधुरी	१११९	१५ लाख	वडाभरि प्रत्येक वडाको घरमा डस्टबिन आवश्यक	√	√		√		

	प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)										
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-								
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	-								
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या									
	डस्टबिन एक घर एक	१११९			वडा नं १ भरि						
२.	**वार्ड नं.२**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)	घरधुरी	१००० घरधुरी	१५ लाख	वडाभित्र रहेका सम्पूर्ण घरहरूमा	√	√		√		
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-	–							
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	१२ वटै		१२ वटै टोलहरूमा	√	√		√		
४.३.४	संस्थागत रूपमा	सङ्ख्या									

	उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम										
	प्रत्येक घरधुरीलाई फोहर व्यवस्था डस्टबिन		१०००	१५ लाख	वडाभित्र रहेका सम्पूर्ण	√	√		√		
३.	**वार्ड नं.३**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)	घरधुरी	२०००	३० लाख	वडाभरिका टोलमा एक घर एक डस्टबिन		√	√	√		
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-	–	सुवर्णपुर						
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	३	३० लाख	लायकपुर भगतपुर	√	√		√		
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या									
४.	**वार्ड नं.४**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा	घरधुरी	१२००	१० लाख	मुनुवा बजार गिरिधरपुर, बेलपुर कञ्चनपुर	√	√			√	

	व्यवस्थापन)										
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	×								
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	१		मुनुवा बजार						
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या	४	१५ लाख	मुनुवा, बेलपुर कञ्चनपुर	√	√				
५.	**वार्ड नं.५**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)	घरधुरी	११००	१० लाख	एक घर एक डस्टबिन आवश्यक	√	√		√		
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-	–							
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	-	–							
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या	-	–							
६.	**वार्ड नं.६**										
४.३.१	गाउँटोल सरसफाइका लागि	घरधुरी	९००	१० लाख	वडाभरिका प्रत्येक घरधुरीलाई डस्टविन	√	√		√		

	वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)										
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-	–	-						
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	१	३० लाख	जगतपुर	√	√		√		
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या									
७.	**वार्ड नं.७**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)	घरधुरी	१३४४	५ लाख	वडाभरिमा एक घर एक डस्बिन आवश्यकता	√	√			√	
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-	–							
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा	-								
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर	सङ्ख्या	-								

	व्यवस्थापन कार्यक्रम										
८.	**वार्ड नं.८**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)	घरधुरी	२६००								
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-	–	-						
४.३.३	कृषि भूमिमा जैविक मल प्रवर्द्धन	वडा									
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या									
९.	**वार्ड नं.९**										
४.३.१	गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन)	घरधुरी	१८६१	डस्विन २५ लाख	वडाभरिका टोलहरू	√	√		√		
४.३.२	बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण	सङ्ख्या	-								
४.३.३	कृषि भूमिमा	वडा	-								

	जैविक मल प्रवर्द्धन										
४.३.४	संस्थागत रूपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम	सङ्ख्या	-								

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

क. अपेक्षित उपलब्धि

आवधिक योजना अवधिमा गाउँपालिका क्षेत्र भित्र फोहोरमैला प्रशोधन केन्द्रको स्थापना भई फोहोरमैलाको उपयुक्त प्रशोधन बाट वस्तुको उत्पादन, रोजगारीको सिजना भएको हुनेछ। यत्रतत्र फालिने फोहोरमैला बाट गाउँपालिका ९० प्रतिसत बासिन्दा मुक्त भएको हुनेछ। फोहोरमैलाका कारण उत्पन्न हुने रोगव्याधिमा ७५ प्रतिसतले कमि आएको हुनेछ र गाउँपालिका क्षेत्र भित्र जल, वायु तथा ध्वनी प्रदुषणमा कमि आइ प्रदुषणका कारण गाउँपालिकाबासी तथा पशुपन्छी र वनयजन्तुको स्वास्थ्यमा पर्न जाने प्रतिकुल असर बाट जीवजन्त लगायत सबै पर्यावरणीय अवस्था सुरक्षित भएको हुनेछ।

ख. नतिजा/सूचक

१ आ.व. २०७९/८० भित्र समग्र गाउँपालिकाको वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ

२ आ.व. २०८०/८१ भित्र फोहोरमैला प्रशोधन तथा व्यवस्थपनकालागि आवश्यक जग्गा जमिनको सुनिस्चितता भई डिपिआर तयार भएको हुनेछ

३ आ.व. २०८१/८२ भित्र तयार भएको डिपिआर बमोजिम फोहोरमैला प्रशोधन केन्द्रका लागि आवश्यक मेसिनरी तथा उपकरणहरूको खोजि र व्यवस्थापन भएको हुनेछ साथै आवश्यक पूर्वाधारको निर्माण विकास गर्ने कार्य प्रारम्भ भएको हुनेछ

४ आ.व. २०८२/८३ भित्र फोहोरमैला प्रशोधन केन्द्रमा आवश्यक मेसिनरी जडान गरी परिक्षण उत्पादन समेत पुरा भई वस्तु उत्पादनको कार्य प्रारम्भ भएको हुनेछ र वर्तमान रोजगारीको अवस्थामा १० प्रतिशत तथा गाउँपालिकाको आन्तरिक आयमा कम्तिमा ५ प्रतिशत बृद्धिको योगदान पुगेको हुनेछ भने गाउँको फोहोरमैला व्यवस्थापन खर्चमा ६५ ५ ले कटौति भएको हुनेछ।

५ फोहोरमैला प्रशोधन केन्द्रको स्थापना भई पूर्ण कार्यान्वयनमा नआउँदाका बखत सम्म अस्थाई फोहोरमैला व्यवस्थापनका लागि २०७९/८० साल भित्र ब्यवस्थित र सुरक्षित ल्याण्डफिल साईडहरू वा डम्पिङ साईडहरूको व्यवस्थापन भई कार्यान्वयनमा अएको हुनेछ।

६ फोहोरमैलाको उचित र उपयुक्त ब्यवस्थस्थापन बाट गाउँपालिका स्वास्थ, सफा र ब्यवस्थित भएको हुनेछ र सडक पेटी किनारामा फोहोरमैला फाल्ने प्रकृया र पद्धतीको अन्त्य भएको हुनेछ।

७ आ.व. २०८०/८१ भित्र जल, बायु तथा ध्वनी प्रदुषण नियन्त्रण गुरु योजना तयार भएको हुनेछ

८ आ.व. २०७९/८० भित्र खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरिरहेका सम्पूर्ण घर परिवारले सुधारिएको चुलोको प्रयोग गरेका हुनेछन

९ वि.सं २०८१/८२ भित्र गाउँपालिका क्षेत्र भित्रका सवै खोला, पोखरी तथा नालामा जल प्रदुषण सम्वन्धी समस्यामा कमि आई सफा पानीको प्रवाह हुनुको साथै जल तथा थल चर पशुपन्छीकालागि पिउन योग्य पानीको प्रवाह भएको हुनेछ

१० आ.व. २०८१/८२ भित्र गाउँपालिका क्षेत्र भित्र स्थापित भई सञ्चालनमा रहेका तथा स्थापना हुने ठूला तथा साना उद्योग, कलकारखाना तथा सवारीका साधनमा स्वच्छतर उत्पादन तथा वातावरण व्यवस्थापन प्रणाली कार्यान्वयन भई गाउँपालिका क्षेत्र भित्रको विद्यमान बायु प्रदुषणमा कमि आएको हुनेछ साथै बायु प्रदुषणका कारण गाउँपालिकाबासीको स्वास्थ्यमा परिरहेको नकारात्मक असरमा ७५ प्रतिसतले कमि आएको हुनेछ

११ वि.सं. २०८०/८१ भित्र गाउँपालिका क्षेत्र भित्र सवै खाले ध्वनी प्रदुषण सँग सम्बन्धित वस्तु तथा साधनको प्रयोगमा रोक लागेको हुनेछ साथै ध्वनी प्रदुषणका कारण मानिसको मुटुमा तथा सुन्ने शक्तिमा पर्ने असर लगायत बालबालिकाको पठन पाठनमा पुग्न गएको क्षती न्यूनिकरण भएको हुनेछ

१२ आ.व. २०८३/८४ भित्र गाउँपालिकाको समग्र वातावरणीय अवस्थामा सकारात्मक प्रभाव परेको हुनेछ ।

७.३.६ अनुमान तथा जोखिम पक्ष

यो योजनाको अन्त्यमा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा पर्यावरणीय प्रणालीसँग सन्तुलित पूर्वाधार विकास सम्बन्धी आवश्यक नीति, कानून कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा आएको हुनेछ। फोहोर मैला व्यवस्थापन डम्पिङ साइट र प्लान्टको स्थापना, वनसंरक्षण, वन विस्तार, वन उद्यान, पार्कस्थापना नदी/खोला र सडक किनारामा हरियाली, खुलाक्षेत्र तथा गा.पा.को झण्डै २५ प्रतिशत भूभाग हरियालीले ढोकेको हुनेछ । जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन कार्ययोजना एकिकृत रुपमा कार्यान्वयन भएको हुनेछ ।

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

जलवायु परिवर्तनको असर गाउँपालिकाको कृषि, खाद्यान्न, जल, जमिन र जेष्ठ, जैविक विविधता, मानव स्वास्थ्य, सिँचाइ, खानेपानी, बसोबास तथा पूर्वाधारका क्षेत्रमा परेको देखिन्छ । बाढी, डुबान, खडेरी, डँडेलो, शितलहर, महामारी आदि जलवायु परिवर्तन जन्य प्रकोप तथा विपदबाट ठूलो धनजनको क्षति र जीविकोपार्जनमा प्रतिकूल असर परि जोखिमयुक्त ठाउँका मानिसहरू बसाई सर्न बाध्य छन् ।

वर्षेनी हुने क्षतिबाट बच्न र जोखिम व्यवस्थापन समुदायस्तरमा क्षमता विकास गर्ने हेतुले अघि सारिएको राष्ट्रिय अनुकूलन योजना (NAP), स्थानीय अनुकूल कार्ययोजना (LAPA) तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण व्यवस्थापन (NDRRM) कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी जलवायु परिवर्तनजन्य विपद् जोखिम न्यूनिकरण व्यवस्थापनमा स्थानीयलाई सबल सक्षम बनाउन यस योजनाले जोड दिएको छ । प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न, पूर्व सूचना तयारी, उद्धार, राहत एवं पुनर्स्थापना सम्बन्धी नीति, कानुन, तर्जुमा गरी विपद् व्यवस्थापन गर्ने कुरामा गाउँपालिका स क्षम हुने गरी विपद् व्यवस्थापन तथा जलवायु उत्थानामूलताका कार्यक्रम प्रस्तावित गरिएका छन् ।

७.४.२ समस्या तथा चुनौती

जलवायु परिवर्तन अनुकूलन क्षमता विकास तथा उत्थानशीलता बहुपक्षीय विषय भएकाले सरोकार सबै पक्षबिच समन्वय तथा बुझाइमा एकरुपता नहुनु, तीनै तहका सरकारको मूलप्रवाहिकरणमा नपर्न, अध्ययन अनुसन्धान तथा तथ्याङ्कीय आधार नहुनु, प्राकृतिक वा गैर-प्राकृतिक विपद् जोखिम सम्बन्धी ज्ञान र चेतनाको कमि हुनु, जोखिम न्यूनिकरण र विकास निर्माण कार्य बिच आवश्यक तालमेल नहुनु, विपद् उत्थानशील विकास तथा विपद् व्यवस्थापनको मूल प्रवाहिकरण सँगै सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु, पर्याप्त लगानीको कमि हुनु, सूचकमा आधारित सूचना प्रणालीको अभाव हुनु, आपतकालीन स्रोत, साधन, प्रविधिको कमि हुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

विकास आयोजनाको प्रारम्भिक चरणदेखि नै विपद्, जोखिम जलवायु परिवर्तनको असर वातावरण मूल्याङ्कनलाई समावेश गर्नुपर्ने प्रावधान, विपद् जोखिम तथा जलवायु परिवर्तन उत्थानशीलताका क्षेत्रमा लगानी जुट्ने परिस्थिति बन्नु, विकट, संवेदनशील तथा जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने समुदायलाई जलवायु परिवर्तन उत्थानशील एवं जोखिम न्यूनिकरण क्षमता विकास गर्ने तथा सुरक्षित ठाउँमा बसोबासको व्यवस्था गर्ने, सरोकारवालासँग समन्वय र सहकार्य विपद् व्यवस्थापन कोष निर्माण गर्ने, एकिकृत जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन सूचना प्रणाली विकास र सञ्चालन गर्ने र उत्थानशक्ति समाज निर्माण गर्न यस क्षेत्रका मुख्य चुनौति हुन् ।

७.४.३ संभावना तथा अवसर

जलवायु परिवर्तन उत्थानशीलता विकास, विपद् जोखिम न्यूनिकरण ब्यवस्थापन सम्बन्धी रणनैतिक योजना, नीति र कानुनी व्यवस्था हुनु राष्ट्रिय अनुकूलन योजना (NAP, 2019) तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनैतिक कार्ययोजना (२०१८-२०३०) को खाकाले स्थानीय सरकारलाई सक्रिय बनाउनु, निजी क्षेत्र तथा समुदायस्तरमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी चेतनाको विकास हुनु राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सक्रियता रहनु, प्रज्ञिक

तथा अध्ययन अनुसन्धान क्षेत्रको संलग्नता बढ्दै जानु र आधुनिक प्रविधिमा पहुँच एवं विस्तार हुनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन् ।

जलवायु परिवर्तको असर तथा विशेष भौगोलिक अवस्थिति तथा सामुदायिक बसोबास क्षेत्र भएको यस जानकी गाउँपालिकाले जोखिम क्षेत्र पहिचान नक्साङ्कन समुदायको उत्थानशीलता विकास गरी वातावरण संरक्षण, प्राकृतिक स्रोत व्यवस्थापन र जोखिम न्यूनिकरणलाई मूल प्रवाहिकरण गर्न सक्ने सम्भावना रहेको छ ।

७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्यः गाउँपालिका भित्र सम्भावित सवै प्रकारका प्रकृतिक गैर प्राकृतिक प्रकोप तथा विपत्ती वा घट्ना बाट हुने ने मानवीय, भौतिक, आर्थिक, समाजिक, सांस्कृतिक र वातावरणीय क्षति न्यूनिकरण गर्ने ।

तालिका ८९: उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

क.सं	उद्देश्य	रणनीति	कार्यक्रम तथा आयोजना
